# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

शिक्षा मानिसको जन्मपश्चात् मृत्युपर्यन्त चलिरहने समाजिक प्रकृया हो । मानव जीवन तथा राष्ट्रिय विकासको आधारभुत पक्ष पनि हो । मानिसको व्यक्तित्वको विकास र उन्नयनको आधार हो । शिक्षाका माध्यमबाट नै मानिसले आफु बाँचेको संसार समाज बुझ्ने क्षमताको विकास गर्दछ । आँफुलाई र समाजलाई परिवर्तन गर्ने प्रेरणा र ज्ञान आर्जन गर्न सक्दछ । त्यसैले मानव समाजको उत्पत्ति र विकासका क्रममा शिक्षाको महत्वलाई बिर्सन सकिदैन । जीवनको हरेक पलमा अनियमित, नियमित वा औपचारिक आदिको माध्यमबाट शिक्षा प्राप्त भइरहेको हुन्छ । समाजशास्त्रीय विचारमा शिक्षा सामाजिक गतिको परिणाम हो ।

शिक्षा राष्ट्रको अभिन्न अंग मात्र होइन मेरुदण्ड नै हो । यो मानवजीवनको प्रकाशपुञ्ज हो । समाज तथा राष्ट्रको उत्थान एवम् विकासको मार्गदर्शन हो । यसले मानिसको सोचविचार, कार्यशैली तथा कार्यक्षमताको विकास गराउनका साथै मानिसलाई राष्ट्रको विकास तथा समग्र रुपमा मानवको विकासका लागी शिक्षा एक अपरिहार्य तत्व हो । तर नेपालमा समय सापेक्ष रुपमा शिक्षाको विकास हुन नसकेको कारणवाट नै नेपाल र नेपालीको विकास हुन सकेको छैन ।

नेपालमा लिच्छविकाल पूर्वको शैक्षिक अवस्थावारे बोल्न सक्ने स्पष्ट र प्रमाणिक आधारहरू छैनन् । लिच्छवि शासनकालदेखि भने नेपालमा शिक्षाको प्रचलन भएको देखिन्छ । तत्कालिन अवस्थामा विशेषत गुरुकुल शिक्षा प्रणाली रहेको र त्यहाँ ब्राह्मणहरूले वैदिक संहिता, वेद, वेदाङ्ग, दर्शन, नीतिशास्त्र, पुराण, ज्योतिष, आयुर्वेद, उपनिषद, व्याकरण, न्याय, श्रुतिस्मृति आदि विषयको अध्ययन गर्ने गरेको थाहा हुन आउँछ । तत्कालिन नेपालमा शिक्षाको माध्यम संस्कृत भाषाको राम्रो विकास भएको पुष्टि हुन्छ । सार्वजनिक रुपमा जनतालाई शिक्षा दिने प्रचलन नभए तापनि तत्कालीन अवस्थामा अग्रहार, गोष्ठी, भिक्षु–भिक्षुणी, संघ, आरोग्यशाला, आश्रम तथा मठ्मन्दिरहरू शिक्षा प्रदान गर्ने संस्थाहरू थिए । विहारहरूमा

बौद्ध धर्म सम्बन्धि अध्ययन गरिन्थ्यो । यी आधारहरूवाट नेपालमा लिच्छविकालदेखि नै शिक्षाको प्रचलन भएको र एउटा सानो वर्ग विशेषत : ब्राहमण जातिका मानिसहरू धेरथोर शिक्षित रहेको देखिन आउँछ । उपर्युक्त पृष्ठभूमिमा नेपालको शैक्षिक विकासको क्रम हेर्दा मल्लकालमा पनि लिच्छविकालमा जस्तै शास्त्रीय शिक्षा, वेद, पुराण, धर्मशास्त्र, ज्योतिष, आयुर्वेद, अश्वशास्त्र, तत्वशास्त्र, दर्शनशास्त्र आदि सीमित व्यक्तिहरूले अध्ययन गर्ने गरेका पाइन्छ भने व्यवसायिक शिक्षाको पनि केही विकास भएको देखिन आउँछ (चालिसे, २०४८ :४६३) । यस कालमा पनि शास्त्रीय शिक्षा विशेषत : दरवारियाहरू तथा उच्च वर्गम र ब्राह्मण जातिका केही मानिसहरूमा मात्र सिमित हुन गयो । शाहकाल (सन् १७६८-१८४६) मा पनि नेपालको शैक्षिक थालनी भने राणशासनको पतन पछिका दिनहरूमा यसमा विस्तार हुँदै आएको पाईन्छ । सन् १८१४-१८१६ मा भएको नेपाल-अंग्रेज युद्धको सरोफरोबाट अनौपचारिक रुपमा नेपालमा अंग्रेजी शिक्षाको सुरुवात भएको पाईन्छ । झण्डै १३ महिनाको बेलायत भ्रमणबाट फर्केपछि अग्रेजहरूसँग सोझो सम्बन्ध स्थापित गर्न अंग्रेजी शिक्षाको आवश्यकता महशुस गरी जंग बहादुर राणाले सर्वप्रथम आफ्नै सन्तानहरूलाई पढाउनका लागी अक्टोबर १८५३ (१९१० आश्विन २७) मा थापाथली दरबारको भुइँतलामा अंग्रेजी प्रारम्भीक स्कुलको स्थापना गरे (शर्मा, २०५७:३६) । यसको शुरुवातमा भने बाहिरीया मानिसहरू कसैले पनि त्यहाँ पढाउन सक्दैनथे । काठमाण्डौंको रानीपोखरी स्थित दरबार स्कुलको पूर्वरुप यही विद्यालय हो । वास्तवमा त्यतिबेलासम्म परम्परागत रुपमा चल्दै आएका गुरुकुल शिक्षा आश्रमहरू बाहेक अन्य सरकारी तवरवाट खोलिएका विद्यालयहरू भएका पाईंदैन । त्यही भएर होला डेनियल राइट नामक अंग्रजले सन् १८७७ मा प्रकाशित आफ्नो पुस्तकमा नेपालमा स्कुल तथा कलेजहरूको खोजी गर्नु भनेको द्वआयरल्याण्डमा सर्प खोजेजस्तै हो" भनेका छन् । उनले नेपालमा परम्परागतरुपमा चल्दै आएका गुरुकुल आश्रमहरूलाई विद्यालयको कोटीमा राखेनन् । तिनीहरूको व्यवस्थापन सरकारी तवरमा नगण्य थियो । जेहोस अंग्रेजी शिक्षाले नेपालमा स्थान ग्रहण गर्दै जान थाल्यो ।

किटानीका साथ भन्ने हो भने देवशम्सेरका साथै चन्द्रशम्सेरको शासनकालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाध्यताअनुरुप केहि विद्यालयहरू स्थापना गरियो भने सन् १९१८ मा नेपालमा पहिलोपटक कलेज पनि स्थापना भयो । राणाशासनको अन्त्यसम्म आईपुग्दा कलेज दुइ ( त्रिचन्द्र कलेज र संस्कृत महाविद्यालय रानीपोखरी पाठशाला), प्राइमरी स्कुल र मिडिल

स्कुल (नि.मा.वि.) ३१०, धार्मिक स्कुल ४०, शिक्षक तालिम केन्द्र १, तथा केहि प्रौढशिक्षा केन्द्रहरूमात्र सञ्चालनमा रहेको पाइन्छ । (बैध र अन्य १९९३ : ३२५) । यसरी वि.स. को एक्काईसौं शताब्दीको पूर्वार्ध तथा ईस्वीको २०औं शताब्दीको अन्त्यसम्म नेपालमा शिक्षाको विकास भएको पाइदैन ।

नेपालमा निरंकुश राणशासनको पतनपछि प्राथमिक तह देखि उच्च तहसम्म विद्यालयहरू खोल्ने लहर नै आयो र पञ्चायत व्यवस्थाकालमा त्यसमा उल्लेख्य प्रगति भयो । पञ्चायत व्यवस्थाले शिक्षित जनशक्तिको राम्रै उत्पादन गऱ्यो तर त्यसैले पञ्चायत व्यवस्थालाई पतन गराउन महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो कारण पञ्चायत व्यवस्था स्वयम्मा निर्दलीय र निरंकुश थियो । २०४७ सालमा पञ्चायत व्यवस्था पतन भयो र बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना भयो । यो राजनितीक परिवर्तन पश्चात् शिक्षाको क्षेत्रमा व्यापक परिवर्तन आयो । सामुदायिक तथा संस्थागत विद्यालय तथा महाविद्यालयहरू उल्लेख्य सङ्ख्यामा अस्तित्वमा आए । हाल प्राथमिक तह (१-५) मध्ये सामुदायिक विद्यालय र संस्थागत विद्यालय गरी जम्मा क्रमशः २८०९८ र ५३५५ छन् भने नि.मा.वि. अन्तरगत सामुदायिक ११०५६ र संस्थागत विद्यालय ३८४६ छन् । त्यसैगरी आधारभुत तह (१-८) अन्तरगत सामुदायीक र संस्थागत गरी क्रमशः जम्मा २८२३६ र ५३७५ विद्यालयहरू छन् ( शिक्षा विभाग २०७१) । माध्यमिक विद्यालयहरू८८२५ र उच्च मा.वि.हरू पनि ३६५९ खुलिसकेका छन् भने उच्च शिक्षा अर्थात क्याम्पस र विश्वविद्यालयहरूले पनि शिक्षित जनशक्तिको उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । सन् १९५९ मा स्थापित नेपालकै पहिलो सरकारी विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयको रुपमा बर्षेनी हजारौंको संख्यामा जनशक्ति उत्पादन भईरहेका छन् । त्रिवि ले पनि आफ्ना आँगिक र सम्बन्धन प्राप्त क्याम्पसहरू क्रमशः ६०ॐ१०५३ वाट १४८१४१ आँगिक र २५७२२० जना विद्यार्थीलाई सम्बन्धन प्राप्त क्याम्पस वाट शिक्षाँ प्रदान गर्दै आएको छ भने अर्को वि.स. २०४३ सालमा सरकारी तवरवाट स्थापित नेपाल संस्कृत विश्वविद्यालयले पनि १४ वटा आँगिक र ११ वटा सम्बन्धन प्राप्त क्याम्सहरूवाट क्रमशः ३३५३ र ५०९ विद्यार्थीलाई अध्ययन गराइरहेको छ भने निजीतर्फ सञ्चालित काठमान्डौ, पूर्वाञ्चल, पोखरा, लुम्बिनिवौद्ध, कृषि तथा बन विज्ञान, सुदुरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल जस्ता विश्वविद्यालयहरू र विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानवाट पनि विभिन्न आँगिक र सम्बन्धन क्याम्पसहरू क्रमश : ३७ र २१५

वाट जम्मा ७५५५० विद्यार्थीलाई अध्यापन गराउँदै आएका छन् (अन्तराष्ट्रिय मञ्च, २०७३) ।

## स्याङ्जाको शैक्षिक पृष्ठभूमि

राष्ट्रिय परिवेशमा शिक्षाको संस्थागत विकास नभएतापनि केहि इच्छुक नेपालीहरू भारतको बनारश गइ शिक्षा लिने पुरानो चलन पनि विद्मान थियो ।यहि परम्परामा स्याङ्जा क्षेत्रवाट विशेषत ब्राह्मण जातका मानिसहरू काशीमा अध्ययन गर्न जाने परम्परा स्याङ्जामा पनि भएको पाईन्छ र त्यसरी अध्ययन गरी आएका विद्वान पण्डितहरू अहिले पनि स्याङ्जामा प्रसस्तै पाईन्छन् (क्षेत्री,२०७२:२४) ।

सन् १८१४-१६ को नेपाल-अङ्ग्रेज युद्ध पछि ब्रिटिश भारतीय सेनामा नेपालीहरू भर्तीहुन जाने चलन भएको र सेनामा उनीहरूलाई सामानय लेखपढ गर्न सिकाइने कारण शिक्षित बनेका लाहुरेहरूपनि नेपालमा शिक्षाका स्रोतहरू बन्न पुगे । प्रथम तथा द्धितीय विश्वयुद्धमा लडाइको मैदानवाट बाँचेर आएका नेपाली सैनकहरूले अन्तर्राष्ट्रिय क्षेत्रमा भएको विकास देखेर आए । परिणमतः थोरै भएपनि नेपालीहरूले अन्तर्राष्ट्रिय जानाकारी प्राप्त गर्न सफल भए । शिक्षाको आवश्यकता छ भन्ने सन्देश उनीहरूले प्रदान गरे । यसले गर्दा स्याङ्जा क्षेत्रमा पनि त्यसको प्रभाव पऱ्यो । अर्थात लाहुरेहरूपनि केहि हदसम्म स्याङ्जालीहरूलाई शिक्षित बनाउने काम गरे । ब्राह्मण समुदाय बाहिरका मानिसहर शिक्षित बन्ने यो ठुलो अवसर बन्न गयो । अर्थात पढ्ने काम 'बाहुन; जातिका मानिसहरूको मात्र हो भन्ने अवधारणा मा पनि परिवर्तन आउन थाल्यो । २००७ सालको परिवर्तन पछि शिक्षाको जग लगाउने काममा स्याङ्जा क्षेत्रमा भूपू सैनिकहरूले महत्वपूर्ण योगदान पुराएकोले शिक्षाको क्षेत्रमा स्याङ्जा भू.पू सैनिकहरूको ऋणी भएको कुरा स्याङ्जा किचनाशका पण्डित दण्डपाणि शर्माले उल्लेख गरेका छन् (शर्मा, २०५७:६-७) । दण्डपाणि शर्मा स्वयम् एक शिक्षित अभियन्ता थिए । शैक्षिक जनचेतना जगाउने काममा उनको महत्वपूर्ण योगदान रहेको छ ( ढकाल, २०७२:१०८-९) । यही क्रममा स्याङ्जाको कोल्मा वाहाकोटमा हुर्केर बढेर त्यहाँ चण्डी,रुद्री आदि पढेर भारत गइ सन् १९३७ मा ब्रिटिश भारतीय सेनामा भर्ती भएका अमरबहादुर थापा क्षेत्री दोस्रो विश्वयुद्धको समाप्ती पछि नेपाल फर्की आफ्नो गृह जिल्लामा खासगरी २००८ सालवाट स्याङ्जाका गाउँहरूमा स्कुल खोल्नुपर्छ भन्ने सन्देश

दिँदै र सहयोग पुराउँदै आएको कुरा उनल एक लेखकसँग अन्तर्वार्ताको क्रममा व्यक्त गरेका छन् (पौडेल,२०६४:४०-४१) ।

औपचारिक शिक्षाको थालनी पूर्व पश्चिम ४ नम्बर तहको रुपमा लिन सकिने ज्योतिष पण्डितहरूका घरहरू (गुरुकुल आश्रम) जम्मा छ ठाउँहरूमा रहेको पाईन्छ । तिनीहरूमा मिर्दीखोलाको भीमटारी, कालीगण्डकीको तीर गेझा, दह्रैसिरुवारी, फापरथुम, झारखोला र पाङ् (हाल पर्वत) मा रहेको कुरा दण्डपाणि शर्माले उल्लेख गरेका छन् (शर्मा,२०५७:३) । सुपरिचित व्यक्तित्व विश्वप्रेम अधिकारी लेख्दछन्-स्याङ्जाको चिलाउनेवासको झारखोला,सिरुवारीको पञ्चमुल, वालिङ्को मिर्दी ढलेको समी, फापरथुमको बगुवा र गेजा गौमुखमा त्यही गुरुकुल आश्रम समकक्षीय माध्यमिक स्तरीय विद्यालयहरू थिए जहाँ वेद,पुराण,ज्योतिष,व्याकरणका साथै कर्मकाण्डको पढाइ हुन्थ्यो । त्यो बेलाको पश्चिम ४ नं. को शैक्षक गतिविधिको चर्चा गर्दा पर्वतको पाङलिमीठाना, काउराझञ्जाङ पनि माध्यमिक स्तरीय समकक्षीय विद्यालय भएका ठाउँहरू हुन् भन्नु पर्छ (अधिकारी,२०५८:८७) । वि.स. १९८७ सालमा स्याङ्जा आमवोट निवाशी चक्रपाणी शर्मा मार्फत 'ढावकोचौतारी;मा पठनपाठन गराउने गरी भाषा पाठशालाको स्वीकृति गराएका थिए भन्ने भनाईहरू रहेको थाहा हुन आँउछ (पौडेल, २१) । वि.स. १९८७ सालदेखि १९९७ सालसम्म पञ्चमूल, स्याङ्जा देवाचोक, भीरकोट रेसुङ्गा, वीरेठाँटी, चुवा, लिमी थापाठाना सरकारी पाठशालाहरूमा पढाइन्थ्यो (अधिकारी, २०५८:८८) ।

वि.स. २००७ सालको परिवर्तन पछि औपचारिक रुपमा विद्यालयहरू खुल्न थालेको पाईन्छ । स्याङजामा औपचारिक रुपमा विद्यालय २०१० सालमा खुलेको मातृभूमि विद्दया मन्दिर सतौं हटिया हो भनी विश्वप्रेम अधिकारी (२०५८:८८) ले आफ्नो लेखनमा र अन्तवार्ताका क्रममा समेत व्यक्त गरेका थिए तापनि स्याङ्जाको रँगेठाँटीमा २००८ साल भाद्र महिनामा प्राइमरी स्कुलको स्थापना भएको देखिन्छ । यसरी स्याङ्जा जिल्लामा शैक्षिक संस्थाहरू औपचारिक रुपमा क्रमशः खुल्दै गएका थिए । पञ्चायत व्यवस्थाकाल( २०१७-२०४६) सालमा भने स्याङ्जामा विद्यालयहरू स्थापना गर्ने क्रममा व्यापकता नै रहेको देखिन्छ । त्यस्तैगरी २०४६ सालको ऐतिहासिक जनआन्दोलन पश्चात पनि स्याङ्जामा पर्याप्त मात्रामा विद्यालयहरू सञ्चालित छन् भने उच्च शिक्षा दिने संस्थाहरू पनि स्याङ्जामा खुलिरहेका छन् ।

विद्यालय समाजमा स्थापित एक व्यवस्थित किसिमको शिक्षा प्रदानगर्ने संस्था पनि हो । यसको स्थापना व्यक्ति र समाजको हित र प्रगतिका लागी भएको हन्छ तर दुर्भाग्य आजपनि नेपाली समाजको आधा भन्दाबढी जनसंख्या यही अन्धकारका बीचमा छ । विद्यालय ज्ञान आर्जन गर्ने थलो मात्र नभई,सामाजिक,साँस्कृतिक मुल्यमान्यता,आदर्श आदिको नयाँ पुस्तामा हन्तान्तरण गर्ने एक सशक्त माध्यम हुनाले साथै तिनको संरक्षण,संबर्धन गर्ने एक महत्वपूर्ण निकाय पनि हो ।मानवीय समस्यासमाधानार्थ मानिसले निर्माण गरेको संस्कृति सुव्यवस्थित र प्रचार-प्रसारको एक शसक्त माध्यम विद्यालय हो र रहि आएको छ ।

विश्वव्यापीकरण को लहरबाट नेपाल अछुतो रहन नसकेको स्वभाविक परिणम स्वरुप वि.स. २०३६ वाट नीजिकरण पश्चात ५० को दशकयता नीजिकरण व्यवस्था अनुसार हाल नेपालमा दुइथरी विद्यालयीय शिक्षा प्रणली अवलम्वन गरिएका छन् :

क. सामुदायिक विद्यालयीय शिक्षा प्रणाली र

ख. संस्थागत विद्यालय शिक्षा प्रणाली ।

वर्तमान शिक्षाप्रणालीमा देखिएको नीजि र सामुदायिकबीच को असमान गुणस्तरले अर्को कल्पनै गर्न नसक्ने सामाजिक विषमता निम्त्याउँदै गइरहेको छ । २०२८ सालपूर्व विद्यालयहरूको पहुँच बढी भएपनि पछिल्लो दशकमा क्रमशः गाउँतिर पनि नीजि शिक्षा विस्तारको प्रवृति आरम्भ भएको देखिन्छ । नितान्त व्यावसायिक दृष्टिले खोलिएका यस्ता विद्यालयहरू सेवाभन्दा बढी नाफोन्मुख देखिएका छन् । उनीहरूले असुल्ने शुल्क चर्को हुने गरेको छ । सरकारी स्केल भन्दा कम वेतनमा नियुक्त, तालिम अप्राप्त,कोरा शिक्षकहरूबाट गुणस्तरीय शिक्षा प्रदान गरिन्छ भन्ने मान्यताका आधारमा, बहुसंख्यक अभिभावकका छोराछोरी नीजि शिक्षणसंस्थाहरूमा पठाउन तँछाडमछाडको अवस्थामा देखिन्छन् । अर्कोतर्फ यसैमा उनिहरूले सामाजिक प्रतिष्ठा आर्जन हुन्छ भन्ने मान्यता राखेको पाइन्छ । राज्यले एकातर्फ शिक्षामा अथाह रुपमा लगानी गरेको छ भने अर्कोतर्फ तिनै समुदायको पहलमा स्थापित र सञ्चालित एवम् सरकारवाट स्वीकृती र अनुदान प्राप्त गरेका सामुदायिक विद्यालयहरूमा विद्यार्थीको संख्या क्रमशः घट्दो पाइएको छ । जनताको करबाट उठेको राजस्ववाट सञ्चालनमा आएका तमाम सामुदायिक विद्यालयका अतिरिक्त अध्ययन क्षेत्रका तीन प्रा.वि., एक आधारभुत र एक माध्यमिक विद्यालय मा पनि विद्यार्थी सङ्ख्याको

ह्रसोन्मुख प्रवृत्तिआइरहेको सन्दर्भमा स्थानीय अभिभावकहरूको  धारणा के छ ?यस्तो घट्दो प्रवृतिका  पछाडि निहित कारण र असरहरू  के के छन्? यसको समाधानमा उपयोगी पक्षहरू के के हुन सक्छन् ?विद्यार्थीको आकर्षण बढाउन के कस्ता उपायहरू अपनाउन सकिएला ?आदि अहम् जिज्ञाशाको निरुपणतर्फ यो अध्ययन मुखरित छ ।

## १.२   समस्याको कथन

कुनैपनि मुलुकमा लोकतन्त्रको सही विकासका लागी विवेकशील नागरिक जरुरत पर्दछ । त्यस्ता नागरिक सार्वजनिक शिक्षाको माध्यमबाट तयार पारिनछन् । तसर्थ एउटा लोकतान्त्रिक मुलुकका महत्वपूर्ण आवश्यकताहरू मध्ये सार्वजनिक शिक्षा एउटा हो । सार्वजनिक शिक्षा पद्धति मार्फत सुरक्षित नागरिकले आफूलाई सक्षम,जिम्मेवार र अधिकार सम्पन्न महशुस गर्न सक्छन् । सार्वजनिक शिक्षाले नागरिकलाई सवल मात्रै वनाउँदैन, राष्ट्रिय र साझा हितका विषयमा समान दृष्टिकोणबाट सोच्न र व्यवहार गर्न समत प्रेरित गर्छ । तर यस्ता नागरिक तयार पार्ने सार्वजनिक शिक्षा प्रणाली आफैपनि सशक्त सुदृढ हुनुपर्छ । नीतिगत र संस्थागत समस्या तथा पर्याप्त बजेट नभएर आफै घिटीघिटी अवस्थामा रहेको सार्वजनिक शिक्षाबाट विवेकशील, सवल र आदर्श नागरिक उत्पादन हुने अपेक्षा राख्न सकिदैन । कमजोर र अधुरो शिक्षा अशिक्षा भन्दा कम हानिकारक हुँदैन ।

नेपालको सन्दर्भमा शिक्षाको अवस्था धैरै दृष्टिकोणबाट सन्तोषजनक छैन । विवेकशील नागरिक उत्पादन गर्ने आदर्श लक्ष्यबाट हाम्रो पद्धति निकै टाढा छ । अन्य कुराका अतिरिक्त सार्वजनिक शिक्षाका निम्ति छुट्याउने बजेट खर्च हो वा लगानी हो भन्ने आधारभुत सवालमै स्पष्टता पाईदैन । बहुसङ्ख्यक नेपालीको हित र आवश्यकता भित्रपर्ने सामुदायिक विद्यालयहरूमा दिनानुदिन विद्यार्थी सङ्ख्या घट्दै जानु गुणस्तर खस्किदै जानु समस्याको विषय हो । यस चिन्ताको निदान पत्ता लगाउने कार्यमा उपलब्ध सोधहरूलाई अध्ययन गर्दा अध्ययन अनुसन्धानको खाँचो महसुस गरियो ।

सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दै जाने प्रवृति राष्ट्रिय लगानी र स्वार्थका दृष्टिले हानिकारक मान्नु पर्छ । राज्यको कुल बजेट सामान्यतया अन्य क्षेत्रको तुलनामा शिक्षाक्षेत्रमा अवश्यपनि बढी विनियोजन भइरहेको तर सामुदायिक विद्यालयहरूवाट प्रदान गरिने शिक्षाको गुणस्तरमा भने ह्रस देखिदै गएको छ । अर्कोतर्फ सामुदायिक विद्यालयहरूमा

दिनानुदिन विद्यार्थीसंख्या घट्दै गइरहेको छ भने स्थानीय अभिभावकको चासो पनि कम देखिदै गइरहेको छ । यसै पृष्ठभुमिमा अध्ययन क्षेत्र का विद्यालयहरूमा पनि विगतका केहिवर्षहरू यतादेखि विद्यार्थी संख्या घट्दै गइरहेको र अभिभावक को चाासो कम देखिन आएकोले यो अध्ययनको मुख्य समस्यापनि यसै संग सम्बन्धित रहको छ । त्यसैले यो समस्याको कारण , असर, र समाधानका उपायहरू पत्ता लगाउन गरिएको यस अध्ययनले निम्न अनुसन्धानात्क प्रश्नहरूलाइ सम्वोधन गर्ने अपेक्षा गरिएको छ ।

१. सामुदायिक विद्यालयहरूमा अभिभावकको चासो कम हुनुको कारण के के हुन्?

२. सामुदायिकविद्यालयमा अभिभावकको उपस्थिति न्यून हुनुका काराण्हरू के के हुन्?

३. विद्यालयको पढाईप्रति अभिभावकको असन्तुष्टि बढ्नुका कारणहरू के के हुन सक्छन्?

४. असन्तुष्टिका बाबजुदपनि अभिभावकको रोजाई सामुदायिक विद्यँलयहरू नै हुनुमा कुन कुन पक्षमहत्वपूर्ण छन्?

५. सामुदायिक विद्यालयहरूमा पढाईको गुणस्तरह्रास हुँदै जानुमा के के कारण हुन सक्छन्?

६. सामुदायिक विद्यालयमा घट्दै गइरहेको विद्ययार्थी सङ्ख्या प्रति अभिभावकको धारणा कस्तो रहेको छ ?

७. सामुदायिक विद्यालयलयको यस्तो अवस्थामा आउनुमा जिम्मेवार पक्षहरू को को हुन्?

८. सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षण बढाई भर्नादरमा वृद्धि गर्न के कस्तो उपायहरू अवलम्बन गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

अध्ययनक्षेत्र फापरथुम गा.वि.स.का नौ वडाहरू अन्तर्गत जम्मा सात वटा सामुदायिक विद्यालयहरू रहेका तर विषयसँग प्राय मेलखाने र सान्दर्भिक भएको निक्यौल गरी वडा नं १, २, ४, ५ र ६ लाई उद्देश्यमूलक नमूना छनौट विधिबाट छनौट गरिएको छ । सामुदायिक विद्यालय रहेका यी वडा अन्य वडाहरू भन्दा समस्यासँग निकट रहेका छन् । यस अध्ययनका उद्धेश्यहरू निम्न छन् :

क.	सामुदायिक विद्यालयप्रति अभिभावकहरूको धारणा पहिचान गर्नु

ख.	सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्याको वर्तमान अवस्था पत्ता लगाई थप विद्यार्थी आकर्षण बढाउन आवश्यक उपायहरू सुझाउनु ।

## १.४ अध्ययनको महत्व

निश्चयनै सामुदायिक विद्यालय नेपालको शैक्षिक इतिहास र उन्नयनमा अद्धितीय महत्व राख्दछ । पछिल्लो अढाई दशक यता स्थापना भएका नीजि विद्यालयहको जग सामूदायिक विद्यालय नै हुन् । शिक्षामा पहँच हुने जति सबैका लागी सर्वसुलभ रहेको सामुदयिक विद्यालय शिक्षा,प्राविधिक तथा दक्ष जनशक्ति उत्पादनमा तुलनात्मक दृष्टिले कमजार जरुर मान्न सकिन्न । आजको मुलुकका संवाहकहरू, सामुदायिक विद्यालयको उत्पादन नै हुन् । नढाँटीकन भन्ने हो भने गुणस्तरको कसीमा सरकारी विद्यालय अग्रणी रहेको जगजाहेर नै छ । किनकि सत्य सत्य नै हुन्छ तितो लाग्ने मानवीय स्वभाव हो । तथापि, जनताको लागी, जनतावाट, स्थापित र जनताको करवाट उठेको राजस्वको अनुदानवाट सञ्चालित सामूदायिक विद्यालय, जो सर्वसाधारण सम्मको पहुँचमा समेत रहेका छन्, योग्य, तालिमप्राप्त र अनुभवि शिक्षककहरूद्धारा पठनपाठनको व्यवस्थाको बाबाजुद यसको जगमा खडा भएका नीजि विद्यालयहरू प्रति बढ्दोआकर्षणको कारण सरकारी विद्यालयमा सरोकारवालाहरूको चासो कम हँदै गएको छ । राज्यको बजेटको झण्डै १२!  व्ययभार ओगटेको सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै जानु निश्चय नै समस्याको विषय हो । यहि प्रवृतिमा सुधार नआएमा कतिपय सामुदायिक विद्यालयहरू विद्यार्थी विहिन हुने निश्चित छ । यस सिथितिलाई सम्बन्धित पक्षले गहन चिन्तन मनन गर्नुपर्ने देखिन्छ । अन्यथा राज्यको लगानी खेरा जाने, सर्वसाधारण सुलभ शिक्षाबाट वञ्चित हुनुपर्ने, राज्य शिक्षाको दायित्वबाट विमुख बन्ने जस्तो असहज अवस्थाको सामना गर्नुपर्ने निश्चित छ । जनश्रुति पनि छ- द्वबुढी मरी भनेर नरुनु,काल पल्क्यो भनेर रुनु" भने झैं यस समस्याको निदान अवश्य छ । समाजशास्त्र यस्तो सामाजिक समस्याको समाधान गरी सहज वातावरणको सृजना गर्न प्रभावकारी रहदै आएको छ । यो आशा गर्न सकिन्छ कि समाजशास्त्रको विद्यार्थीको हैसियतले गरिने यस अध्ययनले प्रस्तुत समस्यालाई सम्बोधन गर्ने छ । समाधान तर्फ यथोचित उपायहरूको निरुपण गर्ने छ । सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक रुपान्तरणको कडी, शिक्षाको पहुँच विस्तारमा सरोकारवालाहरू र

राज्य पक्षको वि  मान उदासिनताको अन्त्य गराउन यस अध्ययन सार्थक हुनेछ भन्ने आशा गर्न सकिन्छ ।

विशेष गरीकन नागरिकहरूको संरक्षक, पथप्रदर्शक, हितचिन्तकको पर्यायको रुपमा रहेको राज्य संयन्त्रले शिक्षाजस्तो संवेदनशील विषयको यस्तो दुरावस्थाबाट उदाशिन नबनी जिम्मेवार बन्ने प्रयासमा यस्ता अध्ययन अनुसन्धान सार्थक बन्नेछन् भन्ने आशा राख्न सकिन्छ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन नितान्त शैक्षिक, आमचासो र  महत्व राख्ने अध्ययन हो । परन्तु सीमित समय, बजेट, साधन र स्रोतको पुहँचभित्र सीमित रहेरयो असिमित अध्ययन सम्पन्न होस भन्ने मनसुवाले अध्ययनक्षेत्रलाई फापरथुम गा.वि.स. को वडा नं १, २, ४, ५ र ६ मा संकुचन गरिएको हो । साथै प्राप्त निष्कर्ष र सुझाव सीमित क्षेत्रमा गरिएको अध्ययनको परिणाम भएकोले समग्र नेपालको समस्यासँग पुरै मेल नखाएतापनि अधिकांश रुपमा मेल खाने छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

## १.६ शव्दावलीको परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा प्रस्तावित यस अध्ययनको सन्दर्भमा प्रयुक्त भएका केहि पारिभाषिक शब्दको परिभाषा निम्नानुसार प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

सामुदायिक विद्यालय : यस शोध अध्ययनमा सामुदायिक विद्यालय भन्नाले जनसहयोगबाट निर्मित, सरकारी स्वीकृत, नियन्त्रण र अनुदान प्राप्त आधारभूत तहदेखि माध्यमिक तहसम्मका सार्वजनिक विद्यालयलाई जनाउँछ ।

संस्थागत विद्यालय : निजी लगानी एवम् व्यवस्थापनबाट सरकारको अनुमति प्राप्त भई सञ्चालित विद्यालयहरूलाई सम्झनु पर्दछ ।

अभिभावक : विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लागी आवश्यक रेखदेख, संरक्षण र खर्चको बन्दोबस्त मिलाउने जिम्मेवारी बहन गरेका बाबुँआमा, दाजुँभाई वा अन्य जो कोहि व्यक्तिहरू अभिभावक अन्तर्गत समावेश गरिएको छ ।

सरोकारवाला : सरोकारवाला  भन्नाले अध्ययनक्षेत्र फापरथुम गा.वि.स.वार्ड नं. १, २, ४, ५, र ६ का सबै अभिभावक, शिक्षक, विद्यार्थी, शिक्षाकर्मी, सामाजिक अगुवा कार्यकर्ता, नागरिक समाज, भु.पु. विद्यार्थी, वुद्धिजिवी चन्दादाता, गा.वि.स. सचिव, वडा मञ्चका पदाधिकारी आदि समेतलाई जनाउँने छ । अर्थात् शिक्षाका नीति तथा कार्यक्रमवाट प्रत्यक्ष वा परोक्ष रुपमा प्रभाव पुऱ्याउन सक्ने समुहलाई नै सरोकारवाला भनिन्छ ।

## १.७ अध्ययनको संगठन

यस शोध पत्रको माध्यमबाट पुरा गरिने शोधपत्रमा विभिन्न परिच्छेद राखी शोधकार्य सम्पन्न गरिएको छ । प्रस्तुत  शोधकार्यमा जम्मा सात परिच्छेद रहेका छन् । जस अन्तरगत पहिलो परिच्छेदमा परिचय शीर्षक भित्र अध्ययनको पृष्ठभूमि उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस अध्ययनको सन्दर्भ र विषयवस्तु सँग सान्दर्भिक साहित्यको पुनरावलोकन शीर्षक राखी अध्ययनको सैद्धान्तिक खाका, सान्दर्भिक साहित्यको समीक्षा, पूर्वअध्ययनको समीक्षा र आवश्यक ढाँचा प्रस्तुत गरिएको छ । त्यसैगरी अध्ययन विधिलाई शोधपत्रको तेस्रो परिच्छेद भित्र समावेश गरी शोधकार्य अगाडि बढाइएको छ । जसअन्तरगत अध्ययनक्षेत्र र छनौटको औचित्य,अनुसन्धान ढाँचा, नमुना छनौट विधि, तथ्याङ्कको प्रकार र स्रोत, तथ्याङ्क सङ्कलन विधि र तथ्याङ्क विश्लेषण रहेका छन् । शोधपत्रको चौथो परिच्छेद अन्तरगत अध्ययनको ऐतिहासिक, भौगोलिक, जनसाङ्ख्यिक, आर्थिक र शैक्षिक पृष्ठभूमी सहित समेटिएको छ भने परिच्छेद पाँच सामुदायिक विद्यालयप्रति अभिभावकको धारणा प्रस्तुत गरिएको छ । परिच्छेद ६ अन्तरगत वर्तमान विद्यार्थीसख्या र थप आकर्षणका उपायहरू राखी विश्लेषण गरिएको छ भने परिच्छेद सात अन्तरगत सारांश, निष्कर्ष  र सुझाउहरू प्रस्तुत गरिएको छ । परिच्छेद बाहेक अन्तमा विभिन्न सन्दर्भसूची, तालिकाहरू, अन्तरवार्ता अनुसुची सहित प्रस्तावित शोध कार्य पूरा गरिएको  छ ।

# अध्याय : दुई

## साहित्य पुनरावलोकन

### २.१ सन्दर्भ साहित्य समीक्षा

अध्ययनको क्रममा भए गरेका ग्रन्थको पुनरावलोकनको कार्य, सन्दर्भग्रन्थ सूचीमा उल्लेख गरिएको छ । जहाँसम्म प्रस्तावित शोधपत्रको प्रसंग छ यस विषयमा खासै शोधकार्य भएको नपाइएको हुँदा पुनरावलोकन एवं समीक्षा गर्न सहज नभए तापनि यथासम्भव प्राप्त सामग्रीहरूको यथाशक्य पुनरावलोकन एवं समीक्षा भएको ठानिएको छ । जसको विवरणलाई निम्नानुसार समावेश गरिन्छ ।

#### २.१.१ सामाजिक सांस्कृतिक परिवर्तनको कारकको रुपमा शिक्षा

सामाजिक सांस्कृतिक परिवर्तनको प्रमुख कारक तत्व शिक्षा हो । शिक्षाले मानिसको चेतना र मनोवृतिमा परिवर्तन ल्याउँछ । साथै यसले सामाजिक सम्बन्धहरूमा पनि परिवर्तन ल्याउँछ । शिक्षाको प्रमुख उद्धेश्य नै मानिसको व्यक्तित्व,जीवन र जीवनशैलीमा परिवर्तन ल्याउनु हो । वास्तवमा शिक्षावाट मानिसको सामाजिक र सांस्कृतिक धरातल निर्माण हुने, परिमार्जित हुने, पविर्तन हुने गर्दछ ।

आदिम ऋषिकुल, देवकुल, राजकुल, पितृकुल, र गुरुकुलको युगमा शिक्षा सामाजिक परिवर्तन भन्दा सामाजिक नियन्त्रणको माध्यम थियो । तर वर्तमान युगमा शिक्षा सामाजिक र सांस्कृतिक परिवर्तनको सशक्त माध्यम बनेको छ । वर्तमान युगको शिक्षा भनेको, विज्ञान शिक्षा, प्राविधिक शिक्षा, व्यावसायिक शिक्षा तथा अनेकौं प्रकारका विशेषीकृत क्षेत्र शिक्षा भन्ने बुझिन्छ । वास्तवमा आदिम युगमा शिक्षा विज्ञान र प्रविधि विकासका माध्यमहरूको स्रष्टा हो । समाजशास्त्री फ्रान्सिस जे ब्राउनका अनुसार द्धशिक्षा त्यो प्रक्रिया हो, जसले सामाजिक व्यवहारमा परिवर्तन ल्याउँदछ ।" आधुनिक शिक्षाले मानिसको मनोवृत्ति र दृष्टिकोणमा परिवर्तन ल्याउँछ, जसले गर्दा मानिसले भोगिरहेका परम्पराहरू, प्रथाहरू, नैतिकता र आदर्शहरू तथा धार्मिक आस्थाहरूमा ठूलो प्रभाव पर्न जान्छ । शिक्षाका कारणले परम्परागत, अन्धविश्वास, रुढिवादिता, कुरीति, कुसंस्कार लगायत अभौतिक संस्कृतिमाथिको

विश्वासमा ठूलो परिवर्तन हुन जान्छ । खासगरी देवी देवता, देउराली, भूत, आत्मा, धामी, बोक्सी जस्ता कुराहरूमाथि विस्तारै मानिसहरूको विश्वास घट्दै जान्छ र गइराखेको पनि प्रतीत हुन्छ । मानिस सङ्कुचित आदर्शहरूवाट उदार व्यापक आदर्शहरूतिर अग्रसर हुन पुग्दछ । शिक्षाका कारणले नै अर्धविकसित वा विकासोन्मुख समाजहरूमा महिलाहरूको स्थितिमा परिवर्तन हुन पुग्दछ । पेटर ब्स्ले लेख्छन्- द्घशिक्षाबाटै समाज प्रतिविम्वित हुने गर्दछ र शैक्षिक परिवर्तनपछि नै सामाजिक परिवर्तन आउने गर्दछ ।" समाजमा भएको शैक्षिक अवस्था ले नै त्यो समाजको विकासको अवस्थालाई निर्धारण गर्ने गर्दछ । शिक्षाका कारणले सामाजिक गतिशीलता बढ्छ । उधोग र प्रविधिका निम्ति दक्ष जनशक्ति प्राप्त गर्न सकिन्छ । आधुनिक युगमा शिक्षा नै त्यो माध्यम हो, जसले मानिसको सामाजिक स्थिति, पद, प्रतिष्ठा र स्तरलाई निर्धारण गर्दछ । समाजशास्त्रीहरू के भन्दछन् भने विकाशोन्मुख मुलुकहरूका निमित्त शिक्षा विकसित सामाजिक स्थितिमा पुऱ्याउने मूल ढोका हो (क्षेत्री र रायमाझी, २०६१:४७४-४७५) ।

## २.१.२ शिक्षा एक अन्तर्राष्ट्रिय अभियान

मुलुकको चौतर्फी विकासका लागी शिक्षा प्रमुख माध्यम हो । सबैका लागि शिक्षा र विकासका लागि शिक्षाका अवधारणाहरूलाई आत्मसात गरी शिक्षालाई राष्ट्रको यथार्थतासँग गाँसेर उपलब्ध स्रोत र साधनको समुचित प्रयोगवाट मात्र मुलुकको विकासलाई अघि बढाउन सकिन्छ । द्घसबैका लागि शिक्षा" आजको विश्वव्यापी नारा हो । यसको अर्थ सबै नागरिकहरूले शिक्षाको अवसर प्राप्त गर्नु हो भन्ने बुझिन्छ ।

द्घसबैका लागी शिक्षा" भन्ने अवधारणा सन् १९९० मा थाइल्याण्डको जोम्टेनमा भएको घोषणापत्रमा सबैका लागि दिइने शिक्षालाई आधारशिक्षाका रुपमा उल्लेख गरेको छ । सन् १९९० को थाइल्याण्डको द्घसबैका लागि शिक्षा" सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको , घोषणापत्रमा प्रतिवद्ता जनाइएका विषयहरू निम्नानुसार छन् :

- सबै बालबालिका, युवा तथा प्रौढलाई आधार शिक्षा दिनुपर्छ ।
- सबैले सिकाइको निर्धारित तहसम्म पुग्ने मौका पाउनुपर्छ ।
- शिक्षाका समान अवसरमा रहेको असमानतालाई न्यून गर्दै सबै जातजाति तथा पिछडिएका वर्गका मानिससम्म शिक्षाको पहुँच पुऱ्याउनु पर्छ ।

- अपाङ्गका लागी विशेष शिक्षाको व्यवस्था गरिनुपर्दछ।
- शिक्षाको उद्धेश्य विद्यार्थी भर्ना गर्नु मात्र नभई विद्यार्थीले पाउने वास्तविक ज्ञानलाई नै शिक्षाको आधार मानिनुपर्दछ।
- आधार शिक्षाका लागि सम्भाव्य सबै उपायहरू उपभोग गरिनुपर्दछ।
- पौष्टिक शारीरिक र संवेगात्मक सहयोग जस्ता माध्यमवाट शिक्षामा वृद्धि गर्नुपर्दछ।
- शिक्षामा सबै क्षेत्रको सहभागिता खोजिनुपर्दछ।

  सन् १९९० मा थाइल्याण्डको जोम्टेन सम्मेलन र न्यूयोर्कमा सन् १९९० मा संयुक्त राष्ट्रसंघको तत्वावधानमा भएको बालहित सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको प्रतिबद्धता जनाएको थियो । द्वसबैका लागि शिक्षा" विश्व सम्मेलनको प्रतिबद्धता अनुसार सन् २००० सम्ममा प्राथमिक उमेरका शत्प्रतिशत बालबालिकाहरूलाई विद्यालयमा पुऱ्याउने सिफारिश गरेको थियो । सरकारले सो लक्ष्य हासिल गर्न सन् १९९२ मा आधारभूत शिक्षा परियोजना सञ्चालन गरेको थियो।

  सोही नीति अनुरुप नवौं योजनाको अन्त्यसम्ममा ९० प्रतिशत र दशौं योजनाको अन्त्यसम्ममा शतप्रतिशत बालबालिकाहरूलाई प्राथमिक शिक्षामा सहभागी गराउने लक्ष्य लिनुपर्ने सिफारिश उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले समेत गरेको छ।

सोही उद्धेश्यपरिपूर्तिका लागी दशौं योजनामा प्राथमिक तह खुद भर्नादर ९० प्रतिशत पुऱ्याउने, महिला शिक्षिकाको अनुपात ३० प्रतिशत पुऱ्याउने, प्रतिवर्ष ४ लाख ५० हजार बालबालिकालाई पौष्टिक आहार उपलब्ध गराउने जस्ता रणनीति तय गरेको छ।

### २.१.३ डकार सम्मेलनले निर्धारण गरेका द्वसबैका लागी शिक्षा" का लक्ष्यहरू

१. शिशु कक्षाको विस्तार गर्ने र खासगरी अति कठिन अवस्थामा रहेका र दलित तथा पीडित वर्गका बालबालिकाको पहुँच बढाउने।

२. सन् २०१५ सम्ममा महिला अतिकमजोर एवं कठिन अवस्थामा रहेका जनजातिका बालबालिकाहरूलाई शिक्षाको पहुच बढाई स्तरीय र अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने।

३. सबै युवाहरूको पढाईप्रति चाहानालाई समान अवसर प्रदानगरी पूरा गर्ने र उपयुक्त जीवनोपयोगी सीप प्रदान गर्ने, मूल्य मान्यताको विकास गर्ने, असल आचरणको विकास गरी कामका लागी सक्षम तुल्याउने ।

४. प्रौढ साक्षरता पचास प्रतिशत गर्ने । महिला साक्षरता बढाउन जोड दिई सन् २०१५ सम्ममा यो लक्ष्य पूरागरी निरन्तर शिक्षाको अवसर लिन सक्ने महिला तथा प्रौढ तयार गर्ने ।

५. सन् २०१५ सम्ममा प्राथमिक एवं माध्यमिक शिक्षामा लैङ्गिक विभेदको अन्त्य गर्ने र सन् २०१५ सम्ममा शिक्षाका सबै तहमा लैङ्गिग समानता ल्याउने ।

६. गुणस्तरीय शिक्षाका लागी आवश्यक सबै पक्षहरूमा सुधार गर्ने र सबैले शिक्षा पाउने अवसरको व्यवस्था मिलाइ हरहिसाब तथा अन्य जीवनोपयोगी सीपहरू प्रदान गर्ने ।

७. डकार फ्रेमवर्क अनुसार नेपालले सबैको लागी शिक्षा राष्ट्रियकार्य योजना तयार ग-यो । डकारका उद्देश्यहरूमा एउटा थप उद्देश्य समेत थप गरी कार्ययोजना कार्यन्वयनमा ल्यायो ।

८. आदिवाशी समुहको आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरिने छ (कास्की शैक्षिक दर्पण २०६२,११-१६) ।

लक्षित वर्गको शैक्षिक सशक्तिकरणमा विविध सामाजिक संघसंस्थाहरूको शसक्त भूमिका रहिआएको छ । फलस्वरुपः शिक्षाको विकासले निरन्तरता पाएको कारणले विभिन्न स्वरुप, आकार, परिणामवाट गुज्रदै, मौजुदा आधुनिक शिक्षा प्रणालीमा रुपान्तरित भएको छ । आधुनिक शिक्षा प्रणालीलाई विश्वभरिका राष्ट्रहरूमा विभिन्न तवरले व्यवस्थापन गरेको पाईन्छ । जस्तैः १. सामान्य शिक्षा २. व्यावसायिक शिक्षा ३. विशेष शिक्षा र ४. वयस्क शिक्षा आदि ।

यसरी विश्वभरि नै विभिन्न तहगत रुपमा औपचारिक शिक्षाको व्यवस्था गर्ने प्रचलन रहेको छ । नेपाल पनि यस विश्वव्यापी मान्यता र प्रचलनवाट अलग रहेको छैन । त्यसैले यहाँपनि नर्सरी पूर्व प्राथमिकदेखि उच्चतहसम्म सबै प्रकारका शिक्षा, पद्धतिलाई अवलम्वन गरी आमनागरिकहरूलाई शिक्षाप्रदान गर्ने प्रयासमा राज्यले क्रमिक रुपमा पाइला अगाडि बढाइरहेको छ । प्रायः देशहरूमा औपचारिक शिक्षा बाल्यकालदेखि नै शुरुगरी विविध तह

पार गर्दै उच्च शिक्षा प्रदान गरिन्छ । यू.एस.ए.र क्यानडा बाहेक अन्य देशहरूमा शिक्षाको पकड पूर्ण वा आंशिक रुपमा केन्द्रिय सरकारको नियन्त्रण र रेखदेखमा रहेको पाईन्छ । यूरोप, उत्तर अमेरिका तथा अन्य आर्थिक स्थिति सुदृढ भएका देशहरूमा सबै बालबालिकाहरूलाई प्राथमिक र माध्यमिक शिक्षाको प्रबन्ध गरिएको हुँदा ती देशहरूको साक्षरता प्रतिशत निकै माथि रहेको पाइन्छ । विशेष गरीकन औद्योगिक एवं धनी राष्ट्रहरूको लोककल्याणकारी राज्यको अवधारणा अनुरुप आफ्ना नागरिकहरूलाई सुशिक्षित र समृद्ध पार्नका यथेष्ट भूमिका निर्वाह गरेका छन् । त्यसैले ती देशहरूमा अन्य नागरिकहरू सामान्य लेखपढ गर्न सजिलै सक्छन् । तर अझै पनि कम विकसित देशहरूमा साक्षरता प्रतिशत न्यून रहेको छ । यस्ता देशहरूमा कक्षाकोठाको राम्रो व्यवस्था हुन नसक्दा धेरै बालबालिकाहरू प्राथमिक शिक्षावाट वञ्चित रहेका छन् ।

विश्वभरि नै शैक्षिक स्थितिलाइ अवलोकन गर्ने हो भने प्रायजसो धेरै देशहरूमा शुरुको बालशिक्षा, नर्सरी र किण्डर गार्डेनको व्यवस्था शिक्षाको शुरुवाट गर्ने प्रचलनहरू रहेका पाइन्छन् । नेपालमा जस्तै प्राथमिक शिक्षा प्रायः निशुल्क र अनिवार्य गर्ने प्रचलन छ । त्यसपछि क्रमशःनि.मा.वि., मा.वि. र उच्च शिक्षाको प्रबन्ध गरिएको छ । माध्यमिक र उच्च शिक्षा भने व्यक्तिगत प्रयास गर्न सक्नेहरूका लागी व्यवस्था गरिएको हुन्छ । प्रायः औद्योगिक देशहरू जस्तैः जापान, अष्ट्रेलिया र पश्चिमी यूरोपियन मुलुकहरूमा ९-११ वर्ष सम्मका सबै बालबालिकाहरूलाई अनिवार्य रुपमा विद्यालय उपस्थितिका लागी वातावरण तयार पारिएको हुन्छ । यो उमेर समूहकाले ३-४ वर्षजति समय माध्यमिक स्कुल पनि नियमित गर्दछन् । यी देशहरूमा ७५ प्रतिशत बालबालिका सरकारी विद्यालयमा पढ्दछन् । विशेषगरी अष्ट्रेलियामा यो व्यवस्था रहेको पाइन्छ । जहाँ राज्यले माध्यमिक शिक्षासम्म निःशुल्क गरेको पाइन्छ ।

नेपालको छिमेकी देश भारतका १२ राज्यमा मात्र ११-१४ वर्षसम्मका बालबालिकाहरूले निशुल्क शिक्षावाट लाभान्वित भएका छन् । त्यहाँ ८५ प्रतिशत बालबालिकाहरू ११ वर्षसम्म विद्यालयमा उपस्थित हुन्छन् । झण्डै ५ हजार (४८५०) को सङ्ख्यामा रहेका कलेज तथा विश्व विद्यालयहरूले भारतीयहरूलाई उच्च शिक्षाको अवसर प्रदान गरेका छन् ।

नेपालमा पनि आंशिक र सम्बन्धन प्राप्तगरी ११११३ क्याम्पसहरूको जालो विस्तार गर्न सफल त्रिविले बढीभन्दा बढी विद्यार्थीहरूलाई न्युन शुल्कमा साधारण, प्राविधिक तथा

व्यावसायिक शिक्षा प्रदान गर्ने प्रयास गरिरहेको छ। त्यसरी नै नेपाल संस्कृत विश्वविद्यालय, काठमाण्डौं विश्वविद्यालय, पूर्वाञ्चल, पोखरा, लुम्विनी वौद्ध, कृषि तथा वन विज्ञान, सुदुरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल जस्ता विश्वविद्यालयहरू तथा हजारौं उच्च मा.वि. हरूले उच्च शिक्षाको सेवा प्रदान गरिरहेका छन्। प्रजातन्त्रको जननी मानिने बेलायतमा ९३ प्रतिशत बालबालिकाहरू सरकारी विद्यालयमा पढ्छन् । बाकी सात प्रतिशत मात्र नीजि विद्याहरूमा अध्ययन गर्दछन् । प्रायः विश्वमा प्राथमिक, माध्यमिक र उच्च तहको अध्ययन पद्धति लागु भएको पाइन्छ । बेलायतमा प्राथमिक र माध्यमिक तहमा ५-१६ वर्षका विद्यार्थीहरू पूर्णकालिन रुपमा अनिवार्य शिक्षा प्राप्त गर्दछन् । जवसम्म उच्च शिक्षामा पुग्दैनन् त्यसबेलासम्म बेलायतमा व्यावसायिक शिक्षा प्रदान गरिदैन । त्यहाँ प्राथमिक, द्वितीय र थप गरी तीन तहमा शिक्षा प्रदान गरिने प्रचलन रहेको छ। उच्च शिक्षामा खुला विश्वविद्यालयको अबधारणा अनुसार पनि घरै बसेर उच्च शिक्षा अध्ययन गर्ने व्यवस्था बेलायतमा रहेको छ (जोशी, २०६२, १-३) ।

## २.१.४ नेपालमा शैक्षिक विकासको ऐतिहाँसिक पृष्ठभूमि

शिक्षा मानवजीवनको अभिन्न अङ्गको रुपमा लिपीको शुरुवातबाट नै रहिआएको तथ्य फेला पर्दछ। शिक्षालाइ नै समाज परिवर्तनको अविरल श्रृङ्खलाको सशक्त माध्यमपनि शिक्षालाई नै मानिन्छ । आधुनिक विकसित समाज हिजोको सरल शिकारी समाजको निरन्तर रुपान्तरणको परिणाम हो । यस प्रक्रियामा एकल भूमिका शिक्षाको नै रहेको पाईन्छ । यसवाट यो स्पष्ट हुन मानवजातिको उत्पत्तिबाट नै कुनै न कुनै रुप शैलीको शिक्षाको अस्तित्वलाई नकार्न सकिदैन भन्नेकुरा प्रमाणित हुन्छ । विषय वा वस्तुको रुपान्तरण सरलवाट जटिल तर्फ लक्षित हुने प्राकृतिक नियमवाट शिक्षा पनि अलग हुन नसक्ने भएकोले ,यसको स्वरुप नितान्त सरल, अनौपचारिक र सीमित रहेको पाईन्छ ।नेपालका सन्दर्भमा भन्नुपर्दा प्राचीनकालदेखि नै समाजमा प्रचलित रीतिरिवाज, चालचलन, विश्वाश जीवनको आदर्श, धर्मप्रति जनसाधारणको धारणा र सामाजिक मान्यतामा आधारित पारिवारिक शिक्षादिक्षाको परम्परा थियो । सम्पूर्ण शिक्षादिक्षा एक पिँढीवाट अर्को पिँढीमा हस्तान्तरण हुदै जान्थ्यो । स्नेह, ममता, वात्सल्य र शिष्टाचारकी प्रथम शिक्षीका आमा हुन्थिन् । उनैवाट दुईतीन वर्षसम्म केटाकेटीहरू समाजमा शिष्टाचारको पाठ पढ्थे । शिक्षाको पहिलो खुड्किलो घर हुन्थ्यो ।

त्यसपछि बाबुले छोरालाई, छोराले नातीलाई आ-आफ्नो कुल, धर्म, आचरणमा चलिआएको धार्मिक तथा सामाजिक व्यवहार, पेशा तथा व्यावसायमा परिचीत गराउथे । छोरा नातीहरूलाई कम उमेर देखि नै आफ्नो पेशामा संलग्न गराएर शिक्षादिक्षा दिँदै जान्थे । त्यो शिक्षा व्यावसायपरक हुन्थ्यो ।

आमा र सासुहरू छोरी तथा बुहारीहरूलाई घर व्यवहारका महिलाहरूले गर्नुपर्ने घर गृहस्थीको आवश्यक कुराहरू, कुलाचार, सामाजिक रीतिहरू तथा कर्तव्यका विषयमा तालिम दिँदै जाने गर्दथे । त्यो परम्परा धेरै पछिसम्म चलिआएको थियो भन्ने कुरा भानुभक्तको बधुशिक्षावाट पनि बुझिन्छ ।

वर्णाश्रम व्यवस्थाको अभ्युदयपछि धर्ममा आश्रित समाजमा मानिसहरू आ-आफ्नो धर्मविरुद्ध जान सक्दैनथे । वर्णाश्रम व्यवस्थामा व्राह्मणहरूको उच्चस्थान थियो । पढ्नु, पढाउनु र पुरोहित्याई गर्नु उनीहरूको काम हुन्थ्यो । उनीहरूवाट नै बैदिक शिक्षाको विकास भएको थियो ।

समाजलाई पूर्ण व्यवस्थित गराउन वर्णाश्रम व्यवस्था गरिएझैं मानवजीवनलाई पूर्ण गराउन आश्रमव्यवस्था, ब्रह्मचार्य, गृहस्थ, वानप्रस्थ र सन्यास आश्रमहरूको व्यवस्था गरिएको थियो । जसअन्तर्गत पच्चीसवर्षसम्मको ब्रह्चार्याश्रममा शिक्षा आर्जन गर्ने प्रथा निर्धारण भएको थियो । आधुनिक शिक्षाको संस्थागत व्यवस्थापूर्व नेपालमा पनि भारतमा जस्तै प्रचलित शिक्षा नै प्रचलनमा रह्यो ।

१. बैदिक वा संस्कृत शिक्षा ।
२. बौद्ध धर्मको प्रादुर्भाव पछि बौद्ध शिक्षा परम्परा ।

क. वैदिक शिक्षा

यस अन्तर्गत गुरुकुल, ऋषिकुल, देवकुल, पितृकुल जस्ता प्रारम्भीक शिक्षा प्रचलित थिए । गुरुकुल शिक्षाा प्रणाली धेरैपछि सम्म अर्थात अङ्ग्रेजी शिक्षा प्रणालीको जग बसिन्जेल सम्म चलनचल्तीमा रहीरह्यो ।

गुरुकुलः बैदिक शिक्षा ब्रह्चार्याश्रममा आर्जन गरिने हँदा उपनयनपछि वटुकहरूले गुरुकुलमा गुरुको स्थानमा ब्रह्चार्य पालन गरी हिंशा, असत्य, रिश त्यागी पवित्र रही सन्तोषी वनेर

यज्ञ, तपस्या र अध्ययन गर्नुपर्दथ्यो । स्नान, शौचादि, नित्यकर्मपछि गुरुको समीपमा रहेरशिक्षा आर्जन हुन्थ्यो । जनैपूर्णिमाको दिनदेखि उपनयन क्रम सुरु हुन्थ्यो । उपनयनपछि वटुकहरू गुरुको मातृदेवो भवः आचार्यदेवो भवः आदि नियम पालनका साथै विद्योपार्जनमा प्रयत्नशील रहन्थे ।

वैदिकालमा स्त्रीहरू पनि वेदाध्ययनवाट वर्जित थिएनन् । उनीहरू पनि ब्रह्मचारिणी भई वेदाध्यायनपश्चात् ब्रह्मवादिनी भएर बस्न सक्दथे । अध्ययन समाप्त पछि गृहस्थाश्रममा प्रवेश गर्ने महिलालाई सद्धोवधु र सन्यास लिनेलाई ब्रह्वादिनी भन्दथे । गार्गी, मैत्रेयी यिनै खालका विदुषी थिए ।

ख. बौद्ध शिक्षा

बौद्ध शिक्षा बुद्धको उपदेश तथा दर्शनमा आधारित थियो । यसमा वर्णभद थिएन । पारिवारिक वन्धन तोडेर भिक्षु बनेपछि महिला तथा पुरुष दुवै शिक्षा ग्रहण गर्न योग्य हुन्थे । अध्ययन केन्द्र विहार, वहाल, मठ, र भिक्षुहरूमो सङ्घ हुन्थ्यो । प्राकृत तथा पालीभाषा, बौद्ध दर्शन तथा साहित्य त्रिपिटक, जातक आदि पढाइका विषय हुन्थे । पढ्नका लागी छिमेकी देश भारत तथा चीनवाट शिक्षार्थीहरू नेपाल आउँथे । त्यस वखत नेपाल वौद्धिक सङ्गमस्थल जस्तै थियो ।

लिच्छविकालमा शिक्षाः किरातकालको शिक्षादिक्षाबारे यकिन गर्न सकिएको छैन । किराँतकाल नेपाली संस्कृतिको उत्पत्किाल हो । त्यसकालमा बनेका अशोकका चैत्यहरू पाटन र लगनखेलमा छँदैछन् ।

लिच्छविहरूको समयमा कला संस्कृति र शिक्षाको विकासमा उनीहरूको ध्यान गयो । चौथो शताब्दीमै पनि नेपालमा वेद, व्याकरण, न्याय, दर्शन, साहित्य, ज्योतिष आदि विषयमा उच्चस्तरको पढाइ हुनेगरेको संकेत मिल्दछ । लिच्छविकालमा नेपालमा बोलचालको भाषा स्थानीय भएतापनि राजभाषा भने प्रौढावस्थामा पुगेको देखिन्छ । शिक्षित जनसमुदाय संस्कृत भाषा नै प्रयोग गर्दथे । प्राचीन नेपाली शिक्षाको विकास धार्मिक सहिष्णुताका आधारमा हुने गर्दथ्यो ।

मल्लकालमा शिक्षा : मल्ल राजाहरू सबैले सर्वसाधारण जनतालाई शिक्षा प्रदान गर्नु राज्यको कर्तव्य हो भन्ने ठानेका थिएनन् तर पनि उनीहरूले शिक्षा विकासमा सहयोग भने

पुऱ्याएकै थिए । सर्वसाधारण जनता भने पढेलेखेका हुँदैनथे । कर्म गराउने ब्राह्मण र विहारका बौद्धाचार्यहरूले नपढी हुँदैनथ्यो । यसकालमा शिक्षा वृतिविकासको रुपमा लिएको देखिन्छ । चौधौं शताब्दीमा जयस्थिति मल्लले आफ्ना प्रजालाई विभिन्न व्यावसायिक समूहमा विभाजन गरी व्यावसायिक सीप, सिकाउने व्यवस्था गरेका थिए । उनले शिक्षालाई जीवनको आधार बनाइ व्यावसायिक शिक्षाको श्रीगणेश गरेका हुन् । उनले विद्वान र गुणीको आदर गर्थे । शिक्षाको केन्द्र मन्दिर र बौद्ध मठमा केन्द्रित हुनाले जयस्थिति मल्लले तिनीहरूको हेरविचार गर्न गुठीको व्यवस्था गरी शिक्षाको विकासमा जोड दिएका थिए ।

बाइसी चौविसी राज्यमा शिक्षा : बाइसी चौविसी राज्यहरू मध्ये डोटी, जुम्ला, पाल्पा, तनहुँ तथा पर्वतमा प्राप्त भएका पुराना हस्तलिखित ग्रन्थवाट ती ठाउँमा शिक्षा संस्कृत भाषाका माध्यमवाट दिइन्थ्यो भन्ने देखिन्छ । गोरखामा शाहवँशीयराजाहरू राजकूमार हरूको पठनपाठन आफ्नै गुरुपुरोहितवाट गराउँथे । राजा रामशाह विद्यापे्रमी थिए । गोरखामा संस्कृतका विदद्वानहरूवाट परम्परागत संस्कृत शिक्षा प्रवाहित हुन्थ्यो । कास्कीका राजा सिद्धीनारायण शाहद्धारा पोखराथोकमा गुठीको आयस्तावाट विद्यालय सञ्चालन भएको थियो ।

पाल्पाका सेनराजाहरूमा मुकन्दसेन प्रथम विशेष विद्वान शिक्षापे्रमी तथा राजनीतिज्ञ कहलाएका थिए । पृथ्वीनारायण शाहको एकिकरण पूर्व पनि नेपाली समाजमा विभिन्न वर्ग आफ्नो परम्परागत शैली र ढ गमा पठनपाठन गरी अघि बढेका रहेछन् भन्नेकुरा प्रष्ट हुन्छ ।

शाहकालमा राजाको समय राज्य सञ्चालन र राज्यको दरिलो व्यवस्था मिलाउन मै बित्यो । शिक्षाको विस्तार र विकासमा खासै उल्लेखनीय कार्य हुन पाएन ।

राणाकालमा शिक्षा (२००७ सालपूर्वको शैक्षिक अवस्था)

वि.स. १९०३ मा ज बहादुर प्रधानमन्त्री भएपछि बेलायतवाट भारतमा र भारतवाट नेपालमा आयात गरिएको म्याकलेको शिक्षाले दरबार हाइस्कूलको नाममा वि.सं. १९१० मा प्रवेश पायो । सम्वत् १९१५ मा शिक्षाको तालकी अड्डाको व्यवस्था गरेर शिक्षा प्रशासनलाई गति दिइयो । संवत् १९२५ मा नारायणहिटी पाठशाला र १९३०ँ३१ तिर ल्हासाका नेपालीका लागी पाठशालाको व्यवस्था भयो । उनकै कार्यकालमा दिङ्लामा

बालब्रह्मचारी षडानन्दबाट पाठशाला स्थापना गरियो । गाउँघरमा पिंढी शिक्षा नै प्रचलित थियो । रणोद्धीपको शासनकालमा उनका भाई वीर शम्सेरको आग्रह अनुसार वि.सं. १९३४ मा रानीपोखरी संस्कृत पाठशाला र रिडी विष्णुपञ्जरमा पाठशाला स्थापना गरी त्यसलाई वि.स. १९६६ मा व्यवस्थित गरिएको थियो ।

वीर शम्सेरले वि.स. १९५० मा कास्की पोखराको विन्दवासिनी र पाल्पाको लहरे पीपलमा पाठशाला खोलेर उनले आफ्ना बाबुको इच्छा पूर्ति गरे । वि.स. १९४१ म तीनधारा पाठशालाको पूर्वाधार खडा गरी वि.स. १९४५ मा पाठशाला गराए । गंगाबाइको आधारभुत प्राथमिक शिक्षावाट प्रेरणा पाई छात्राहरूको शिक्षाको व्यवस्था उनैले गरेका थिए । संवत् १९४७ मा वीर अस्पताल र १९५७ मा मेडिकल स्कुलको स्थापना उनकै कार्य हन् । संवत् १८६९मा स्थापित पुस्तकखानालाइ उनैले व्यवस्थित गरी वीर पुस्तकालयको नाम राखेका हन् । प्र.म. देवशम्सेरले प्राथमिक शिक्षाालाइ सर्वव्यापी बनाउने घोषणा गरे । दुइ महिना भित्रै काठमान्डौ उपत्यकामा ३५ पाठशाला स्थापना, काठमाण्डौमा कन्या पाठशालाको स्थापना आदि प्रमुख काम भएका थिए । उनले मानवतावादी बझाङ्गीराजा जयपृथ्वी बहादुर सिँहलाइ पाठशालाका लागी पाठ्यपस्तक अक्षराङ्क शिक्षा तयार गर्न लगाइ किताब र शिलोट वितरण गराए । साथै शासनवारे शुसुचित गराउन १९५८ वैशाख २४ गते देखि गोरखापत्रको प्रकाशन आदि प्रमूख काम गरेका थिए । प्र.म. देवशम्सेरका पालामा श्री जयपृथ्वी बहादुर सिँहले आफ्नोघर नक्सालमा वि.स. १९६३ मा सत्यवादी प्राथमिक पाठशाला सञ्चालन गरी बझाङ्वाट विभिन्न जातिका छात्राहरू झिकाइ शिक्षा दिलाएका थिए । शिक्षााको प्रचार गर्छ भन्दाभन्दै उनलाइ लखेटीयो । चन्द्रशम्सेरले देवशम्सेरका पालामा खुलेका पाठशाला बन्द गर्ने चेष्टा  गरेतापनि उपत्यका भित्र र बाहिर पनि उनका आफन्तका जिल्लाहरूमा भाषा पाठशाला खोल्न उनको बाध्यता भयो । त्यसै क्रममा धनकुटा, सिरहा, काभ्रे, लमजुङ, तनहुँ कास्की, स्याङ्जा, पर्वत, दैलेख, प्यूठान,दाङग, बैतडी, सल्यान, जाजरकोट, दार्चला आदि जिल्लाहरूमा पाठशाला खूले । कन्या पाठशाला ढोकाटोलमा १९६२ र अमर खाँ फौजदारको प्रयत्नमा बारा भवानीपूरमा वि.स. १९८४ मा अर्को अंग्रेजी स्कुल खूल्यो । प्रवासमा रहँदा कृणप्रसाद कोइरालाले भारतको चम्पारण जिल्लाको टेण्डीमा १९०६ मा प्राथमिक स्कुल खोलेपछि विराटनगरमा स्थानान्तरण गरिएको थियो । नेपालगंजमा पनि वि.स. १९८५ मा अंग्रेजी स्कुल स्थापनाको प्रयास भएको थियो ।

स्वामी दामोदरानन्दको सतप्रयासले उपत्यका बाहिरको पहिलो अंग्रेजी स्कुल सिरहामा चन्द्रमिडिल स्कुल,१९७२ र अमर खाँ फौजदारको प्रयत्नमा बाराको भवानीपुरमा वि.स. १९८४ मा अर्को अंग्रेजी स्कुल स्थापनाको प्रयास भएको थियो ।

संस्कृत शिक्षातर्फ जनकपुरको ज्ञानकुप, कपिलवस्तुको तौलेश्वरमा वि.स. १९७८ मा पाठशालाको व्यवस्था भएको थियो । किताब तर्जुमा अड्डा वि.स. १९६० मा र श्रेस्ता पाठशाला वि.स. १९६२ मा खडा गरिएको थियो । वि.स. १९६९ मा जाँचपास अड्डा वि.स. १९७० मा गोरखाभाषा प्रकाशनी समिती, वि.स. १९८५ मा पाठशाला बन्दोबस्त इन्स्पेक्टरी अफिस उच्च शिक्षाका निमित्त वि.स. १९७५ मा त्रिचन्द्र कलेज र वि.स. १९८५ मा आयूर्वेदिक पाठशाला खुलेका थिए । पशुपति चन्द्रमनिलाल वेदवेदाङ्ग विद्यालय खुलेका थिए ।

संवत् १९७० मा खडा भएको गोरखाभाषा प्रकाशिनी समितीको सवाल प्रधानमन्त्री भीमशम्सेरको पालामा वि.स. १९८९ अनुसार २२ गते रोज ३ मा संसोधन भई जारी भएको थियो । प्रधानमन्त्री जुद्धशम्सेरका पालामा वि.स. १९८९ कृषि स्कुलको स्थापना, वि.स. १९९० मा सिविल मेडिकल स्कुल, एस.एल.सी बोर्डको गठन तथा पहिलो पटक शिक्षा बोर्ड वि.स. १९९३ मा गठन भएका थिए । अर्को कार्यकालमा गोकर्णेश्वर स्कुल, वीरगंज हाइस्कल, महावीर स्कुल, जुद्दोदय पब्लिक हाइस्कुल, गौर हाइस्कुल, जुद्धकला पाठशाला स्थापना भएका थिए । ठाउँठाउँमा भाषा पाठशालाहरूमा काठमाण्डौको घण्टाघरमा र कपिलवस्तुको कृष्णनगरमा मदर्शा पनि खुले । प्रम पद्मशम्सेरले स्कुल पाठशाला खोल्नमा लगाइराखेको बन्देज खुकुलो गरी वि.स. २००४ मा संवैधानिक कानुन घोषणा गरी दिएकाले जनता पाठशाला खोल्न खुबै हौसिए । वि.स. १९०३ मा धरान पब्लिक स्कुल तथा इलाम हाइस्कुलको श्रीगणेश भएको थियो । केन्द्रमा रहेको इन्स्पेक्टर अफिसलाई बिस्तार गरी पूर्व र पश्चिममा डेपूटी इन्स्पेक्टर अफ स्कुल खुले । वि.स. २००४ मा पद्म पब्लिक स्कुल, भद्रपूर, राजविराज, पद्मकन्या विद्याश्रम, पद्मा हाइस्कुल भक्तपूर, कन्या मन्दिर खुले । वि.स. २००४ सालमै प्राविधिक सीप र तालिको व्यवस्थाका लागी रेन्जर तथा फरेष्टर तालिम केन्द्र, खादी विद्यालय, जेल तालिम केन्द्र, घरेलु इलाम, धर्माश्रम र पशुचिकित्सालय खुले ।

भारतको सिको गर्दै तालिमका लागी २००४ सालमा आधार शिक्षण केन्द्र स्थापना भयो । ठाउँठाउँमा आधार स्कुल खले । पद्म शम्सेरले संस्कृत शिक्षापट्टी उदासिनता देखाई मृतभाषा भनिदिंदा तीनधारा पाठशालाका छात्राहरू जयत संस्कृतम्को नाराले क्रान्तिमा उत्रिएका थिए । अन्तिम राणा प्र.म. मोहन शम्सेरका पालामा केहि आधार स्कुल, पश्चिम भेगको पहिलो मोहन कन्या मिडिल स्कुल पाल्पा, पूर्वप्राथमिक स्कुल मन्टेश्वरी खुलेका थिए । उनकै पालमा वि.स.२००५ मा सर्वप्रथम २५ सदस्सीय विश्वविद्यालय योजनासभा गठन गरिएको थियो । विदेशी छात्रवास सहितको पब्लीक स्कुल खोल्ने अनुमति दिइएको थियो । विदेशमा हुनगएको छात्र सम्मेलनमा भाग लिन सर्वप्रथम पठाइएको थियो । सरकार जतिसुकै शिक्षा विस्तारमा उदासीन रहेपनि समयको प्रभावले केहि शिक्षण संस्था खडा भएका थिए (शर्मा, २०६० पृष्ठ १-५) ।

### २.१.५ निजीकरणको दुष्प्रभाव

अहिलेका नाफाउन्मुख स्कुलहरू सरकारले विशेषगरी शहरी क्षेत्रमा सार्वजनिक स्कुल व्यवस्थापन गर्न नसकेका कारणले चलेका हन् । हाम्रो देशमा निजी शिक्षा विग्रँदो सार्वजनिक शिक्षाको फाइदा लिंदै उदार अर्थतन्त्रका प्रक्रियासंगै एउटा आर्थिक क्रियाकलापमा, परिणत भयो । समाजको सानो हिस्सालाई यस्ता निजी स्कुलहरूले शिक्षाको सुविधा पुराएका होलान् तर बहुसंख्यक नेपालीका छोराछोरी पढ्ने स्कुलहरू बेहाल छन् । नीजि स्कुलहरूका कारणले सार्वजनिक स्कुलहरूको विश्वसनीयता ध्वस्त भएको छ । तर माओवादीहरूले बेलाबेलामा भनेजस्ता नीजि स्कुलहरूलाई भटाभट राष्ट्रियकरण गर्दैमा नेपालको शिक्षाको स्थिति सुध्रिहाल्ने भने देखिदैन । हामी सवैले सरकारीकरण भइरहेका स्कुलहरूको हालत नदेखेका छैनौ ।

पश्चिमहरूको शिक्षा पश्चिमी समाजको आवश्यकता सँग निकै नजिक छ । तर त्यस्तै प्रणालीको नक्कलमा आधारित उनीहरूले पनि छाडि सकेको पद्दतिमा आधारित नीजि तवरवाट दिइने अधिकांश शिक्षा नेपालजस्तो देशका लागी उपयोगी हुने सम्भावना निकै कम छ ।

अभिभावकहरू आफ्ना केटाकेटी कहाँ पठाउने भन्ने कुराको निर्णय कस्तो पढाइ हुन्छ भन्ने कुराले मात्र होइन कहाँ पठाउँदा आफ्नो सामाजिक हैसियत बढ्छ भन्ने कुराले पनि निर्धारण गर्दछ । सार्वजनिक संस्था ३३ पगे । विद्यार्थी संख्या बृद्दि भएर क्रमश २१११५ र ५१४३

पुग्यो । यस तथ्याङ्कले २०१७ सालपछि नेपालको शैक्षिक जागरणले ठूलो फड्को मारेको देखाउँछ ।

२०१७ -२०४६ सालसम्म

२०१७ सालमा राजा महेन्द्रबाट संसदीय व्यवस्था विघटन गरी दलविहिन पञ्चायती व्यवस्थाको सुत्रपात गरेपश्चात पनि शैक्षिकसंस्थाहरू सञ्चालन गर्ने प्रवृति जिवितै रह्यो । जनतालाई वैज्ञानिक शिक्षा दिन र देशका लागि दक्ष जनशक्ति तयार पार्न भनेर २०२८ सालमा नयाँ शिक्षा योजना लागु गरियो । फलस्वरुप मुलुकले शैक्षिक एकिकरणको जल्दोबल्दो समस्याको निदानमा अहम् भूमिका निर्वाह मात्र गरेन अपितु व्यावसायिक शिक्षाको दिशामा नयाँ जागरण समेत ल्यायो । यस अवधिमा पनि शिक्षण संस्थाहरूको संख्या उल्लेखनीय रुपमा बृद्धि भएको पाइन्छ ।

२०४६ साल र त्यसयता

नेपाली समाज र राजनीतिमा २०४६ सालको घटना एउटा ऐतिहासिक फड्को थियो । आन्दोलनको सफलता पश्चात नेपाली समाज खुला हन पग्यो । यसको असर शैक्षिक क्षेत्रमा पर्न स्वाभाविकै थियो । परिणामस्वरुप शिक्षा क्षेत्रमा पनि परिवर्तन देखिन थाल्यो । २०४६ सालमा नेपालको साक्षरता प्रतिशत ३९.६ मात्र थियो । २०५४ सम्म आइपुग्दा यो वृद्दि भएर ५२.६ प्रतिशत हुन पुग्यो । २०४६ सालसम्म प्राथमिक, निमावि, र मा.वि. विद्यालयको संख्या बढेर क्रमशः २४९५१, ७३३१ र ४१११ पुग्यो ।

२०४६ सालपछि देशामा विभिन्न विद्यालय, विशवविद्यलाय, कलेज र अनकौं इन्स्टिच्यूटहरू स्थापना भए । निजी लागनीकर्ताहरू पनि शिक्षाको विकासमा लगानी गर्न सहभागी हुन थाले । स्वभाविक रुपम यसवाट देशको शैक्षिक विकासमा योगदान पुग्यो ।

२०४६ सालपछि शिक्षामा परिमाणात्मक विकास भएको छ । विद्यार्थी भर्नादर, साक्षरता, आदिमा वृद्धि भएको छ । यसलाई महत्वपर्ण उपलब्धि मान्नुपर्दछ ।

२.१.५.१ गुणस्तरमा ह्रास आउनु

हाम्रो शिक्षामा आएको न्यून गुणस्तरलाई सरकारले पनि स्वीकार गरेको छ । वास्तवमा २०४६ सालको आन्दोलनको सफलता पश्चात् शिक्षाक्षेत्रमा रहेका समस्याहरू समाधान गर्न गम्भीर प्रयत्न हुनेछ भन्ने ठानिएको थियो । शैक्षिक संस्था बृद्धि गर्ने, विद्यार्थी, शिक्षकसंख्या बढाउने जस्ता कामहरू उल्लेखनीय मात्रामा भएपनि गुणस्तर बृद्धितर्फ भने ह्रासको प्रवृत्ति हावी रह्यो । यद्यपि राज्यको लगानी शिक्षाका क्षेत्रमा सर्वाधिक हुने गरेको थियो । तथापि न्यून गुणस्तरका कारणले गर्दा शिक्षा जीवनोपयोगी हुन सकेन । फलस्वरुप बेरोजगारीको संख्या बृद्धि हुनमा यो एउटा प्रमूख कारण बन्न गएको छ ।

२.१.५.२ शिक्षामा नीजिकरण र व्यापारीकरण

निजीकरणको विधिवत् थालनी २०३६ सालवाट भएपनि विशेष गरी २०४६ सालपछि राज्यले अपनाएको आर्थिक उदारीकरणको शिकार शिक्षाक्षेत्र पनि बन्न पुग्यो । शैक्षिक क्षेत्रमा नीजिक्षेत्रलाई लगानी गर्न खुल्ला गरिएपछि लगानीकर्ताको एउटा ठूलो संख्या शिक्षाक्षेत्रमा लागेको छ । देशमा नयाँनयाँ विद्यालयहरू, उच्च मा.वि.हरू, कलेजहरू र विश्वविद्यालयहरू नीजि प्रयत्न र लगानीमा स्थापना भएका छन् । करोडौं अरबौं रुपियाँ लगानी भएको छ । यसमा वैदेशिक लगानी समेत भित्राइएको छ । यस्तो लगानीको प्रवृत्ति, सेवाका लागि भन्दा नाफाका लागि बढी हुने गरेको छ र शैक्षिकक्षेत्र व्यापारमा परिणत भएको छ ।

यसरी खुलेका निजी शैक्षिक संस्थाहरूलाई राज्यले उचित तवरवाट सञ्चालन, व्यवस्थापन र अनुगमन गर्न सकेको पाइदैन । यस्ता संस्थाहरूवाट समाज, राष्ट्र र विपन्न समुदायलाई सहयोग गराउनुपर्ने थियो तर सरकारको यसबारेमा ठोश नीतिनियम र योजनामा नभएकाले निजी शिक्षण संस्थाहरू, सीमित व्यक्तिहरूले नाफा आर्जन गर्ने व्यावसाय बन्न पुगेका छन् । बल्ल अब समाजले निजी शैक्षिक संस्थाहरूको नकारात्मक असर महसुस गर्न थालेको छ ।

२.१.५.३ वर्ग सृजना

निजी र सामुदायिक शैक्षिक संस्थाको गुणस्तरमा रहेको असमानताले समाजको एउटा हुनेखाने वर्ग निजी शैक्षिक संस्थाहरूप्रति आकर्षित भएको छ । राज्यले ठुलै लगानी गरेतापनि सामुदायिक स्कुलहरूले दिने न्यूनतम् गुणस्तर र तत्जन्यप्रतिफल विशेष प्रवेशिका परीक्षामा देखिएको असन्तुलनले सामुदायिक विद्यालयको दयनीय अवस्थालाई उजागर गरेको

छ । यस्तो अवस्थामा हुनेखाने वर्ग निजी विद्यालयमा आकर्षित हुन स्वाभाविक देखिन्छ । निजी विद्यालयहरूको उत्पादन तुलनात्मक रुपमा राम्रो भएकाले त्यहाँवाट उत्पादित विद्यार्थीहरू नै उत्कृष्टताका आधारमा विज्ञान तथा प्रविधि जस्ता महत्वपूर्ण शिक्षामा अवसर प्राप्त गर्दछन् । जबकि सामुदायिक विद्यालयको उत्पादन विविध पक्षमा प्रतिसपर्धा गर्न नसक्ने भएकोले पहुँचको अभावमा साधारण शिक्षामा सीमित रहन बाध्य छन् । अर्थात् शिक्षाकै कारणले गर्दा सम्पन्न झन् सम्पन्न र विपन्न झन् विपन्नताको स्थितिमा रहने अवस्था आएको छ । यसलाई शिक्षाले सृजना गरेको वर्ग भन्न सकिन्छ । सामाजिक न्याय, शान्ति, स्थिरता र समानताका दृष्टिले यस्तो अवस्था बन्न र बन्न दिन उपयुक्त होइन ।

### २.१.५.४ शिक्षाको सुलभता र भौतिक पूर्वाधारको अभाव

सबैका लागी शिक्षा, भन्ने नारा दिइएतापनि व्यावहारमा यस्तो भएको पाइदैन । विद्यालय जाने उमेरका धेरै विद्यार्थी विद्यालय जान पाएका छैनन् । शिक्षा सम्बन्धी चेतनाको अभाव र गरिवीका कारणले गर्दा नै यस्तो भएको मान्न सकिन्छ । अर्कातर्फ देशका सम्पूर्ण भागमा विद्यालय सर्वसुलभ हुन सकिरहेका छैनन् ।

स्थापित विद्यालय तथा महाविद्यालयमा पनि प्राप्त भौतिक पुर्वाधारहरू छैनन् । देशका अनेकौ विद्यालयहरूमा पर्याप्त् शिक्षकको अभाव छ । शिक्षक विद्यार्थीको अनुपात मिल्न नसक्नुलाई अस्वभाविक मान्न सकिदैन । विद्यालय, स्वच्छ, खानेपानी, चर्पी, खेलकूद, पुस्तकालय, प्रयोगशाला आदिको उचित व्यवस्था हुन सकिरहेको छैन । फलस्वरुप शिक्षामा न्यून गुणस्तर कायम हुन सहयोग पुऱ्याइरहेको छ (नेपाल, २०६२, ९९-१००) ।

### २.१.६ निजीक्षेत्र महत्वूपर्ण शिक्षा प्रदायकका रुपमा

धेरैजसो विकासोन्मूख विश्वमा निजी क्षेत्र, महत्वूपर्ण शिक्षा प्रदायकका रुपमा रहेको पाइन्छ । माध्यमिक तहमा भन्दा प्राथमिक तहमा जब निजी क्षेत्रले न्यून भूमिका निर्वाह गर्दछ, यसको महत्व बढ्दै जान्छ । अल्पसंख्यक धनाढ्य बाबुआमाको आवश्यकतानुसार निजी स्कुलले सेवा प्रदान गर्दछ भन्ने विचारलाई हटाइदिएको छ । दुई प्रतिशत सरकारी आँकडाका तुलनामा १० प्रतिशत केटाकेटी अनुदान अप्राप्त निजी विद्यालयहरूमा भर्ना हुन्छन् भन्ने तथ्य एक घरधरी सर्वेक्षणवाट पत्ता लागेको छ । भारतको उत्तरप्रदेश राज्यमा सम्पुर्ण केटाकेटीहरू मध्ये २५ प्रतिशत केटाकेटी यस्ता निजी विद्यालयमा भर्ना हुने

गर्दछन् । यस्ता खालका उपलब्धिले निजी शिक्षा स्वीकार गरिए भन्दा ज्यादै बढी सर्वव्यापी तथ्य हो भन्ने कुराको संकेत गर्दछन् ।

निजी शिक्षाप्रदायकहरू समुदायवाट सञ्चालित स्कुलदेखि लिएर व्यापारिक उद्देश्यले सञ्चालित छन् । सेवा प्रदा गर्नु निजीकरणको केबल एकमात्र पाटो हो । सार्वजनिक विद्यालयको अपर्याप्तताका कारण सिर्जित बढी दुरीमा रहेका घरधुरीहरूवाट पहिले देखि नै बढ्दो मात्रामा आर्थिक लगानी निजी क्षेत्रमा गरिएको छ । केहि निःशुल्क सार्वजनिक शिक्षाले गर्दा निजी शिक्षालाई प्रतिस्पर्धात्मक, रोजाइ बनाएको छ । लाहोरमा, निजी स्कुलको प्राथमिक तहमा केटाकेटी पढाउँदा, १९९६ मा लाग्ने खर्च झण्डै डलर ११२ थियो जुन सार्वजनिक स्कुलको दाँजोमा दोब्बर हुन आउँछ ।

सार्वजनिक विद्यालयका शिक्षकको अनुपस्थितिका कारणले गर्दा नै निजीस्कुल रोज्नु परेको तथ्य घरधुरी सर्वेक्षणवाट थाहा भएको छ । शिक्षामा राज्यको अपर्याप्त व्यवस्था, सार्वजनिक विद्यालयको न्यून कार्यसम्पादनका कारण, गरिब घरधुरीवीच, निजी शिक्षाको बजार विस्तारको सिर्जना गराएको छ ।

जबकि, राज्यको शिक्षा व्यवस्थाको, विग्रँदो अवस्थाको परिणामस्वरुप सिर्जित रिक्त स्थान पूर्ति निजी विद्यालयहरूले गरिरहेका छन् । तिनीहरूको आधारभूत शिक्षामा विश्वव्यापी द्रुत प्रणालीको सहजीकरणको क्षमताको अतिशयोक्ति मात्र भएको देखिन्छ । तिनीहरू गरिबहरूले सामना गरिरहेको समस्यालाई सम्बोधन गर्न असमर्थ छन् । ल्याटिन अमेरिकामा निजी स्कुलहरू प्राथमिक स्कुल भर्नाको १४ प्रतिशत भन्दाबढी जिम्मा अहिले लिन्छन् । जुन अरु धेरै देशहरू भन्दा उल्लेखनीय मानिन्छ । पेरुमा, निजी प्राथमिक विद्यालयहरूले धेरैबढी सिकाई उपलब्धि प्रदान गर्दछन् । धेरैजसो ल्याटिन अमेरिकी देशहरूमा सम्भ्रान्त वर्गहरूको प्रायःसामुदायिक स्कुल प्रणालीसँग कुनै अन्तरकृया हुँदैन । जसले गर्दा सार्वजनिक विद्यालयको गुणस्तर सुधार गर्न आवश्यक पर्ने कर प्रणालीको विकास र साधनस्रोतको परिचालन गर्नमा कठिनाइ उत्पन्न भएको छ । डरलाग्दो ह्रासोन्मुख चक्र सिर्जना गराएको छ । २०१५ सम्ममा विश्वव्यापी प्राथमिक शिक्षाको लक्ष्य हाँसिल गर्न, आधारभुत गुणस्तरीय सार्वजनिक शिक्षाको विकल्प छैन । कुनै देशहरूमा निजी सार्वजनिक साझेदारिताले ठूलो भूमिका खेल्न सक्छन् । तर सिमान्तको हकमा मात्र । तिनीहरूले आम असमावेशी

समस्यासमाधान गर्न सक्दैनन् र सबैका लागि शिक्षा प्रदान गर्ने राज्यको भूमिका न्यून गर्न सक्दैनन् ।

२.१.८ निजी स्कुलका सकारात्मक एवम् नकारात्मक पक्षहरू

सामुदायिक विद्यालयमा गरेको लगानी वर्तमान अवस्थामा त्यति फलदायी भएको देखिन्न । एकातिर लगानी बृद्धि भइरहेको छ भने अर्कोतिर गुणस्तर खस्कदै गएको छ । सर्वसाधारण जोसुकै पनि आफ्ना बालबच्चालाई निजी तथा आवासिय विद्यालयमै भर्ना गराउन चाहन्छन् । किनकि निजी तथा आवासिय विद्यालयले  प्रवेशिका परीक्षामा राम्रो नतिजा प्रदर्शन गरेका छन्, गुणस्तरीय शिक्षा प्रदान गर्ने चेष्टा गरेको देखिन्छ, विद्यालयमा अनुशासन तथा आचरण पालन गराउन सक्रिय देखिन्छन्, पठनपाठनका अतिरिक्त, अतिरिक्त क्रियाकलापको यथोचित व्यवस्थाले छात्रछात्राको प्रतिभा उजागर गर्ने कोशिस गरेको देखिन्छ, अनुभवी तथा दक्ष शिक्षक द्वारा पठनपाठन गराउन कोशिस भएको पाइन्छ तथा गुणस्तरीय शिक्षकका लागी प्रतिभापलायन र बाहिरीने रुपैयाँको वचावटमा मद्दत पुराएको पाइन्छ ।

निजी तथा आवाशिय विद्यालयमा केहि अध्यारा पक्षहरूपनि छन् : विद्यालय शुल्क सबैको क्षमताले नभ्याउने किसिमको छ, निजी तथा आवासिय विद्यालय धनी वर्गका लागी र सामुदायिक विद्यालय विपन्न दर्जाका लागी भएजस्तो देखिन्छ, सरकारले निर्धारण गरेका पाठ्पुस्तकका अतिरिक्त लादिने विदेशी प्रकाशकका थुप्रै किताबका पाठ्यवस्तुले हाम्रो राष्ट्रको मूल्यमान्यता, राष्ट्रियता र सार्वभौमिकतामा प्रभाव नपार्लान् भन्न सकिन्न। किनभने भेषभूषा नमिलाई विदेशीलाई टोपी लगाइदिएर त्यो स्वदेशी वन्दैन ती पाठ्यपुस्तक िविद्यार्थीको उमेर र स्तरअनुसारका भएको पाइदैन, दलित, उतपिडित तथा पिछडिएका जनजातिका विद्यार्थीहरूलाई विशेष सहुलियतमा समुचित ध्यान गएको देखिन्न, निजी क्षेत्रवाट सञ्चालित सबै स्तरका विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई नियुक्तिपत्र दिनेगरेको पाईदैन, विद्यालयमा पढाइने सबै विषय उत्तिकै महत्वका छन् । सबै शिक्षक समान छन भन्ने गरेको पाइदैन, अङ्ग्रेजी भाषा मात्र जाने पुग्छ भन्ने देखिन्छ । नेपाली भाषामा ध्यान गएको देखिदैन, सवारी साधन उपलब्ध गराइएको देखाएर थोत्रा बसमा स्थान भन्दा दुइगणा बढी नानीहरूलाई बस्न बाध्य बनाउने गरेका विद्यालयहरूपनि प्रसस्तै छन्, आवासिय विद्यालयमा गुणस्तरयूक्त खाना उपलब्ध नभएको गुनासो पनि नागरिक

समाजबाट आइरहेको पाइन्छ तथा निम्न वर्गमा बौदि्धिक शोषण असमान शिक्षाले सामाजिक असन्तुलन र अस्थिरता पैदा नहोला भन्न सकिन्न (राष्ट्रिय शिक्षा आयोग, २०४९: २२५-२२६)

२.१.९ निजी विद्यालयको उत्पत्ति, विकास र त्यसप्रतिको आमधारणा

समाजका जानेमानेका विदद्वान तथा शिक्षाविद्हरू पनि निजी विद्यालयले गुणस्तर कायम गरेको छ भन्नेबारेमा सहमत देखिन्छन् । समुदायका नेताहरू पनि निजी शिक्षालयलाई गुणस्तर कायम गरेकै मान्छन् । आमनागरिकहरू बुझेर वा नबुझेर अर्थात उच्च देखिनका लागी पनि निजी शिक्षालयतिर आकर्षित छन् । निजी शिक्षालयले गुणस्तरीय शिक्षाप्रदान गर्ने आकर्षण लाई पुष्टि गर्न निम्न तर्कहरू अघि सार्दछन्: धेरै भन्दा धेरै निजी शिक्षालयमा पढाउँछन् । लब्धाङ्कपत्रमा प्रतिशतको खात देखाउँछन् । फरर्र अङ्ग्रेजी बोलेर शान देखाउँछन् । झोला भरिको पुस्तक देखाउन पनि पछि पर्दैनन् । यसैले सम्बन्धित तहको निजी क्षेत्रको परीक्षाको नतिजालाई अकाट्यरुपमा पेश गर्दछन् । चर्को शुल्क लिएपनि स्तरीय शिक्षा निजी शिक्षालयले नै प्रदान गर्दछन् भन्ने मान्यता समाजमा विद्धमान छ ।

निजी विद्यालयमा पढाउँदा आफ्ना सन्ततिले योग्य र सक्षम भएर व्यक्तिगत उन्नति गर्न सक्छन् । प्रतिष्ठा कायम गर्न सक्छन र जहाँसकै बिक्न सक्छन् भन्ने धारणा पनि समाजमा व्याप्त छ । यसरी शुरुका दिनहरूमा सामाजिक दायित्वको हवला दिँदै प्रवुद्ध नागरिक नगरा बजाउँदै शिक्षाक्षेत्रमा प्रवेश गरेको निजीकरणले अहिले आएर एउटा रक्सी फ्याक्ट्रीको हैसियत कायम गरेको छ । उही ऐन नियम अन्तरगत दर्ता र करको दायरा भित्र रहेको निजी विद्यालय व्यापार गरेर पनि गुणस्तर दिन्छ भन्ने आमधारणा रहेको छ (मञ्जन, २०६३ : १०४-१०५) ।

२.१.१० अङ्ग्रेजी भाषा प्रतिको मोह

अभिभावकहरू आफ्ना बाबुनानीहरूले देश, काल परिस्थिति अनुकुलको शिक्षा विद्यालयवाट गरुन भन्ने चाहन्छन्। यसै चाहनाको प्रतिबिम्बको रुपमा खोटाङ् जिल्ला स्थित ज्योति प्रा.वि. लाई लिन सकिन्छ ।

शैक्षिक सत्र २०६४ सम्म नेपाली माध्यममा पढाइहुने उक्त प्रा.वि. मा जम्मा साठी जनामात्र विद्यार्थी अध्ययनरत रहेको अवस्था थियो । विद्यार्थी सङ्ख्या वृद्धि गर्न र अभिभावकहरूको

चाहनालाई पुर्तिगर्ने क्रममा उक्त प्रा.वि.ले शैक्षिकसत्र २०६५ वाट अङ्ग्रेजी माध्यममा पढाई शुरुगरेको परिणामस्वरुपः विद्यार्थी सङ्ख्या ह्वातै बढेर १०९ पुगेको र सो क्रम निरन्तर रहेकावाट अभिभावक, विद्यार्थीहरू अंग्रेजी भाषाप्रति कति आकर्षित छन् भन्ने कुरा छर्लङ्ग हुन्छ । उक्त यस स्कुलको घटनालाई अन्य सामुदायिक विद्यालयहरूले पनि अनुकरण गर्न सके मौजुदा विद्यार्थी संख्याको ह्रसोन्मूख प्रवृतिलाई नियन्त्रण गरी ज्योति प्रा.वि. को अवस्था हाँसिल गर्न तमाम सामुदायिक विद्यालयहरू सक्षम हुन सक्ने देखिन्छ (इपेज २०६५: असार, वर्ष ६) ।

सारांशमा शोधखोज वा अध्ययनका दृष्टिले एकल भएकाले वा भएको पनि पहुँचका दृष्टिले अलग रहेको सन्दर्भमा सम्बन्धित साहित्य र पूर्वअध्ययनहरूको अध्ययन सँग सम्बन्धित यो अध्याय नितान्त नवीन, साहित्य समीक्षाले समेटिएको छ । यस क्रममा भएगरेका साहित्यहरूको मन्थनवाट प्राप्त सारहरूलाई निम्नानुसार समावेश गरिएको छ :

## २.२ सैद्धान्तिक समीक्षा

सामुदायिक विद्यालयमा अभिभावकको धारणा पहिचान गर्न, विधमान विद्यार्थी संख्या पत्ता लगाउन र विद्याथी आकर्षणमा बृद्धि गर्ने उपाय सुझाउन अध्ययन पुरा गर्नको लागी निम्न सम्वन्धित सिद्धान्तहरूको आधारमा अनुसन्धान तयार गरिएको छ ।

### २.२.१ अमेरिकी राजनितिज्ञ एवम् दार्शनिक मेरी पार्कर फोलेट

मेरी पार्कर फोलेट (१८६८–१९९३) ले creative experience नामक पुस्तक प्रकाशन गरी मानव सम्वन्धको विविध पक्षलाई उल्लेख गरेकी छन् । मानवसम्बन्धलाई नीजि, सार्वजनिक संस्था होस वा राष्ट्रिय, स्थानीय, सरकारी, व्यापारी एवम् शैक्षिक संस्थाहरूमा रहेका आधारभुत समस्या भनेको गतिशीलता सौहार्दपूर्ण मानवसम्बन्ध र त्यसमा निरन्तरता हुनुपर्ने उनको धारणा रहेको छ । उनको सिद्धान्तमा सीधा सम्पर्क कायम गरी मानवसम्बन्धको विकास गर्न सकिने, समन्वय जहिले पनि कार्यन्वयनका प्रारम्भीक अवस्थावाट गर्नु राम्रो हुने, सवै तत्व र परिसिथितिमा समन्वय गर्ने र समन्वयलाई निरन्तर प्रकृयावाट सञ्चालन गर्नुपर्ने कुरा व्यक्त गरेकी छिन् (कोइराला, २०६६ : ५१–५२) ।

विद्यालयपनि एक सङ्गठन हो । विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले विद्यालय आउने बालबालिकाहरूलाई राम्रो र मित्रवत् व्यवहार गरेमा समुदाय र विद्यालयवीचको

सम्वन्ध र समन्वय राम्रो भएमा विद्यालयमा आउने विद्यार्थी सङ्ख्या वृद्धिका लागी थप सहयोग पुग्ने देखिएकाले यस सिद्धान्तलाई आधार लिईएको छ ।

### २.२.२ ईमाइल दुर्खिमको (१८५८-१९१७) सामाजिक र शैक्षिक सिद्धान्त

ईमाइल दुर्खिमलाई सामाजिक समाजशस्त्री पनि भनिन्छ । किनभने समाजमा जतिपनि घटना परिपक्वता हुने गर्छन् ती सबैका पछाडि सामाजिक कारण रहेको हुन्छ भन्ने विचार दुर्खिमको रहेको छ ।

दुर्खिमको धारणामा सामाजिक वर्गको शिक्षामा प्रमुख एवम् गहिरो स्थान हुन्छ । शिक्षा एक सामाजिक वस्तु हो । शिक्षाले प्राप्त गरेका आदर्शहरूलाई नै समाजले आफ्नो आदर्शका रुपमा ग्रहण गर्दछ । उनका विचारमा शिक्षा समाजबाट अलग रहन सक्दैन । समाजका प्रत्येक व्यक्तिमा साझा मुख्य लक्ष्य रहेका हुन्छन् । त्यस्ता गुणले समानता ल्याउँछ । सामाजिक दायित्वको बोध हुन्छ । सामाजिक दायित्व शिक्षाले ग्रहण गरी विकसित गर्दछ, शिक्षाले सामाजिकरणमा सहयोग पुऱ्याउँछ । शिक्षा पूर्णतया सामाजिक प्रक्रियाको समाज रुचि, माग, आर्दश, मुल्य, मानयता संस्कार सँगै शिक्षा अगाडि बढ्छ । व्यक्ति र समाजको आधारमा नै शिक्षाको अस्तित्व सम्भव छ ।

दुर्खिमका अनुसार समाजमा जिवित र कार्यशील रहनका लागि सामाजिक साँस्कृतिक मूल्य मान्यताहरू एक प्रणालीको रुपमा चलाउनु पर्छ । सबै समाजको वातावरण एकै नासको नहुँदा विचारमा प्रवेश गर्न प्रत्येक बालबालिका अलग अलग स्वभाव र प्रकृतिका हुन्छन् । जसको कारण विद्यालयको शिक्षा लिदा र दिंदा समाजको पूर्णतया अध्ययन गरिनुपर्छ भन्ने कुरा उनको कार्यगत सिद्धान्तमा उल्लेख गरेका छन् । यसैकारण यस सिद्धान्तलाई सैद्धान्तिक खाकाको रुपमा लिइएको हो ।

### २.२.३ अभिप्रेरणा सम्वन्धी सिद्धान्त

प्रसिद्ध अमेरिकी वैज्ञानिक अव्राहम मास्लो ले सन् १९४३ मा अभिप्रेरणा सम्बन्धी सिद्धान्त प्रतिपादन गरेका हुन् । उनले मानिसका आवश्यकताहरू शृखलाबद्ध हुन्छन् । मानिसका प्रसस्त इच्छा आकांक्षा र चाहना हुन्छन् । त्यसको पूर्ति पश्चात्पनि इच्छा, आवश्यकता र चाहना थप भईरहन्छन् । जुन प्राप्तिका लागी मानिस उत्प्रेरित हुने गर्दछ । मानिसको अप्राप्त चाहनापनि अनगिन्ति हुन्छन् । जसलाई एक निश्चित क्रमबद्धताका आधारमा

छुट्याउन सकिन्छ । निम्नस्तरको आवश्यकता परिपूर्तिपछि प्राथमिक क्रमको आधारमा उच्चस्तरका आवश्यकता परिपुर्तिका लागी मानिस उत्प्रेरित हुँदैजान्छ भन्ने धारणा उनले उल्लेख गरेका छन् (कोइराला र श्रेष्ठ ,२०६६:२२१) ।

मास्लोले शारीरिक, सुरक्षा, सामाजिक, सम्मान तथा आत्मसन्तुष्टिको आवश्यकता क्रमबद्धाताका आधारमा हुन्छ भनेका छन् । समुदायमा रहेका व्यक्तिहरूलाई आधारभुत तहको आवश्यकता पुरा भएपछि मात्र माथिल्लो तहको आवश्यकताको महशुस हुन्छ । गास, बास, कपासको नै आवश्यकता पुरा भएन भने व्यक्ति कसरी शिक्षा आर्जन गर्न सक्छ? तसर्थ आधारभुत आबश्यकता पूराभएमा शैक्षिक क्रियाकलाप र विद्यालयहरू, विद्यार्थी सङ्ख्या बढ्ने हुनाले यस सिद्धान्तलाई अध्ययनको लागी आधार मानिएको छ ।

२.२.४ भिगोस्तस्कीको सिकाइ सिद्धान्त

लेभ सेनेनोभिय भिगोत्सस्की सन् १८९६ मा राष्ट्र रसियामा जन्मेका थिए । उनीद्वारा प्रतिपादित दर्शनलाइ निर्माणवाद भनिन्छ । निर्माणबाद पूर्णरुपमा मार्क्शवादबाट प्रभावित दर्शन हो । उनका निर्माणमा विभिन्न सिद्धान्त रहेका छन् । जुन सिद्धान्तहरूमा ज्ञानको सिद्धान्त, प्रसारणको सिद्धान्त, सामाजिक सिद्धान्तहरूमा ज्ञानको सिद्धान्त रहेका छन् । यी सिद्धान्त मध्ये सामाजिक सिद्धान्तलाइ विद्यालय सामाजिक संस्था भएको कारण यस अध्ययनमा उपयुक्त भएकोले सो सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक खाकामा राखिएको छ ।

यो सिद्धान्त अनुसार शिक्षक होइन विद्यार्थी आफै सिकाइमा सकृय हुनुपर्छ, शिक्षकले एउटा सहयोगी भूमिका निर्वाह गरी अर्थपूर्ण रुपमा मद्दत गर्नुपर्छ । विद्यालय शिक्षामा सरोकारवालाहरूले सामुदायिक विद्यालयहरूमा सहभागिता र चासो बढाइ सामुदायिक विद्यालयबाट दिइने शिक्षालाइ आधुनिक र विकसित बनाउनको लागी सहयोगीको रुपमा रहने मान्यताको आधारमा भिगोत्सस्कीको सिद्धान्तलाइ यहाँ सैद्धान्तिक रुपमा लिइएको छ ।

सामाजिक सिद्धान्तः उनको सामाजिक सिद्धान्त अनुसार समाज,सांस्कृतिक सम्पदाको वाहक हो । जसको अभावमा मस्तिकको विकास असम्भव छ र समाजले सामाजिक अन्तरकृया मार्फत सिकारु सँगको ज्ञानात्मक विकास गराउँ छ । यस कार्यमा भाषाले

सञ्चार एवं वातावरण सँगको अन्तरकृया हुन्छ । त्यसपछि दोस्रो पटक बालक आफैभित्र अन्तरकृया हुनुको साथै आत्मज्ञानको विकास भई सिक्न सक्छ भन्ने कुरामा जोड दिएका छन् ।

उनको यस सिद्धान्तको मुख्य विशेषतामा मार्क्सवादी मनोविज्ञानको निर्माण, सामाजिक परिवेश र सामाजिक अन्तरकृयामा आधारित विषयगत प्रकृयामा अर्थपूर्ण र सहयोगात्मक सिकाइमा आधारित रहेका छन् । उनको सिद्धान्तको शैक्षिकप्रयोग ल्याउनको लागी सामुदायिक विद्यालयमा विद्यार्थीलाइ विशिष्ट व्यक्तिको रुपमा ठानी स्वतन्त्ररुपबाट आफै क्रियाशील बनाउन प्रेरित गर्ने सिकाइमा सिकारुको शारीरिक परिपक्वता, वंशानुगत एवम् सामाजिक सांस्कृतिक वातावरण र पृष्ठभूमि समेतका आधारमा सिकाउने, गरेर सिक्ने विधिको प्रयोग गर्ने, शिक्षक सहयोगी को रुपमा रहने,सिकाइबाट आत्मविश्वाश बढाउन ज्ञान र सीपको लागी प्रेरित गर्न र सिकाइका विषयवस्तु, अर्थपूर्ण, क्रमबद्ध एवम् प्रत्यक्षीकरण हुन सक्ने गरी सम्पूर्ण सिकाइका आधार मिलाउने आदि जस्ता शैक्षिक प्रकृया प्रयोग भई सामुदायिक विद्यालय शिक्षाप्रति सरोकारवालाहरूको चासो बढ्न र सामाजिक परिवेश र सामाजिक अन्तरकृयाको आधारमा विद्यालय शिक्षामा प्रयोग गरिने हुँदा यस सिद्धान्तलाइ सैद्धान्तिक खाकाको रुपमा लिइएको छ ।

## २.३ सम्बन्धित पूर्वसाहित्यको समीक्षा

अध्ययनको क्रममा भएगरेका ग्रन्थको पुनरावलोकनको कार्यको सिलसिलामा यस विषयसँग सम्बन्धित शोधकार्य नपाइएको हुँदा पुनरावलोकन एवम् समीक्षा गर्न सहज नभएतापनि यथासम्भव सामग्रीहरूको पुनरावलोकन गर्ने प्रयास गरिएको छ । जसको विवरण निम्नानुसार समावेश गरिएको छ ।

सन् १९९० को थाइल्याण्डको द्वसबैका लागी शिक्षा” सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन सबै बालबालीका, युवा तथा प्रौढलाई आधारशिक्षा दिइनु पर्दछ, यो दायित्व सरकारको हो, सबैले सिकाईको निर्धारित तहसम्म पुग्ने मौका पाउनु पर्दछ, यो दायीत्व अभिभावकको हो, शिक्षा जाति तथा पिछडिएका वर्गका मानिससम्म पहुँच पुऱ्यानुपर्दछ, यो दायित्व जिशिका को हो, प्राथमिक विद्यालय जाने सबै उमेरका बालबालीकालाई अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था विद्यालयमा मिलाउनु पर्दछ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले नेपालले सन् १९९० मा थाइल्याण्डमा सम्पन्न भएको द्वसबैका लागी शिक्षा" विश्वसम्मेलनको प्रतिवद्धता अनुसार सन् २००० सम्ममा प्राथमिक उमेरका शतप्रंतिशत बालबालिकाहरूलाई विद्यालयमा पुऱ्याउनै पर्नै शिफारिश गरेको थियो । साथै शिशुकक्षाको विस्तार गर्न र खासगरी कठिन अवस्थामा रहेका र दलित तथा पिछडिएका बालबालिकाको पहँच बढाउने, सन् २०१५ सम्ममा महिला तथा अति कठिन अवस्थामा रहेका जनजातीका बालबालिकाहरूलाई शिक्षाको पहँच बढाई स्तरीय र अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउने, यूवाहरूको पढाईप्रति समान अवसर प्रदान गरी जीवनोपयोगी शिक्षामा सीप प्रदान गर्ने, मुल्यमान्यताको विकास गर्ने, प्रौढ साक्षरता ५०! ले बढाउने, महिला साक्षरता बढाउने लक्ष्य लिइ सन् २०१५ सम्ममा यो लक्ष्य पुरागरी निरन्तर शिक्षाको अवसर लिन सक्ने महिला तथा प्रौढहरू तयार गर्ने, सन् २०१५ सम्ममा प्राथमिक एवम् माध्यमिक शिक्षामा लैङ्गिीक समानता ल्याउने, गुणस्तरीय शिक्षाको लागी अवसर प्रदान गर्ने, डकार फ्रेमबर्क अनुसार नेपालले सवैको लागी शिक्षा राष्ट्रिय कार्ययोजना तयार गऱ्यो । जसको कारण विद्यालय शिक्षालाई बढी बल पुगेको देखिन्छ ।

रायमाझी (२०६१), अनुसार बालबालिकाको पढाइमा अभिभावकको उपस्थिति र अनुपस्थिति शीर्षकमा प्रकाशित लेखमा बालबालिकाको शिक्षालाई सफल बनाउने पहिलो सरोकारवाला अभिभावक हुन् । जसले विद्यालयलाई वगैंचा, बालबालिकालाई फूलको रुपमा र शिक्षकलाई प्राप्तिको रुपमा हेर्नुपर्छ ।

जोशी (२०६२), का अनुसार औधोगिक देशहरू जस्तैः जापान, अष्ट्रेलिया र पश्चिमी यूरोपियन मुलुकहरूमा (९-११) बर्षसम्मका सवै बालबालिका अनिवार्य रुपमा विद्यालयमा उपस्थितिका लागी वातावरण तयार पारिएको हुन्छ । विकसित देशहरूमा ६५! बालबालिका विद्यालय तहको शिक्षा सरकारी विद्यालयमा पढ्दछन् । प्रजातन्त्रको जननी मानिने बेलायतमा ९३! बालबालिका विद्यालय तहको शिक्षा सरकारी विद्यालयबाट प्राप्त गर्दछन् । बढी ६! बालबालिका नीजि विद्यालयमा पढ्दछन् । प्रायः विश्वमा प्राथमिक र माध्यमिक तहमा ५-१६ बर्षसम्मका विद्यार्थीहरू पूर्णकालिन रुपमा अनिवार्य शिक्षा प्राप्त गर्दछन् । जबसम्म उच्च शिक्षामा पुग्दैनन् त्यस बेलासम्म व्यावसायिम शिक्षा प्रदान गरिदैन । त्यहाँ प्राथमिक, द्धितीय र थप ३ माध्यममा शिक्षा प्रदान गरिने चलन रहेको छ । उच्च शिक्षामा खुल्ला विश्वविद्यालय र विश्वविद्यालय गरी २ किसिमको व्यवस्था रहेको छ ।

यस अध्ययनवाट सामुदायिक विद्यालय शिक्षाप्रति सरोकारवालाहरूलाई प्राय विकसित देशका सम्पूर्ण बालबालिका अनिवार्य रुपमा सामूदायिक विद्यालयमा भर्ना हुने, विद्यालय तहको शिक्षा प्राप्त गरिसकेपछि व्यावहारिक शिक्षा प्राप्तिको लागी तयार रहने कुरा जानाकारी गराउँछ ।

थापा (२०६८), द्वारा ग्रामीण क्षेत्रका सामूदायीक प्राथमिक विद्यालयहरूमा विद्यार्थी सहभागीताको वर्तमान अवस्था अध्ययन गर्नु, ग्रामीण क्षेत्रका सामूदायीक प्राथमिक विद्यालयहरूमा विद्यार्थी सहभागितामा प्रभावपार्ने तत्वहरूको पहिचाहन गर्नु, उक्त विद्यालयहरूमा विद्यार्थी सहभागिता वृद्धिगर्ने उपायहरू सुल्फाउने उपायहरू राखी गरिएको अध्ययनमा ग्रामीण क्षेत्रका सामूदायिक प्राथमिक विद्यालयहरूमा रोजगारी, शिक्षा, स्वास्थ्य लगायत अन्य सुविधाहरूको खोजीमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रतर्फ बसाइसराइको अवस्थाले गर्दा ग्रामीण क्षेत्रका प्राथमिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या र भर्नादर घट्दो रहेको औल्याएको छ । अभिभावकको आर्थिक अवस्थामा सधार हुनथालेपछि गुणस्थरीय शिक्षा र अङ्ग्रेजी माध्यमको पढाई, सरसफाई, आकर्षक पोशाक, उपयुक्त वातावरण, यातायातको व्यवस्था, नियमित गृहकार्य परीक्षण, इकाइ परीक्षा, मासिक परीक्षा, निर्माणात्मक मूल्याङ्कन, प्रगति रिपोर्ट आदि कारणले गर्दा संस्थागत विद्यालयहरूको भर्नादर बढी भएको अध्ययनको निष्कर्ष रहेको छ ।

सेरिड (२००८) का अनुसार स्थानीय स्तरलाई उपयुक्त कानुनी व्यवस्था सहित सशक्तिकरण गरिनु आवश्यक छ । विद्यालयका सरोकारवालाको भूमिका र काम बारे उनीहरूलाई पर्याप्त जानकारी दिनुपर्छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाइ आर्थिक स्रोत जुटाउन, विद्यालका गतिविधि सम्पन्न गर्न र अभिभावकमा जागरण पैदा गर्ने जिम्मेवारी प्रदान गरिनु पर्छ । बदलिदो परिवेश अनुसार स्थानीय निकायलाइ विद्यालयको व्यवस्थापनको सुधारमा अर्थपूर्ण रुपमा सहभागी गराइनु पर्छ ।

वि.सं. २०६८ सालमा शिक्षक मासिकमा सामुदायिक विद्यालयको व्यवस्थापनमा समुदायको सक्रियतामा कमी भन्ने शीर्षकमा कोइरालाले अध्ययन गरेको देखिन्छ । उक्त अध्ययनमा राज्यले शिक्षाको सुधारको लागी १० खर्व भन्दाबढी रकम खर्च गरेपनि शिक्षाको जग बलियो नहुनु, शिक्षकको स्थायीन्वका अभावमा विद्यालय शिक्षामा समस्या रहेको भन्ने निष्कर्ष दिएको पाइन्छ । प्रस्तुत समस्यालाइ समाधान गर्न कोइरालाले उठान गरेको समस्या

समाधानका लागी समुदायलाइ बढी भन्दा बढी जिम्मेवार बनाई अभिभावकलाई व्यवस्थापन प्रति उत्तरदायित्व बढाउन आजको आवश्यकता रहेको स्पष्ट हन्छ।

कँडेल (२०६८) द्वारा विद्यालय व्यवस्थापन समितिमा शिक्षक अभिभावक संघको भूमिका, शि.अ.संघको थप सुदृढ गर्ने उपायको खोजी गर्ने उद्धेश्य राखी गरिएको अध्ययनमा विद्यालय सेवाक्षेत्र भित्रका अधिकांश बालबालिका निजीमा पढ्ने हुँदा त्यस क्षेत्रका अभिभावकहरू समितिमा बस्न नचाहने, समिति गठन प्रकृया एवम् विद्यालमा अभिभावकको न्यून उपस्थिति हुने गरेको, राजनैतिक हस्तक्षेप, नियमावलीमा स्पष्ट समितिको काम, कर्तव्य किटान नहुनु, सवै काम विद्यालय व्यवस्थापन समितिको हो भन्ने मनस्थितिका कारण विद्यालयमा शिक्षक अभिभावक संघको भूमिका कमजोर रहेको निष्कर्ष निकालेको छ।

# अध्याय तीन
# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तावित शोध अध्ययन सामुदायिक विद्यालयप्रति अभिभावकको धारणा, वर्तमान विद्यार्थी सङ्ख्या पत्ता लगाउनुका साथै सामुदायिक विद्यालयप्रति विद्यार्थी आकर्षण बढाउन सकिने उपाय सुझाउने उद्धेश्यकासाथ प्रस्तुत भएको छ । यस किसिमको अध्ययन सम्पादन गर्न वर्णनात्मक र अन्वेषणात्मक दुई किसिमको ढाँचा प्रस्तुत गरिएको छ। अनुसन्धानको क्रममा विद्यालय सँग सम्बन्धित विषयवस्तुको वर्णन गरिएको छ । विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक र त्यहाँको सामाजिक, आर्थिक, साँस्कृतिक वस्तुस्थितिको पनि वर्णन गरिएको छ। त्यसैले यो वर्णनात्मक ढाँचामा प्रस्तुत गरिएको छ। साथै विद्यालय प्रति अभिभावकको धारणा वर्तमान अवस्थमा कस्तो रहेको छ भन्ने जस्ता विषयवस्तुको समेत अन्वेषण गरिएकोले यो अन्वेषणात्मक ढाँचामा पनि रहेको छ।

## ३.२ नमूना छनौट विधि

विषयको गाम्भीर्यता, महत्व र सन्दर्भ समेतलाई मनन गर्दा यो अध्ययन, व्यापक क्षेत्रसँग सम्बन्धित देखिन्छ । अध्ययन क्षेत्र भित्र रहेका ९ वटा वडाहरू अन्तरर्गत सातवटा सामुदायिक विद्यालयहरू रहेका छन् र उक्त विद्यालयहरू मध्येवाट वडा न. १, २, ४, ५ र ६ का ४ वटा आधारभूत र एक वटा माध्यमिक विद्यालयहरू उद्देश्यमूलक नमूना छनौट विधिबाट छनौटमा परेका छन् । उक्त ५ वटा विद्यालयमा अध्ययनरत १९६ विद्यार्थीका सम्पूर्ण १५६ अभिभावकहरूलाई जनगणना विधिवाट छनौट गरी तथ्यांकहरूको विश्लेषण गरिएको छ।

## ३.३ अध्ययन क्षेत्र र छनौटको औचित्य

अध्ययन क्षेत्र फापरथुम गा.वि.स.नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत गण्डकि अञ्चल स्याङ्जा जिल्लामा पर्दछ । यसको पूर्वमा पुतलीवजार नगरपालिका, पश्चिममा

चिलाउनेवास, पञ्चमुल गा.वि.स., उत्तरमा सेतिदोभान गा.वि.स. र दक्षिणमा दरौं गा.वि.स. र पुतलीवजार नगरपालीका पर्दछ । यो गा.वि.स. को स्थापना वि.स. २०४७ सालमा भएको हो । यस गा.वि.स. अन्तरगत सवैभन्दा पहिला स्थापित विद्यालय वडा नं. ४ अन्तरगतको श्री भगवती मा.विद्यालय हो । समय, सन्दर्भ र परिस्थिति एवम् युगको माग र सामाजिक परिवर्तन भए अनुरुप विस्तारै सामाजिक समस्या समाधान हेतु अन्य विद्यालयहरू पनि स्थापित हुँदै गए । सामाजिक अनुसार मूल्य, मान्यता, संस्कृतिको विकास र हस्तान्तरणको निमित्त प्रमुख साधनको रुपमा रहेको शिक्षाले प्रमुख भुमिका निर्वाह खेल्दै आयो । अध्ययन क्षेत्र फापरथुम गा.वि.स. अन्तरगतका वडा न. १, २, ४, ५ र ६ मा पनि ३ वटा प्रा.वि., एक आधारभुत र एक मा.वि. रहेका छन् । विगतको इतिहासमा उक्त विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू ज्यादै न्युन रहेमा र विद्यालयका भौतिक संरचना पनि अत्यन्तै कमजोर थियो । सरकारको शिक्षा नीति,ऐन, नियमावली र सामाजिक माग आदिमा परिवर्तन हुँदै आउँदा विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरू बढ्दै गए । शैक्षिक उत्पादन बढ्दै गयो । समाजमा शिक्षाप्रति अभिभावकको चासो बढ्दै गयो । परिणामस्वरुपः विद्यालय प्रति आम सरोकारवालाहरूको धारणामा परिवर्तन आयो । यी विद्यालयहरूले उत्पादन गरेका जनशक्तिले हाल देशकै प्रशासनिक संयन्त्रलाई समेत हाक्न सक्ने बनायो । तर हाल आएर अध्ययनक्षेत्र फापरथुम गा.वि.स. अन्तरगत नमूना छनौट भित्रपरेका उक्त विद्यालयहरूमा विद्यार्थीसंख्या दिनानुदिन घट्दै जानु, अभिभावकहरूको विद्यालयप्रतिको चासो र धारणामा कमी आउनु, साथै उक्त विद्यालयहरूको शैक्षिक गुणस्तरमा पनि क्रमशः ह्रास हुँदै जानु एक समस्याको विषय हुनसक्छ । विगतको शैक्षिक इतिहासमा त्यति धेरै चासो र दुरगामी प्रभावपार्न सक्ने खालको सोच,चिन्तन र शैक्षिक गुणस्तर वृद्धिमा ध्यान दिने सरोकारवालाहरूले हाल आएर किन त्यो विगतको ध्यान यी सामुदायिक विद्यायलप्रति देखाउन सकेनन् ? विद्यार्थीसंख्या किन घट्दै छ? गुणस्तरमा किन खडेरी आयो ? भन्ने विषय पक्कै पनि अनुसन्धानको एक महत्वपूर्ण विषय हुनसक्ने भएकोले यो शीर्षक छनौट गरिएको हो ।

यसै पृष्ठभूमीमा अध्ययनको शीर्षकसँग सम्वन्धित यो क्षेत्र सान्दर्भिक र महत्वपूर्ण मानिएको छ । अतः यो छनौट गरिएको क्षेत्रवाट गरिएको अध्ययनको निश्कर्षले भावी अध्ययन अनुसन्धानलाई समेत टेवा पुग्ने देखिन्छ भने शीर्षकसँग सान्दर्भिक सुझावहरूले सामुदायिक

विद्यालयहरू प्रति सरकारले अपनाउने भावी नीति, ऐन एवम् नियामावली तथा कार्यक्रमहरूमा पनि सकारात्मक सोच र चिन्तनमा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

## ३.४ तथ्याङ्कको प्रकार र स्रोत

तथ्य वा सूचना सङ्कलन स्वयम्मा एक कठिन कार्य हो । जुनसुकै कठिन कार्यपनि यत्नसाध्य हुन्छन् । प्रस्तुत अध्ययनको पूर्णताको लागी आवश्यक तथ्याङ्क सङ्कलनको लागी उपयुक्त औजारको रुपमा प्रश्नावली, अवलोकन, अन्तरवार्ता आदि तकनिकीको प्रयोग गरी प्राथमिक तथ्याङ्कको सङ्कलनलाई प्राथमिकता दिइको छ । विश्वसनीयताको दृष्टिकोणले यस्ता तथ्याङ्कहरू विश्वसनीय र प्रमाणिक हुन्छन् तापनि, साधन, स्रोत, समय र अध्ययन क्षेत्रको व्यापकतालाइ दृष्टिगत गर्नुपर्दा प्राथमिक तथ्याङ्कमा पूर्ण आश्रित बन्न चाहेर पनि व्यवहारिकताले असम्भव प्रायः हुन्छ । अतः यस अर्थमा गा.वि.स., जि.शि.का., वडा समिती वा अग्रजहरूका कृति, लेख, विद्यालयको अभिलेख समेतवाट तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतलाई पनि प्रयोगमा ल्याइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

सामुदायिक विद्यालयमा वर्तमान समयमा अभिभावकको धारणा पहिचान गरी विद्यार्थी सङ्ख्या पत्ता लगाउँदै उक्त संख्या लाइ बढाउनअपनाउन सक्ने सम्भाव्य उपायको पहिचान गर्ने सन्दर्भमा यस अध्ययनलाई अगाडि बढाउन निम्न प्राथमिक तथा द्वितीय स्रोतलाई परिचालन गरी अध्ययन कार्य सम्पन्न गरिएको छ ।

### ३.५.१ प्रश्नावलीसूची

प्राथमिक तथ्याङ्क सङ्कलनका लागी मूख्य औजारका रुपमा यस विधिलाइ आत्मसात गरिएको छ । अध्ययन क्षेत्रको अभिभावकहरूको धारणा पहिचान गर्न, विद्यालयमा देखिएको विद्यार्थी संख्याको ह्रास र उक्त ह्रासोन्मुख प्रवृत्तिलाइ निरुत्साहित गर्ने उपायहरूको पहिचान गर्न खुल्ला तथा बन्द प्रश्नावली सूची बनाइ प्रयोग गरिएको छ । प्रश्नहरूको सूची बनाउँदा सावधानीपूर्वक विचार पुऱ्याइएको छ । ताकि अध्ययनको उद्धेश्यलाई समेट्न सकोस । सूचीमा समावेश प्रश्नहरूको निर्माण यस्नो तरीकाले गरिएको छ कि त्यसमा गुणात्मक तथा

सङ्ख्यात्मक दुवैखालका तथ्याङ्क प्राप्त गर्न सकियोस । सुचीमा राखिएका प्रश्नहरू संरचित प्रकारले निर्माण गरिएको छ ।

### ३.५.२ अन्तरवार्तासूची

अध्ययनको विषयसँग सम्बन्धित उद्धेश्य हाँसिल गर्ने सन्दर्भमा विशेष अन्तरदृष्टि प्राप्त गर्न र बढी गुणात्मक तथ्याङ्क संकलन गर्न मूख्य सूचनादाताहरूको अन्तरवार्ता लिइएको छ । मूख्य सूचानदाताहरूमा बुद्धिजिवी,समाजसेवी र चन्दादाताहरू मध्येवाट ४ जना, राजनैतिक दलका प्रतिनिधिहरू मध्येवाट ३ जना, महिला समुहका अध्यक्षहरूवाट २ जना, वडा मञ्चका प्रतिनिधिहरूवाट २ जना, छनौटमा परेका विद्यालयका प्र.अ.हरू ५ जना, शिक्षकहरू ५जना, गा.वि.स. सचिव, सम्बन्धित क्षेत्रका विद्यालय निरिक्षक र स्रोतव्यक्ति १उँ१ जना गरी जम्मा २२ जना रहेका छन् । यस्ता अन्तरवार्ता बनीबनाउ हुँदैनन् । मूख्य सूचनादाता सँग अन्तरवार्ता लिंदा रूजुसूची बनाइ प्रयोगमा ल्याइएको हो । जसको मद्दतले गुणात्मक तथा सङ्ख्यात्मक तथ्याङ्क सङ्कलन मा सहयोग मिलेको थियो ।

### ३.५.३ अवलोकन

अध्ययनकार्य सम्पन्न गर्न आवश्यकपर्ने तथ्याङ्क संकलनको सिलसिलामा अध्ययनक्षेत्र भित्रको सामूदायिक विद्यालयको प्रशासनिक रेकर्ड अनुसार विद्यार्थी भर्ना लगायतका अन्य अभिलेखहरू प्राप्त गरिएको छ । उक्त अभिलेख प्राप्त गर्नका एकप्रकारको अवलोकन फाराम प्रयोग गरी त्यसैको आधारमा प्राप्त तथ्याङ्कलाई वर्णनात्मक विधिको प्रयोग गरी विश्लेषण गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

तथ्याङ्क संकलन कार्य कुनैपनि अध्ययन अनुसन्धानकार्यको लागी महत्वपूर्ण हो । यसको अभावमा अध्ययन अनुसन्धान पूर्ण हुन सक्दैन । तथापि तथ्याङ्क संकलन आँफैमा साध्य भने होइन । साध्य यस मानेमा होइन कि, तथ्याङ्कवाट प्राप्त गर्न खोजिएको निश्कर्ष, तथ्याङ्क मात्रले दिन सक्दैन । यसको लागी विश्लेषण चाहिन्छ । जसरी दहीवाट धेरै मथी घ्यू निकाल्न सकिन्छ त्यसैगरी प्राप्त कोरा तथ्याङ्कको आवश्यक प्रशोधन पछि मात्र बल्ल सही तथ्याङ्क प्राप्त गर्न सकिन्छ र त्यसको लागी विश्लेषणको पनि आवश्यकता पर्दछ ।

क्षेत्रगत कार्यवाट प्राप्त गुणात्मक तथा सङ्ख्यात्मक कोरा तथ्याङ्कलाइ प्रसोधन र विश्लेषण गरिएको छ । केही तथ्याङ्कशास्त्रीय औजार percentage को प्रयोग गरिएको छ । गुणात्मक तथ्याङ्क प्रस्तुत गर्दा तालिका, चार्टको प्रयोग गरिएको छ । तथ्याङ्कको वस्तुगतता कायम राख्न यथासम्भव प्रयास गरिएको छ र विभिन्न स्रोतवाट प्राप्त तथ्याङ्कहरूमा रहने त्रुटीहरलाई हटाउन प्रयास गरिको छ । त्यसैगरी तथ्याङ्क प्रस्तुतीको क्रममा समाजशास्त्रीय ज्ञानलाई प्रयोग गर्न यथासक्य प्रयासमा जोड दिइएको छ ।

# अध्याय चार

# अध्ययन क्षेत्रको सामाजिक एवम् जनसाङ्ख्यिक पृष्ठभूमि

## ४.१ अध्ययन क्षेत्रको परिचय

अध्ययन क्षेत्र नेपालको संघिय संरचना अनुसार प्रदेश नं. ४ अन्तर्गत स्याङ्जा जिल्लाको सदरमुकाम स्याङ्जा बजार पुतलीबजार नगरपालिका वडा नं. ७ सँग जोडिको आँधीखोला गाउँपालिका वडा नं. ६ अध्ययनको विषयसंग तुलनात्मक रुपमा बढी सान्दर्भिक र उपयुक्त भएका कारणले छनौट गरिएको हो । यस गाउँपालिकाको वडा नं. ६ भित्र दुईवटा माध्यमिक विद्यालय स्थापित छन् । यो गा.पा. उत्तरमा सेतिदोभान, दक्षिणमा दरौं र पुतलीबजार नगरपालिका, पूर्वमा पुतलीबजार नगरपालिका र पश्चिममा साविक चिलाउनेबास, पञ्चमूल गा.वि.स. पर्दछ । अध्ययन क्षेत्रको जम्मा क्षेत्रफल पछिल्लो नापी अनुसार ९५४.७१४५ हेक्टर (१८७५६-११-२-०) रोपनी रहेको छ । विश्वमान चित्रमा स्जाङ्जा जिल्लाको अवस्थिति ८३°१३' देखि ८४°४६' पूर्वी देशान्तर र अक्षांशका दृष्टिले २७°५२; देखि २८°१३; उत्तरी अक्षांश सम्म फैलिएको छ । यसै अवस्थिति भित्र यो वडा नं.- ६ पनि समावेश छ । जसको अलग्गै अवस्थितिको सिलग्गै तथ्याङ्क प्राप्त हुन सकेन । २०६८ को जनगणना अनुसार यस वडा नं. ६ को जनसंख्या पुरुष २१४५ र महिला २०९१ गरी जम्मा ४२३६ रहेको छ । यो जनसङ्ख्या जम्मा ६०३ घरधुरीमा वितरण भएको देखिन्छ ।

अध्ययन क्षेत्र स्याङ्जाको पुतलीबजार न.पा. वडा नं. ७ र वडा नं. ५ सँग कच्ची तथा ग्रावेल मोटरबाटो ले जोडिएको छ । विद्युत सेवा, खानेपानी, स्वास्थ्य उपचौकी र छोटी हुलाकका सुविधाहरू जोडिएका छन् । यहाँको हावापानी, समशितोष्ण प्रकारको छ । बसोवासका दृष्टिकोणले यो ठाउँ विलक्षण विशेषताहरूको युक्त हुनाका साथै बाढी, पहिरो, खोलानाला को प्रकोप, वन्य तथा मानवजन्य समस्या समेत बाट मुक्त छ । वर्षायाममा साविक सेतिदोभान र फापरथुम गा.वि.स. को वीचबाट हिड्ने आँधीखोला ले केहि कटान गर्ने यसको नकारात्मक पक्ष रहेको छ । स्याङ्जा जिल्लाको सदरमुकामबाट समयका

दृष्टिकोणले यस गा.पा. वडा नं. को केन्द्रको दुरी जम्मा ५ कि.मि. रहेको छ जहाँबाट करीव १:१५ मिनेट पैदल यात्रा गर्नुपर्ने छ ।

तापक्रमका दृष्टिकोणले अधिकतम तापक्रम अप्रिल महिनामा २७$^{\circ C}$ सम्म र न्यूनतम तापक्रम जनवरीमा १३$^{\circ C}$सम्म हुने गर्दछ (V.C.D Profile का अनुसार) वार्षिक वर्षा २५०० मि.मिटर हुने गर्दछ । भू-बनावटका दृष्टिकोणले केहि समथर उब्जाउ जमिन (फाँट, खेत) देखि भिरालो (ढालु) जमिन र पहाडी भू-भाग समेत ले बनेको छ । यो ठाउँ उब्जाउका दृष्टिले पनि यहाँको माटो केहि मात्रामा अनुकुल हुनाले कृषि पेशा मुख्य पेशाको रुपमा रहेको छ ।

धार्मिक तथा पर्यटकीय दृष्टिले अद्धितीय स्थान ओगट्ने, सम्पदाको पनि यहाँ कमी छैन । तर प्रचारको कमी हुनाको कारण यद्यपि ओमोल परेको ऐतिहासिक स्थान अन्धाअन्धि श्रवण कुमारको कहानी ले यहाँको वास्तविक चित्राङ्कन हुन सकेको छैन । यस वार्ड भित्र रहेका प्राकृतिक मनोरम दृश्य अवलोकन गर्ने बनजंगलमा रहेका जडीबुटी जैविक विविधताले भरिपूर्ण प्राकृतिक सम्पदाहरूको विकास कृषिको राम्रो उत्पादन वृद्धि आदिले पर्यटकीय क्षेत्र विकास गर्न सकिने स्थलहरूको पहिचान गर्नको लागि आवश्यक पर्ने मोटर बाटो, सेतिदोभान-पञ्चमुल लुंखुसम्म जाने बाटो कालोपत्रे भएमा डिही, सालिमे भुद्रुमपोला, देउराली, सिउरेनी पाटो आदि ठाउँमा पर्यटकीय केन्द्र स्थापना गर्न सकिने प्रसस्त सम्भावना छ ।

अन्तरसम्बन्धको दृष्टिकोणबाट हेर्दा यस वार्डको पूर्व, उत्तर पूर्व दक्षिण पुतली बजार नगरपालिका सदरमुकाम स्याङ्जा बजार, पश्चिम चिलाउनेबास अन्धाअन्धी श्रवण कुमारको काहानी ऐतिहासिक स्थल हुदै पश्चिम दक्षिण पञ्चमुल पर्यटकीय स्थल, डहरेदेउराली धार्मिक स्थल लेउत्तर सेतिदोभान बजार संग र दक्षिण सतौँ-दरौँ, खर्सुबाट पञ्चासेसम्मको दृश्य अवलोकन गर्न सकिन्छ । यसप्रकार, अध्ययन क्षेत्र सर्वोपरि विशेषताले युक्त भएको र अध्ययनको विषयसंग मेल खाने भएको कारण अध्ययन क्षेत्रका रुपमा छनौँट गरिएको हो ।

## ४.२ अध्ययन क्षेत्रको जनसाङ्ख्यिक पृष्ठभूमि

अध्ययन क्षेत्र आँधीखोला गाउँपालिका वार्ड नं. ६ बैदिक सनातन परम्परा अनुसार चारवटै जातजातिको मिलन केन्द्रका रुपमा रहेको छ । सामाजिक संस्था अन्तगत मुख्य रुपमा विद्ययालयहरू स्थापित छन् । जसमा २ वटा सामुदायिक माध्यमिक विद्यालय र अन्य ५ वटा आधारभुत विद्ययालयहरू रहेका छन् । त्यसैगरी विभिन्न आमासमुह, महिला समुह, यूवा क्लवहरू, स्मृति प्रतिष्ठान, सामुदायिक वन उपभोक्ता समिति जस्ता सामाजिक संस्थाहरू समाज सेवा कार्यमा अहोरात्रा जुटिरहेका छन् ।

व्यक्ति, परिवाररुपी संस्थाको एकाई भएझै परिवार समाजरुपी संस्थाको एकाइ मानिन्छ । यस वार्डमा बसोवास गर्ने जम्मा ६०३ घरकुरियामा जम्मा ४२३६ जना बसोवास गर्दछन् । जसमध्ये २१४५ पुरुष र २०९१ महिला रहेका छन् ।

### ४.२.१ जातजाति र लिङ्ग

महिला र पुरुषको संख्या जातजाति अनुसार फरक फरक देखिन्छ । जसअनुसार ब्राह्मण, क्षेत्री, घर्ती, भुजेल, गुरुङ, कामी, दमैको जनसंख्या अधिक रहेको छ । जसमा ब्राह्मण, गुरुङ, कामी, दमैको जनसंख्यामा पुरुष बढी देखिन्छन् भने क्षेत्री, घर्ती, भुजेल आदिमा महिलाको संख्या बढी देखिन्छ ।

#### उत्तरदाता र लिङ्ग

अध्ययन क्षेत्र समग्र आँधीखोला गा.पा.वार्ड नं. ६ साविक फापारथुम गा.वि.स.  भएतापनि उक्त क्षेत्रभित्रका ७ वटा मध्ये ५ वटा विद्ययालयहरू छनौट मा परेकाले ५ वटै विद्ययालयमा अध्ययनरत विद्यायार्थीका सम्पूर्ण १५६ अभिभावकहरू जनगणना विधि अनुसार छनौँट भएका छन् । सम्पूर्ण उत्तरदाता मध्ये दुवै लि को सहभागिता रहेतापनि उत्तरदाताको रुपमा छानिएका १५६ सहभागीहरूको लैं क निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ४.१

लि   अनुसार उत्तरदाताको विवरण

| उत्तरदाताको लिङ्ग | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ११४ | ७३.०८ |
| महिला | ४२ | २६.९२ |
| जम्मा | १५६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिकामा जम्मा १५६ उत्तरदाता मध्ये ११४ पुरुष अर्थात ७३.०८ प्रतिशत र ४२ जना महिला (२६.९२ प्रतिशत) छन् । लैङ्गिक रुपमा उत्तरदाताहरू पुरुष बढी नै देखिन्छन् ।

उत्तरदाता र उमेर

उत्तरदाताहरू लाई उमेर समुह अनुसार देहाय बमोजिम विभाजन गरि तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४.२

उमेर अनुसार उत्तरदाता

| उमेर समुह | उत्तरदाता सङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | |
| २०–३० | ६(३.८५! ) | ३(१.९२! ) | ९ | ५.७७! |
| ३१–४० | ५५(३५.२६! ) | १३(८.३४! ) | ६८ | ४३.५८! |
| ४१–५० | ४४(२८.२! ) | १२(७.६९! | ५६ | ३५.८९! |
| ५१–६० | १५(९.६१! ) | ५(३.२१! ) | २० | १२.८२! |
| ६१+ | २(१.२६! ) | १(०.६७ ) | ३ | १.९४! |

स्रोतः स्थलगत सर्वेक्षणः २०७४ ।

माथिको तालिका अनुसार ३१-४० वर्ष उमेर समुहका उत्तरदाता सवभन्दा बढी ४३.५८ प्रतिशत रहेका छन् र सबैभन्दा कम उत्तरदाता १.९४ प्रतिशत, ६१ वर्षमाथीका पर्दछन् ।

लि   र वैवाहिक स्थिति

विवाह पारिवारिक जीवनको शुरुवात भनिन्छ । अनमेल विवाह, वाल विवाह जस्ता विकृति बाट विस्तारै मुक्त गर्दै जानको कारण शिक्षा र तन्जन्य आधुनिकीकरण लाई मान सकिन्छ । यहि झलक १५६ जना व्यक्तिहरूको लिङ्गका आधारमा वैवाहिक स्थिति समान नभई फरक फरक हुनु स्वभाविकै हो । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.३

लिङ्गका आधारमा अभिभावकहरूको वैवाहिक स्थिति

| अभिभावकहरूको वैवाहिक स्थिति | सदस्यहरूको लिङ्ग | | |
|---|---|---|---|
| | पुरुष | महिला | जम्मा |
| विवाहित | ११४ | ४२ | १५६ |
| प्रतिशत | ७३.०७! | २६.९२! | १००! |

स्रोतः स्थलगत सर्वेक्षणः २०७४

(नोटः कोष्ठाभित्रको प्रतिशतले सम्वन्धित सङ्ख्यालाई जनाउँछ ।)

माथिको तालिका अनुसार उत्तरदाताको जम्मा १५६ मध्ये पुरुष र महिला जति सङ्ख्यामा छन त्यति नै सङ्ख्यामा विवाहित रहेका छन् । किनभने यहाँ प्रत्येक व्यक्ति विवाहित भएपछि मात्र अभिभावक भएको देखिन्छ त्यसैले ७३.०८ प्रतिशत पुरुष अभिभावक विवाहित र २६.९२ प्रतिशत महिला अभिभावक विवाहिते रहेको देखिन्छ ।

## ४.३   उत्तरदाताको आर्थिक अवस्था

### ४.३.१  सदस्यहरूको पेशा र लिङ्ग

दैनिक गुजारा सञ्चालन गर्न परि आउने हरेक कार्य र समस्या हल गर्न स्रोत साधन (आर्थिक) को सर्वोपरि महत्व रहन्छ । जुन तथ्य मानव संस्कृतिको प्रारम्भ देखि नै रहि आएको पाईन्छ । प्रारम्भमा शिकारी तथा संकलन स्वरुपको अर्थनीति थियो । हाल आएर आर्थिक अवस्थाले ठुलो फड्को मारेको छ । यसैक्रममा घरको चुल्हो चौकामा सीमित रहने महिलाहरू समयको परिवर्तनसंगै शिक्षा, व्यापार, नोकरी आदि तर्फ पाइला अगाडि बढाएका

छन् र यो प्रवृति अध्ययन क्षेत्रमा स्पष्ट देख्न पाईन्छ , जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४**

**लिङ्गका आधारमा अभिभावकहरूको पेशा**

| सदस्यहरूको पेशा | लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| कृषि | ५९(३७.८२! ) | ३८(२४.३५! ) | ९७(६२.१७! ) |
| व्यापार | ४(२.५६! ) | - | ४(२.५६! ) |
| नोकरी | १६ | ३ | १९(१२.१७! ) |
| बैदेशिक रोजगार | ३०(१९.२३! ) | १(०.६४! ) | ३१(१९.८७! ) |
| अन्य | ५(३.२! ) | - | ५(३.२! ) |
| जम्मा | ११४ | ४२ | १५६ |

स्रोतः स्थलगत अध्ययनः २०७४ ।

(नोटः कोष्ठ भित्रको प्रतिशतले सम्वन्धित संख्यालाई जनाउँछ ।)

माथिको तालिका अनुसार आर्जन वा दृष्टिकोणले कृषि व्यवसाय अपनाउनेमा सबैभन्दा बढी प्रतिशत सदस्यहरू हुन् । जसमा पुरुष बढी ३७.८२ प्रतिशत (५९ जना) रहेका छन् । जवकि महिला संलग्नता २४.५५ प्रतिशत (३८ जना) मात्र देखिन्छ । नोकरी गर्नेहरूको संख्या १२.१७ प्रतिशत (१९ जना) रहेको देखिन्छ । सबैभन्दा कम प्रतिशत २.५६ प्रतिशत (४ जना) व्यापार व्यवसाय रहेको तथ्याङ्कले देखाउँछ । तालिका अनुसार वैदेशिक रोजगार तर्फ १९.२३ प्रतिशत (३० जना) पुरुष र ०.६४ प्रतिशत (१ जना) महिला छन भने अन्यमा ३.२ प्रतिशत (५ जना) रहेका छन् । तालिका अनुसार उल्लिखित पेशामा पुरुष अभिभावकको सङ्ख्या बढी छ । कृषिमा भने घरायसी काम र श्रमको रुपमा नदेखिने पेशामा महिला केही धैरै देखिएका छन् । किनकि उनीहरू घर बाहिर जान पाउँदैनन् र निर्णय प्रक्रियामा पुरुषहरूको वर्चस्व बढी देखिन्छ ।

### ४.३.२ पेशा र जातीयता

जीवन निर्वाहका लागि कर्म गर्नु पर्छ । शरीर काम गर्नका लागि उत्पन्न भएको हुँदा कोहिपनि जीव अकर्मण्य रहन सक्दैन । सनातन हिन्दु परम्परा बमोजिम जातका आधारमा श्रम विभाजन गरिएको छ । परन्तु अध्ययन क्षेत्रका उपस्थित उत्तरदाता (अभिभावक) मा समावेश जातजातिहरूले अपनाइ आएको पेशाको फेहरिस्त निम्न तालिका मा प्रस्तुत गरिएको छ ।

तालिका ४.५

जात,जातिगत आधारमा उत्तरदाताको पेशा

| पेशा | जातजातीयता | | | | |
|---|---|---|---|---|---|
| व्यवसाय | ब्राहमण | क्षेत्री | जनजाती | दलित | जम्मा |
| कृषि | ३८ | ५ | ४३ | ११ | ९६ |
| नोकरी | ११ | ६ | ३ | २ | १९ |
| वैदेशिक रोजगार | १२ | २ | ८ | ९ | ३१ |
| व्यापार व्यवसाय | २ | - | - | २ | ४ |
| अन्य | १ | - | २ | २ | ५ |
| जम्मा | ६४ | १० | ५६ | २६ | १५६ |

स्रोतः स्थलगत अध्ययन - २०७४ ।

### ४.३.४ जातजाति र माशिक आम्दानी

हिन्दु धर्म अनुसार गुण र कर्मका आधारमा चार जातमा विभाजित मानवहरू आ - आफ्नो जातगत कर्ममा निष्ठापुर्वक आचरण गर्दै आएका छन । फलन उनीहरूको कार्यक्षमता, कुशलताका आधारमा आय-आर्जन समान नहुने भएकोले उनीहरूको आर्थिक स्तर फरक फरक हुनु स्वभाविकै हो । जसको् झलक अध्ययन क्षेत्रका छनौंटमा परेका १५६

उत्तरदाताहरूबीच जातिगत आधारमा रहेको फरक फरक आयस्तरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.६

जाति, जनजातिको मासिक औसत आम्दानी

| औसत मासिक आय | जाती, जनजाति | | | | |
|---|---|---|---|---|---|
| | ब्राह्मण | क्षेत्री | जनजाती | दलित | जम्मा |
| ५००० | ७ | २ | ५ | १० | २४ |
| ५००१-१०००० | ३० | ३ | ३६ | ८ | ७७ |
| १०००१-२०००० | २० | ३ | ८ | ५ | ३६ |
| २०००१-५०००० | ७ | २ | ३ | ३ | १९ |
| जम्मा | ६४ | १० | ५६ | २६ | १५६ |

स्रोतः स्थलगत अध्ययन, २०७४ ।

तालिका नं. ४.६ अनुसार विभिन्न जात जाती मध्ये आम्दानीका आधारमा वर्गिकरण गर्दा ५००० हजार आम्दानी गर्ने मा ६.४१ प्रतिशत (१० जना) दलित, दोस्रोमा ४.४८! (७ जना) ब्राह्मण, जनजाति ३.२! (५ जना) र सबैभन्दा कम क्षेत्री १.२८! अर्थात २ जना रहेका छन् । त्यसैगरि ५००१ देखि १०००० सम्म आम्दानी गर्ने मा सबैभन्दा बढी जनजाती ३६ जना (२३.०७! ), सबभन्दा कम क्षेत्री १.९! (३ जना) रहेका छन् । तालिका अनुसार १०००१ देखि २०००० सम्म मासिक आय भएका मध्ये सबैभन्दा बढी ब्राह्मण २० जना ( १२.८२! ), क्षेत्री ३ जना (१.९२! ) ८ जना (५.१२! ) जनजाती र दलित ५ जना (३.२! ) रहेका छन् । आम्दानी २०००१ देखि ५०००० हुने मध्येमा सवभन्दा बढी ब्राह्मण ७ जना र जनजाति ७ जना (८.९! ) छन भने ३ जना (१.९! ) दलित र १.२८! (२ जना) क्षेत्री रहेका छन् । तालिका अनुसार सबैभन्दा बढी आम्दानी गर्ने मा ब्राह्मण सबैभन्दा बढी हुन भने क्षेत्री सबैभन्दा कम देखिएका छन् ।

## ४.४ अध्ययन क्षेत्रको शैक्षिक अवस्था

अध्ययन क्षेत्र शैक्षिक दृष्टिकोणले साविक फापरथुम गा.वि.स.को मात्र नभएर समग्र स्याङ्जा जिल्लाकै अग्रणी स्थान ओगट्न सफल मानिन्छ । अध्ययन क्षेत्रको भगवती मा.वि. हालको

अवस्थामा नेपालकै निजामती क्षेत्रमा उच्च स्थान ओगट्न सफल समेत भएको छ । अध्ययनक्षेत्र भित्रका जम्मा ७ वटा विद्यालय मध्ये छनौँटमा परेका ५ वटा विद्यालय भगवती मा.वि. चण्डीदेवी आधारभुत, गौरीशंकर आधारभुत जनज्योति आधारभुत, लक्ष्मी आधारभुत विद्यालयहरू सञ्चालित छन् ।

### ४.४.१ लि   र शिक्षाका आधारमा उत्तरदाता

छनौट परेका ५ वटा विद्यालयमा अध्ययन विद्यार्थीका १५६ जना अभिभावकहरू जनगणना विधि बाट छनौँटमा परेकोले उनीहरूलाई नै अध्ययनको दायरामा समावेश गरिएको छ । लि  को आधारमा उत्तरदाताको शिक्षाको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.७

लि  का आधारमा उत्तरदाताको शिक्षा

| उत्तरदाताको शिक्षा | उत्तरदाताको लि | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| निरक्षर | ० | ० | ० |
| साक्षर | ३२ | १५ | ४७ |
| आधारभुत तहमुनि | ११ | ९ | २० |
| आधारभुत तह उत्तीर्ण | २२ | ९ | ३१ |
| अण्डर एस.एल.सी. | १३ | ४ | १७ |
| एस.एल.सी.उत्तीर्ण | १७ | ४ | २१ |
| प्रामाणपत्र तह उत्तीर्ण (+२ उत्तीर्ण) | ८ | १ | १० |
| स्नातक तह वा सो भन्दा माथि | १० | - | १० |
| जम्मा | ११४ | ४२ | १५६ |

स्रोत: स्थलगत अध्ययन, २०७४ ।

माथिको तालिका अनुसार सबैभन्दन बढी उत्तरदाता प्रतिशत (४७ जना) मात्र साक्षर भएको देखिन्छ । जसअनुसार पुरुषको संख्या ३२ (२०.५१! ) र महिलाको संख्या (९.६१! ) रहेको छ । त्यसैगरी सबैभन्दा कम स्नातक वा मास्टर डिग्री गर्ने को संख्या जम्मा १० (६.४१! )

छ भने त्यसमा महिलाको संख्या त शुन्य नै छ । तालिका अनुसार आधारभुत तह भन्दा कम उत्तीर्ण गर्ने पुरुष ११ जना (७.०५! ) र महिला (५.७६! ) ९ जना रहेका छन् । त्यसैगरि आधारभुत तह उत्तीर्ण गर्ने पुरुष र महिलामा ११ जना पुरुष (७.०५! ) ले बढी देखिन्छ । अण्डर एस. एल.सी. गर्ने जम्मा पुरुष १३ (८.३३! ) र महिला ४ जना (२.५६! ) रहेको छ । उक्त तालिका अनुसार एस.एल.सी. उत्तीर्ण पुरुष १७ जना (१०.८९! ) र महिला ४ जना (२.५६! ) रहेका छन् । त्यसैगरी प्रमाणपत्र वा +२ सरह उत्तीर्ण गर्नेमा पुरुष ९ जना (५.७६! ) र महिला १ जना (०.६४! ) रहेको कुरा तालिकाले प्रष्ट पार्दछ ।

## ४.४.२ जातजाती र शिक्षा

वैदेशिक सनातन धर्मै अनुसार गुण र कर्मका आधारमा हिन्दुहरू चार वर्णमा विभाजना गरिएका छन् । ब्राह्मण, क्षेत्री, वैश्य र शुद्रा जात अनुसार को काम हिन्दु धर्मको दर्शन रहेतापनि हाल आएर नेपाली समाजमा परिवर्तन आएको छ जसअनुसार अव जसले आफ्नो सीप, क्षमता, दक्षता र कायकुशलता अनुसार काम गर्न थालिएको छ । विषय र प्रसङ्ग अनुसार छनौँटमा परेका १५६ उत्तरदाताहरूको जात जाति अनुसार उनीहरू शिक्षा के कस्तो रहेको छ भन्ने कुरा निम्नानुसारको तालिका अनुसार उल्लेख गरिएको छ ।

तालिका ४.८

जातिॐजनजातिका आधारमा उत्तरदाताको शिक्षा

| शिक्षा | जातिॐजनजाति | | | | जम्मा |
|---|---|---|---|---|---|
| | ब्राह्मण | क्षेत्री | जनजाति | दलित | |
| साक्षर | १५ | ३ | १७ | १२ | ४७ |
| आधारभुत तह भन्दा तल | ११ | २ | २ | ५ | २० |
| आधारभुत तह | ६ | २ | १८ | ५ | ३१ |
| एस.एल.सी.मुनि | ५ | १ | १० | १ | १७ |
| एस.एल.सी उत्तीर्ण | १२ | १ | ५ | ३ | २१ |
| प्रविणता+२ उत्तीर्ण | ५ | १ | ४ | – | १० |
| स्नातक वा सो भन्दा माथी | १० | – | – | – | १० |
| जम्मा | ६४ | १० | ५६ | २६ | १५६ |

स्रोतः स्थलगत अध्ययन,२०७४ ।

तालिका नं. ४.८ अनुसार साक्षर मात्र (३०.१२! ) मध्ये ब्राह्मण सबैभन्दा बढी (९.६१! ), क्षेत्री (१.९२! ) जनजाति (१०.८९! ) शत र दलित (७.६९! ) छन् । आधारभुत तह पास नगर्ने मा पनि सबैभन्दा बढी ११ जना (७.०५! ) छन भने सबैभन्दा कम जनजाति २ जना (१.२८! ) रहेका छन् । त्यसैगरी आधारभुत तह उत्तीर्ण हुनेमा सबैभन्दा बढी १८ जना जनजाति (११.५३! ) मा छन भने कम उत्तीर्ण हुनो क्षेत्री २ जना (१.२८! ) रहेका छन् । तालिका अनुसार एस.एल.सी. भन्दा कम मा जनाजाति नै छन् जुन (६.४१! ) छन भने सबैभन्दा बढी एस.एल.सी. उत्तीर्ण हुनेमा ब्राह्मण १२ जना (७.६९! ) छन् भने क्षेत्री १ जना रहेका छन् । त्यसैगरी प्रविणता (+२) तह उत्तीर्ण गर्ने मध्ये ब्राह्मण र जनजाति क्रमश ३.२! , २.५६! रहेका छन् । तालिका अनुसार स्नातक वा सो भन्दा माथी उत्तीर्ण हुनेमा ब्राह्मण जाति १० जना (६.४१! ) मात्र रहेका छन भने अन्य जातिका अभिभावकहरू छैनन् । तालिका बाट के स्पष्ट हुन्छ भने माथिल्लो तहमा अध्ययन गर्ने ब्राह्मण नै बढी देखिन्छ ।

### ४.४.३ छनौटमा परेका विद्यालयका विद्यार्थीहरूको विवरण

तालिका ४.९

छनौटमा परेका विद्यालयका विद्यार्थीहरूको विवरण

| क्र.स. | शैक्षिक सत्र | विद्यालयको नाम | छात्रा | छात्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०६७ | श्री भगवती मा.वि | १६३ | १६० | ३२३ | |
| | २०६८ | " " | १६० | १२० | २८० | |
| | २०६९ | " " | १५० | १२० | २७० | |
| | २०७० | " " | ८० | ९२ | १७२ | |
| | २०७१ | " " | ८१ | ९ | १७१ | |
| | २०७२ | " " | ६९ | ६५ | १३४ | |
| | २०७३ | " " | ७३ | ५४ | १२७ | |
| २. | २०६७ | गौरीशंकर आधारभुत विद्यालय | २० | १५ | ३५ | |
| | २०६८ | " " | १६ | १५ | ३१ | |
| | २०६९ | " " | १३ | १० | २२ | |
| | २०७० | " " | १० | ७ | १७ | |
| | २०७१ | " " | ९ | ७ | १५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७२ | ” ” | ६ | ६ | १२ | |
| | २०७३ | ” ” | ७ | ३ | १० | |
| ३ | २०६७ | जनज्योति आधारभुत | ६८ | ५९ | १२७ | |
| | २०६८ | ” ” | ७३ | ५७ | १३० | |
| | २०६९ | ” ” | ३४ | ५६ | ९० | |
| | २०७० | ” ” | ३० | ३० | ६० | |
| | २०७१ | ” ” | २५ | २३ | ४८ | |
| | २०७२ | ” ” | २८ | २९ | ५६ | |
| | २०७३ | ” ” | २२ | १९ | ४१ | |
| ४ | २०६७ | चण्डीदेवी आधारभुत | १२ | ८ | २० | |
| | २०६८ | ” ” | ८ | ८ | १६ | |
| | २०६९ | ” ” | ७ | ५ | १२ | |
| | २०७० | ” ” | ६ | ५ | ११ | |
| | २०७१ | ” ” | ६ | ४ | १० | |
| | २०७२ | ” ” | ४ | २ | ६ | |
| | २०७३ | ” ” | २ | २ | ४ | |
| ५. | २०६७ | लक्ष्मी आधारभूत | ८ | ११ | १९ | |
| | २०६८ | ” ” | ८ | १२ | २० | |
| | २०६९ | ” ” | ८ | ८ | १६ | |
| | २०७० | ” ” | ७ | ३ | १० | |
| | २०७१ | ” ” | ५ | ५ | १० | |
| | २०७२ | ” ” | ४ | ३ | ७ | |
| | २०७३ | ” ” | २ | २ | ४ | |

स्रोतः विद्यालय प्रशासन,२०७४ ।

### ४.४.४ छनौटमा परेका विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थी सङ्ख्या (२०७३)

छनौटमा परेका जम्मा पाँच वटा विद्यालयहरूमा पछिल्लो शैक्षिक सत्र २०७३ मा अध्ययनरत सम्पूर्ण विद्यार्थी विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.१०

छनौटमा परेका विद्यायका सम्पूर्ण विद्यार्थी

| क्र.स. | शैक्षिक सत्र | विद्यालयको नाम | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|---|
| १ | २०७३ | श्री भगवती मा.वि | ७३ | ५४ | १२७ |
| २ | | गौरीशंकर आ.वि. | ७ | ३ | १० |
| ३ | | जनज्योति आ.वि. | २२ | १९ | ४१ |
| ४ | | चण्डीदेवी आ.वि. | २ | २ | ४ |
| ५ | | लक्ष्मी आ.वि. | २ | २ | ४ |
| जम्मा | | | ११६ | ८० | १९६ |

स्रोतः विद्यालय प्रशासन,२०७४ ।

# अध्याय पाँच

# सामुदायिक विद्यालयप्रति अभिभावकको धारणा

राज्यको सर्वाधिक लगानी रहेको सामुदायिक विद्यालयहरू आर्थिक तथा भौगोलिक दृष्टिले सर्वसुलभ छन् र नेपालको सामाजिक रुपान्तरणका दिशामा ऐतिहासिक महत्व र योगदान राख्दछन् । परन्तु, अधिकांश जनता गरिबीको रेखामुनी रहेका, कृषिप्रधान अर्थतन्त्र अँगालेको नेपाल जस्तो विश्वको अधिकतम विकसित मुलुक जहाँ अझैपनि निरक्षरहरूको सङ्ख्या उल्लेख्य छ । जसमा सामुदायिक विद्यालयको महत्व नकार्न सकिदैन । यसको विकल्प पनि देखापदैन । तथापि सामुदायिक विद्यालयीय पद्धतिप्रति आमसरोकारवालाहरूको चासो अपेक्षित रुपमा घट्दै गएको महसुस सर्वत्र हुदै आएको पाईन्छ । यसैको परिणामस्वरुप सामुदायिक विद्यालयको गुणस्तर ह्रास हुदै गइरहेको सन्दर्भमा आम अभिभावकको धारणा के कस्तो रहेको छ भन्ने कुरालाई गरिएको अध्ययनवाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरि विश्लेषण गरिएको छ :

## ५.१ रोजाईको विद्यालय

आ-आफ्नो सुविधा,इच्छा र चाहना अनुसार १५६ अभिभावक मध्ये निम्नानुसार अलग अलग विद्यालयमा, छोराछोरी भर्ना गराउने, पठाउने गर्दछन् । जसलाई निम्न तालिकाको माध्यमबाट प्रस्तुत गरिएको छ :

तालिका ५.१

उत्तरदाताको विद्यालय रोजाई

| छोराछोरी पढ्ने विद्यालय | अभिभावक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामुदायिक | १२४ | ८० |
| नीजि | ८ | ५ |
| दुवै | २४ | १५ |
| जम्मा | १५६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण : २०७४ ।

माथिको तालिका अनुसार, सवभन्दा बढी १२४ जना (८० प्रतिशत) ले सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढ्न पठाउछन् भने १५ प्रतिशत अभिभावक (२४ जनाले) नीजि र सामुदायिक दुवैथरी विद्यालय रोजेको पाईन्छ । तर जम्मा मात्र ८ जना (५प्रतिशतले) नीजिमा पढाएको पाईन्छ । निष्कर्षमा बढीजसो अभिभावकको रोजाइ सामुदायिक विद्यालय नै भएको कुरा प्रष्ट देखिन्छ ।

## ५.२ सामुदायिक विद्यालयमा पढाउनुपर्ने कारण

विद्यालयको रोजाइमा अभिभावक तथा विद्यार्थीहरू स्वतन्त्र भएपनि कसले कुन विद्यालय रोज्दछ भन्नेकुराका पछाडि आ-आफ्नै दृष्टिकोणले काम गरेको हुन्छ । सवैले रोज्ने विद्यालय एकै किसिमको हुनुपर्ने र हुनसक्ने विषय नभएकोले, कोहि अभिभावक विविध कारणले आफ्नो रुचीको विद्यालयमा पठाउछन् । कतिले बाध्यतावश पनि सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाउछन् भने कतिले आफ्नो चाहना अनुसार पढाउछन् । अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा छनौटमा परेका उत्तरदाताहरूले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा पठाउनुपर्ने कारणलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ५.२

सामुदायिक विद्यालयमा पढाउन पठाउनुको कारण

| कारण | अभिभावक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नजिक भएर | ४५ | २९ |
| आर्थिक कठिनाईले | ७३ | ४६ |
| अरुले पनि त्यही पढाएको देखेर | ७ | ५ |
| राम्रो भविष्यको लागी | १० | ७ |
| माथिका सबै | २ | १ |
| आफुपनि त्यही विद्यालयमा पढेकोले | १९ | १२ |
| जम्मा | १५६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण : २०७४ ।

**दिइएको तालिका ५.२ अनुसार सामुदायिक विद्यालयमा अभिभावकले आफ्ना छोराछोरी लाई पढाउनुपर्ने प्रमुख कारण मध्ये आर्थिक कठिनाइ भएको उल्लेख गरे । जसमा ७३ जना (४६ प्रतिशत) अभिभावक छन् भने सबैभन्दा कम अभिभावक अर्थात जम्मा २ जनाले माथिका सवै कारणहरू उल्लेख गरेको पाइयो । त्यसैगरी आफ्नो घरवाट विद्यालयको दुरी भएर सामुदायिक विद्यालय मा पठाउने अभिभावक २९ प्रतिशत(४५ जना) छन् । तालिका अनुसार आफुपनि त्यही विद्यालय मा पढेकोले परम्परा धान्न भन्नेमा १९ जना(१२ प्रतिशत), अरुले पनि त्यही पठाएको कारण देखाउनेमा ५ प्रतिशत (७ जना) र सामुदायिक विद्यालयमा पढाएमा पछिको भविष्य राम्रौ हुन्छ भन्नेमा ७ प्रतिशत अर्थात १० जना अभिभावक रहेका छन् ।**

**तालिकाले यो देखाउछ कि अधिकांश अभिभावकहरू ग्रामीण भेगका वासिन्दा भएको र उनीहरूको आयस्तर न्यून भएकोले नै उनीहरूको विद्यालय सामुदायिक रहेको र समुदायवाट विद्यालयको दुरी नजिक भएकोले आफ्नो पायक र सुविधा रोजी सामुदायिक विद्यालय पठाएको पाइयो ।**

**वैयक्तिक अध्ययन १**

*मेरो नाम कृष्णप्रसाद ढकाल हो । म ४८ वर्षको भएँ । म आँधीखोला गाउँपालिका वडा नं. ६ को नवनिर्वाचित अध्यक्ष पनि हुँ । सामुदायिक विद्यालयमा अभिभावकले आफ्ना बालबालिका पढ्न पठाउनको मुख्य कारणहरूमा उनीहरूलाई आर्थिक भार नपर्ने, घर र विद्यालयको दुरीपनि नजिक भएको, सरकारले छात्रवृत्ति पनि दिने जस्ता मुख्य कारणहरू छन् । साथै अभिभावकलाई घरमा सहयोग पनि मिल्ने, आफू घर बाहिरको काममा जान पाउने र स्थानीय शिक्षकको विद्यालयमा उपस्थित राम्रै भएकाले उनीहरू सामुदायिक विद्यालयमा आफ्ना छोराछोरीहरूलाई पठाउँछन् । तर अभिभावकले सोचे जस्तो पढाइ विद्यालयमा नहुँदा यसको गुणस्तर सुधार गरी आम अभिभावकलाई विश्वास दिलाउनु पर्ने देखिन्छ ।*

## ५.३ सामुदायिक विद्यालयमा अभिभावकको उपस्थिति

कतिपय अभिभावकहरू सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढाएर आफु धेरै हलुङ्गो महसुस गर्दछन् । अधिकांश अभिभावकहरू कृषि, पशुपालन तथा घरायशी काममा बढी व्यस्त रहने र विद्यालयमा कम उपस्थित हुने गरेको आम विद्यालयको गुनासो पाइएको छ । छनौटमा परेका अभिभावकहरू मध्ये सामुदायिक विदयालयमा उनीहरूको उपस्थिति कस्तो छ भन्नेबारे गरिएको अध्ययन र संकलित आँकडाको आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ५.३

एक शैक्षिकसत्रमा विद्यालयमा अभिभावकको उपस्थिति

| अभिभावक सङ्ख्या | पटक | प्रतिशत |
|---|---|---|
| ७० | १ | ४५ |
| ४६ | २ | ३० |
| १७ | ३ | १० |
| १३ | ४ | ८ |
| १० | जाँदै नजाँने | ७ |
| जम्मा १५६ | | १०० |

स्रोत : स्थलगत सर्वेक्षण : २०७४

उल्लिखित तालिका ५.३ अनुसार सामुदायिक विद्यालयमा बर्षमा १ पटक विद्यालय उपस्थित हुने ४५ प्रतिशत अर्थात् ७० जना अभिभावक छन् । त्यसैगरी सबैभन्दा कम अभिभावक ४ जना अर्थात् ७ प्रतिशत विद्यालय नै नजाने देखिन्छन् । तालिका अनुसार बर्षमा २ पटक विद्यालय उपस्थित हुने ४६ जना अर्थात् ३० प्रतिशत, ३ पटक उपस्थित हुने १० प्रतिशत १७ जना, ४ पटक विद्यालयमा जाने १३ जना अर्थात् ८ प्रतिशत रहेका छन् ।

अभिभावकहरू आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा नै पढाउन चाहने तर आफु विद्यालय जान पर्दैन भन्ने सोच, विद्यालयले अभिभावकलाई विद्यालयमा उपस्थित गराउने त्यस्तो कुनै ठोश कार्यक्रम नल्याउने, विद्यालयमा महत्वपूर्ण निर्णय प्रकृयामा अभिभावकको

न्यून उपस्थितका कारण सामुदायिक विद्यालयप्रति अभिभावकको त्यति चासो रहेनछ भन्ने बुझिन्छ ।

**वैयक्तिक अध्ययन २**

*मेरो नाम डिलबहादुर थापा हो । म पुतलीबजार नगरपालिका वार्ड नं ५ मा बस्छु । मेरो उमेर ४६ बर्ष भयो । म आँधिखोला गा.पा. अन्तरगत श्री प्रधुम्नपनेरु मा.वि. स्रोतकेन्द्रको स्रोतव्यक्ति हुँ । सामुदायिक विद्यालयमा अभिभावकको उपस्थिति सम्बन्धमा मेरो आफ्नो धारणा राख्नु पर्दा म आफुले देखेको र जानेको कुरा यस्ता प्रकारका विद्यायमा अभिभावकको उपस्थिति ज्यादै न्युन देखेको छु । अभिभावकलाई आफ्ना छोराछोरीको पढाइको बारेमा त्यति चासो देखिन्न । नीजि विद्यालयमा अभिभावकको बढी लगानी भएर पनि हुनसक्ला  त्यहाँ उपस्थिति ज्यादै राम्रो देखिन्छ । सामुदायिक विद्यालयमा उनीहरू कम उपस्थिति हुँदा एकातिर विद्यायलयको गुणस्तर कम हुन जान्छ भने अर्कोतिर अभिभावकले हामी गएर पनि त्यहाँ केहि हुनेवाला छैन, हाम्रो कुरा सुनिदैन , सिमित व्यक्तिको वोलबाला चल्छ , शिक्षकले टेर्दैनन् जस्ता अभिव्यक्तिहरू पाइन्छ । सामुदायिक विद्यालयमा उनीहरूको उपस्थिति अत्यन्त कम छ भन्नेकुरा म सम्वन्धित क्षेत्रका विद्यालयमा हुने गरेका भेला , बैठक , समिति गठन जस्ता कार्यक्रम मा उपस्थित हुँदा मेरो अनुभव छ ।*

## ५.४ सामुदायिक विद्यालयका अभिभावकको धारणा

कुनैपनि भनाई विचार वा विषयप्रतिको धारणा आ-आफ्नै हुन्छ । त्यसैले हाल प्रचलनमा रहेका विभिन्न विद्यालयहरू मध्ये, सामुदायिक तथा नीजि विद्यालयहरू आ-आफ्नै तरिकाले, शिक्षा प्रदान गरिरहेका हुन्छन् । विषय वा प्रसङ्ग अनुसार शोधपत्रको अनुसान्धानका क्रममा संकलित तथ्याङ्कको विश्लेषण गर्दा उत्तरदाताले सामुदायिक विद्यालयप्रति व्यक्त गरेको धारणालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ

## तालिका ५.४

## उत्तरदाताको अवधारणा

| भनाईहरू | ठीक | | बेठिक | | सरासर गलत | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क. सामुदायिक विद्यालयको आवश्यकता निजीबाट पूरा हुँदैन | १४२ | ९१ | १२ | ७.७ | २ | १.३ | १५६ | १०० |
| ख.सामुदायिक विद्यालयमा अभिभावक र विद्यालयबीच नियमित अन्तरक्रिया | ३२ | २० | १२४ | ८० | | | १५६ | १०० |
| ग.विद्यालयको महत्वपूर्ण निर्णय प्रक्रियामाअभिभावकको सहभागिता रहेको छ | ३० | १९ | १११ | ७१ | १५ | १० | १५६ | १०० |
| घ. नयाँ सत्रमा विद्यालय स्वागत कार्यक्रम सञ्चालन गरिन्छ | २२ | १४ | १३४ | ८६ | | | १५६ | १०० |
| ङ. विद्यालयले समय समयमा उत्कृष्ट अभिभावकको छनौट गर्ने गर्छ। | | | | १०७ | ६९ | ४९ | ३१ | १५६ |
| च. छात्रवृत्ति तथा पुरस्कार नियमित वितरण गरिन्छ। | ९८ | ६२.५ | ५४ | ३५ | ४ | २.५ | १५६ | १०० |
| छ. विद्यालयको पढाई सन्तोषजनक छ | ४६ | २९.५ | १०२ | ६६ | ८ | ४.५ | १५६ | १०० |
| ज. विद्याललयले निःशुल्क भनेपनि विभिन्न शीर्षकमा शुल्क लिन्छ | ५६ | ३६ | ९८ | ६३ | २ | १ | १५६ | १०० |
| झ. विद्यालयमा आवश्यक मात्रामा भौतिक सुविधाको व्यवस्था | ९६ | ६१ | ५७ | ३७ | ३ | २ | १५६ | १०० |
| ञ. आर्थिक रुपमा विद्यालय सक्षम | ५४ | ३५ | ९२ | ५९ | १० | ६ | १५६ | १०० |
| ट. विद्यालय व्यवस्थापन समितिको कार्य सन्तोषजनक | ७९ | ५१ | ६९ | ४४ | ८ | ५ | १५६ | १०० |
| ठ.अभिभावक तथा समुदायले गरेको सहयोग सही रुपले परिचालन भएको | ८१ | ५२.५ | ७२ | ४६.१ | ३ | १.४ | १५६ | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **ड.वार्षिक आय-व्ययको विवरण आम अभिभावक समक्ष सार्वजनिक** | ४६ | २९.५ | १०२ | ६५.५ | ८ | ५ | १५६ | १०० |
| **ढ. सम्बन्धित निकायबाट विद्यालयको नियमित अुनगमन हुने गरेको** | ३७ | २३.७ | ११८ | ७५.९ | १ | ०.४ | १५६ | १०० |
| **ण. सामुदायिक विद्यालयप्रति राज्य उदासिन** | १०७ | ६८.७ | ४२ | २७.३ | ७ | ४ | १५६ | १०० |
| **त. राजनीतिकरण नै सामुदायिक विद्यालयको उन्नतिमा प्रमुख बाधक** | १२३ | ७८.७ | ३३ | २१.३ | | | १५६ | १०० |
| **थ. नीजिकरणले सामुदायिक विद्यालयलाई संकटोन्मुख बनाएको** | १४९ | ९५.७ | ७ | ४.३ | | | १५६ | १०० |
| **द. शिक्षामा देखिएको व्यापारीकरणको निर्मुल** | १४९ | ९५.७ | ७ | ४.३ | | | १५६ | १०० |
| **ध. सामुदायिक विद्यालयको विकल्प** | १४२ | ९१ | १४ | ९ | | | १५६ | १०० |
| **न. अंग्रेजी माध्यमबाट शिक्षण गरिनुपर्ने** | १४४ | ९२ | १२ | ८ | | | १५६ | १०० |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।**

माथिको तालिका अनुसार भनाइ (क) प्रति ९१ प्रतिशत ले ठीक, ७७ प्रतिशतले बेठिक र १.३ प्रतिशतले सरासर गलत धारणा राखेको पाइन्छ । त्यसैगरी भनाई (ख) प्रति २० प्रतिशतले ठीक, ८० प्रतिशतले बेठिक भन्नेकुरा ठहर गरेका छन् । त्यस्तै भनाइ (ग) माथि सबैभन्दा बढी उत्तरदाता (७!) ले बेठिक, १९ प्रतिशतले ठीक र सरासर गलत भनाइमा १० प्रतिशतले आफ्नो भनाई राखेका छन् । तालिका अनुसार भनाइ (घ) मा १४ प्रतिशत ठीक, ८६ प्रतिशत ले बेठिक धारणा राखेका छन् । त्यसैगरी भनाइ (ङ) उपर ६९ प्रतिशतले बेठिक, ३१ प्रतिशतले सरासर गलत भनेका छन् भने ठीक भन्ने अभिभावक छैनन् । भनाई (च) प्रति ६२.५ प्रतिशत अभिभावकले ठीक, ३५ प्रतिशतले बेठिक र २.५ प्रतिशतले सरासर गलत धारणा व्यक्त गरेका छन् । उक्त तालिका अनुसार, भनाई (छ) मा ठीक भन्ने अभिभावक २९.५ प्रतिशत, बेठिकमा ६६ प्रतिशत र सरासर गलत भन्नेमा जम्मा ४.५ प्रतिशत छन् । आफ्नो मत व्यक्त गर्ने क्रममा भनाइ (ज) माथी सरासर गलत भन्नेमा २ प्रतिशत, बेठिक भन्नेमा ६३ प्रतिशत र ६ प्रतिशत ठीक धारणा राख्ने छन् । (झ) नं प्रति ठीक भन्नेमा ६१ प्रतिशत, बेठिकमा ३७ प्रतिशत र सरासर गलत भन्नेमा २ प्रतिशत अभिभावक छन् । तालिकाको भनाइ नं (ञ) मा ३५ प्रतिशत ठीक, ५९ प्रतिशत बेठिक र ६ प्रतिशत ले सरासर गलत हो भन्ने धारणा राखेका छन् । उल्लिखित भनाइ (ट) मा बेठिक भन्ने ४४ प्रतिशत, ठीक भन्नेमा ५१ प्रतिशत र सरासर गलत भन्नेमा ५ प्रतिशत अभिभावक छन् । प्रस्तुत तालिका अनुसार, भनाइ (ठ) मा ठीक मत राख्ने अभिभावक ५२.५ प्रतिशत, बेठिकमा ४६.१ प्रतिशत  र सरासर गलत भन्नेमा १.४ प्रतिशत छन् । भनाइ (ड) माथि सबैभन्दा बढी अभिभावक १०२ जना (६५.५) प्रतिशत ले बेठिक, २९.५ प्रतिशत (४६ जना) ले ठीकर सरासर गलत हो भन्नेमा ५ प्रतिशत (८ जना) ले आफ्नो विचार राखेका छन् । भनाइ नं (ढ) प्रति सबभन्दा कम अभिभावक १ जना (०.४ प्रतिशत) ले बिल्कुल गलत, सबैभन्दा बढी ११८ जना (७५.९ प्रतिशत) ले बेठिक र जम्मा ३७ जना (२३.७ प्रतिशत) ले ठीक मत व्यक्त गरेका छन् । ंयसैगरी भनाइ (ण) प्रति ठीक धारणा राख्नेमा ६८.७ प्रतिशत (१०७ जना), बेठिकमा २७.३ (४२ जना) र सरासर गलत मा ४ प्रतिशत (७ जना) छन् । तालिका अनुसार, भनाइ (त) उपर ठीक भन्ने अभिभावक सबभन्दा बढी (१२३ जना) ७८.७ प्रतिशत, बेठिक भन्नेमा ३३ जना (२१.३ प्रतिशत) देखिन्छन् । भनाइ (थ) माथि जिज्ञाशा राख्दा ठीक भन्नेमा ८८ जना (५६.८ प्रतिशत), बेठिक मत राख्नेमा ४०.९ प्रतिशत) ६४ जना र सरासर गलत छ भन्नेमा जम्मा २.३ प्रतिशत (४ जना) देखिएका

छन् । अनुसन्धानकर्ताले भनाइ नं (ढ) राख्दा, ठीक भन्ने अभिभावक जम्मा ९५.७ प्रतिशत (१४९ जना), बेठिक भन्नेमा ७ जना (४ प्रतिशत) रहेका छन् । त्यसैगरी भनाइ (ध) उपर सबैभन्दा बढी ठीक भन्ने अभिभावक छन् जुन ९१ प्रतिशत (१४२ जना) छन्, बेठिक धारणा राख्नेमा (९ प्रतिशत) १४ जना छनभने अन्तमा भनाइ नं (न) प्रति ठीक भन्ने अधिकांश अभिभावक रहेका छन् जुन ९२ प्रतिशत अर्थात् १४४ जना हुन आउछ भने बेठिकमा १२ जना (८ प्रतिशत) अभिभावक रहेका छन् ।

सामुदायिक विद्यालयप्रति अभिभावकको धारणा उनीहरूकै दृष्टिमा भन्नुपर्दा सामुदायिक विद्यालयको कुनै विकल्प छैन । विगतको तुलनामा सुधारका केहि संकेत देखिन थालेपनि बढी समस्याहरू नै यथावत देखियो । विद्यालय र अभिभावकवीच अन्तरकृया धेरै कम हुन्छ, विद्यालयको पढाइप्रति अभिभावकको असन्तुष्टि बढी देखिन्छ, विद्यालयले गर्ने महत्वपूर्ण निर्णयप्रकृयामा अभिभावकलाइ त्यति संलग्न गराइदैन, विद्यालय व्यवस्थापन समितिहरू सक्षम भएनन्, आर्थिक पारदर्शितामा शंका व्यक्त गरियो । त्यसैगरी, सामुदायिक विद्यालयमा अनुगमन निकै कम हुन्छ, राजनीतिले विद्यालयको वातावरण धमिल्याएको, शिक्षामा व्यापारीकरणले प्रश्रय पाएको र अंग्रेजी माध्यमबाट प्रभावकारी शिक्षण नभएको जस्ता समस्याहरू उल्लेख गरेको पाइयो ।

# अध्याय छ

## वर्तमान विद्यार्थीसङ्ख्या र थप आकर्षणका उपायहरू

### ६.१ उत्तरदाताको हेराई

पछिल्लो दशकयता, विशेषगरीकन शहरीक्षेत्र र आसपासका क्षेत्रमा नीजि विद्यालयहरू खुल्दैजाने क्रम तीव्र छ। ग्रामीण क्षेत्रमा बसोबास गर्ने हरूपनि परिवारको रोजगारीका साथै आम्दानीमा भएको बृद्धिको परिणामस्वरुपः शहरी क्षेत्र आकर्षणको केन्द्रविन्दु बन्न पुगेको छ। जसले गर्दा सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या घट्दै गएको कारण हाल आएर कतिपय सामुदायिक विद्यालयहरू अर्को विद्यालयहरूमा गाभिन पुगेका छन्। विद्यालयको स्थापना गर्नेदेखि लिएर, यहाँसम्म ल्याई पुऱ्याउने समाजसेवी, शिक्षाप्रमी, चन्दादाता र संस्थापकहरू समेत पनि यसबाट अछुतो छैनन्, आफ्नो त्याग तपस्याले स्थापित र सञ्चालित सामुदायिक विद्यालयहरूको यस अवस्थाप्रति उनीहरूको दृष्टिकोण के छ भन्नेकुरा निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६.१

सामुदायिक विद्यालयहरूमा विद्यार्थीसङ्ख्या घट्दै गएको दृश्यप्रति अभिभावकको हेराई

| | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ० | ० |
| नराम्रो | १५६ | १०० |
| जम्मा | १५६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४।

माथिको तालिका अनुसार सामुदायिक विद्यालयहरूमा विद्यार्थीसङ्ख्या घट्दै गइरहेको भन्ने भनाइप्रति मन नपराउनेॐनराम्रो मान्ने उत्तरदाताको प्रतिशत शतप्रतिशत रहेको देखिन्छ। यसबाट के स्पष्ट हुन्छ भने सामुदायिक विद्यालयको विकल्प छैन। विद्यार्थीसङ्ख्याको घट्दो प्रवृत्तिले यसको भविष्य खतरामा छ। त्यसैले सबैले सामुदायिक विद्यालयमा विद्यार्थी

आकर्षण बढाउन सम्बन्धित सरोकारवालाहरूको समयमै ध्यान जानुपर्छ भन्ने रहेकोछ । यसबाट अभिभावकहरू सामुदायिक विद्यालयप्रति ममता र अपनत्व राख्दछन् भन्ने देखिन्छ ।

**वैयक्तिक अध्ययन ४**

*मेरो नाम शिवप्रसाद ढकाल हो । म ५५ बर्षको भएँ । म आधीखोला गाउँपालिका वार्ड नं ६ निवुवाबोटमा बस्छु । म श्री भगवती मा.वि. को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पनि हुँ । मैले करीव यस विद्यालयमा ८ बर्ष व्यवस्थापन समितिमा रहेर काम गरेको छु । सामुदायिक विद्यालयमा विद्यार्थी संख्या दिनानुदिन घट्दै गइरहेको भन्ने भनाइमा म सहमत छु । विगतको तुलनामा अहिले आएर विद्यार्थीको संख्या निकै कम देखिन्छ । समुदायमा जनसंख्या वृद्धिदर कम हुदैगएको, केहि व्यक्तिहरू नीजि विद्यालयमा आफ्ना छोराछोरी पठाउँछन्, कोहि विभिन्न कारणले गाउँ छाडि बसाइसराई जान्छन् भने कोहि सामुदायिक विद्यालयमा पढाइको गुणस्तर प्रति शंका गर्दछन् । त्यसैले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरी अभिभावकलाई विश्वास दिलाउनु पर्ने देखिन्छ, अन्यथा सामुदायिक विद्यालयको अस्तित्व माथि नै शंका गर्नुपर्ने अवस्थाव देखिन्छ ।*

## ६.२ सामुदायिक विद्यालय र त्यसको औचित्य

सामुदायिक विद्यालयको औचित्य र आवश्यकता छ भन्ने सर्न्भमा उत्तरदाताको प्रतिकृया निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६.२

सामुदायिक विद्यालयको औचित्य र आवश्यकताप्रति उत्तरदाताको प्रतिकृया

| सामुदायिक विद्यालयको औचित्य र आवश्यकता | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| सामुदायिक विद्यालयको आवश्यकता रऔचित्य छ । | ९२ | ५९.१ |
| सामुदायिक विद्यालयको गुणस्तर सुधार्नपर्छ । | ९ | ५.६ |
| समय सापेक्ष अंग्रेजी माध्यममा शिक्षण हुनुपर्छ । | ५५ | ३५.३ |
| जम्मा | १५६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

माथिको तालिका नं ६.२ अनुसार सबैभन्दाबढी उत्तरादाता ५९.१ प्रतिशत (९२) जना ले सामुदायिक विद्यालयको औचित्य छ भनेर प्रतिकृया दिएका छन् । त्यसैगरी ५५ जना (३५.३) अभिभावकले समय सापेक्ष अंग्रेजी माध्यममा पढाई हुनुपर्छ भन्ने पक्षमा तर्क दिएका छन् । सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्नुपर्नेमा जम्मा ९ जना (५.६ प्रतिशत) को मत रहेको देखिन्छ ।

सारांशमा के देखियो भने सामुदायिक विद्यालयको विकल्प नरहेको र त्यसको औचित्य पुष्टीगर्न समय सापेक्ष अंग्रेजी माध्यममा शिक्षण गरी शैक्षिक गुणस्तरमा सुधारको आवश्यकता औल्याएको देखिन्छ ।

**वैयक्तिक अध्ययन ५**

*मेरो नाम दुर्गानारायण ढकाल हो । म आधीखोला गाउँपालिका वार्ड नं ६ मा बस्छु । उमेरको हिसाबले म ६५ बर्षको भएँ र म अवकाश प्राप्त शिक्षक हो । मेरो करीव तीन बर्ष स्रोतव्यक्तिको अनुभव पनि छ । सामुदायिक विद्यालय र यसको औचित्यप्रति मेरो प्रतिक्रिया यसप्रकार छ : सामुदायिक विद्यालय देशको विकास,सभ्य र सुसंस्कृत समाज बनाउन र राष्ट्रले खोजेको जनशक्ति उत्पादन गर्ने एउटा महत्वपूर्ण सामुदायिक थलो हो । सामुदायिक विद्यालय विद्यार्थी र समाजका आवश्यकता पूरा गर्न सशक्त भूमिका निर्वाह गर्दछ । सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी सर्वाङ्गीण पक्षमा वलियो हुनुका साथै भविष्यमा सरकारी सेवामा जान समेत यसको महत्वपूर्ण भूमिका रहन्छ । यिनै विद्यालयका उत्पादनले देशको शासन व्यवस्था सञ्चालन गर्न सक्षम भएका छन् । अतः यसको गुणस्तरमा बृद्धिगरी समसामयिक माध्यमबाट बदलिदो परिवेश अनुसारको शिक्षा दिन आवश्यक छ ।*

## ६.३ सामुदायिक विद्यालयप्रतिको जिम्मेवारी पहिचान

प्रजातन्त्रको शुरुवात (वि.स.२००७ ) सँगै शिक्षाको प्रचार प्रसार का क्रममा देशभरि विद्यालयको स्थापना भएदेखि नीजि स्कुलको स्थापना सम्म सरकारी विद्यालय देशको लागी आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न सक्षम भएकै हुन् । हालपनि , सरकारी स्कुलका उत्पादनले नै राष्ट्रको सम्मपूर्ण अङ्ग प्रभुत्व जमाई राखेका पनि छन् । परन्तु शिक्षाको नीति

(२०३६) तथा बढ्दो भूमण्डलीकरण कारण,नीजिकरणले बढावा पाएकोले र अंग्रेजी माध्यममा स्कुलहरू भटाभट खुल्दै गए र उच्च आर्थिक स्तर र हैसियतका ठालु व्यक्तिहरूले आफ्ना छोराछोरीहरू  तिनै स्कुलमा पढाउन थाले । ठुलाको नक्कल गर्ने चलन पुरानै भएकोले, हाल आएर ऋणधन गरेर भएपनि छोराछोरी नीजि स्कुलमा पढाउने होड नै चलेको छ । अन्यथा इज्यत र हैसियतमा समेत प्रश्न चिन्ह लाग्ने भएवाट धेरै भन्दा धेरै अभिभावकहरू देखिन्छन् ।

यसक्रममा सामुदायिक विद्यालयमा पढाउने शिक्षक, शिक्षाकर्मी, नीति तथा निर्णय निर्माता देखि कार्यान्वियन कर्ता समेत पनि यस लहरबाट मुक्त छैनन् । यस्तो अवस्था आउनका पछाडि जिम्मेवार को छ त ? भन्ने प्रश्नमा, उत्तरदाताहरूको प्रतिकृया निम्न तालिका देहाय बमोजिम प्रस्तुत गरिएको छ :

तालिका ६.३

सामुदायिक विद्यालय गुज्रदो अवस्था आउनुमा जिम्मेवार

| जिम्मेवार व्यक्तिउँसंस्था | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| राज्य | १८ | ११.३ |
| दुवै (राज्य र सरोकारवाला) | १३८ | ८८.७ |
| जम्मा | १५६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

उपर्युक्त तालिका अनुसार सामुदायिक विद्यालयको विधमान गुज्रदो अवस्था आउनुका पछाडि ८८.७ प्रतिशत अर्थात् १३८ जना अभिभावकले राज्य र सरोकारवालाहरूलाई जिम्मेवार ठह-याएका छन् । जबकि १८ जना उत्तरदाताले सरोकारवालाहरूलाई जिम्मेवार ठह-याएका छन् ।

समग्रमा सामुदायिक विद्यालयमा विद्यार्थी पनि घट्दै जानु र गुणस्तरमा समेत ह्रास हुनुमा प्रमुख पक्ष भनेको नै राज्य र सरोकारवालाहरू लाई देखाइएको छ । राज्यले अपनाएको ढुलमुले अस्थिर शैक्षिक नीति र नीति कार्यान्वियन मा सरोकारवाला पक्ष गैर जिम्मेवारी देखिएको कुरा स्पष्ट हुन्छ । राज्यले लगानी गरेर मात्र हुँदैन त्यसको नियमित अनुगमन र मूल्याङ्कन हुनुपर्छ भने सरोकारवालाहरूले विद्यालयप्रति अपनत्वको भावना जगाउनु पर्छ ।

**वैयक्तिक अध्ययन ६**

*मेरो नाम धर्मदत्त ढकाल हो । म आँधीखोला गाउँपालिका वार्ड नं ६ देउराली निवाशी ५० बर्षिय श्री जनज्योति आधारभुत विद्यालयको प्रधानाध्यापक हुँ र मेरो शिक्षण अनुभव २५ बर्षको छ । सामुदायिक विद्यालयको गुज्रदो अवस्था आउनुमा आ-आफुले सबैको ठाउँमा केहि हिस्सा जिम्मेवारी लिनुपर्ने मेरो तर्क रहेको छ । सामुदायिक विद्यालयको गुणस्तर ह्रास आउनमा सरकार, समुदाय, व्यवस्थापन समिति र शिक्षकहरू नै जिम्मेवार छन् । समुदायवाट अभिभावकको चासो कम हुनु, राज्यको अस्थिर ढुलमुले शिक्षा नीति, व्यवस्थापकिय कमजोरी, समयानुकुल पाठ्यक्रको परिवर्तन अनुसार शिक्षकको शिक्षणमा अव्यवहारिकता लगायतका पक्षहरूलाई मैले कमजोरी ठान्दछु । स्थायी सरकार र परिवर्तनशील शिक्षा नीति, अभिभावकको विद्यालयप्रतिको अपनत्व र शिक्षक स्वयम् परिवर्तनशील र सक्रिय भएमा यस्तो अवस्थालाई रोक्न सकिन्छ ।*

## ६.४ सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षण बढाउने उपाय

### ६.४.१ प्राथमिकतामा सामुदायिक विद्यालय

सरकारको निजी विद्यालीय शैक्षिक पद्धतिलाई कानुनी मान्यता दिने २०३६ र त्यसपछिको निर्णयनुसार स्थापित संस्थागत विद्यालयहरूको विकास र विस्तार भैइरहेको र त्यसतर्फ सरोकारवालाहरूको आकर्षण देखिएको मौजुदा अवस्थामा, सामुदायिक विद्यालयहरूको औचित्य र आवश्यकता पर्दछ भन्नेकुरा स्वभाविक लाग्दैन । परन्तु सराकारवालाले सामुदायिक विद्यालयको महत्वलाई कसरी हेर्दछन् भन्ने बारेमा प्राप्त प्रतिकृयालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका ६.४

उत्तरदाताको दृष्टिमा सामुदायिक विद्यालयको प्रभावकारीता

| सामुदायिक विद्यालयको महत्व र आवश्यकताको मापदण्डÙआधारहरू | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| सवैले समान शिक्षा पाउँछन् । | ६ | ३.५ |
| विद्यार्थीको सर्वाङ्गीण विकास हुन्छ । | ४ | २.३ |
| यसलाई सुधार्नुपर्छ । | १६ | १०.४ |
| सबैले नीजि विद्यालयमा पढाउन सक्दैनन् । | ५ | ३ |
| सवैले पढन पाउँछन् र सवैको पहँचमा छ । | १७ | १०.७ |
| सर्वसुलभ र नजिक छन् । | ५१ | ३२.४ |
| सरकारले दायित्व लिन्छ । | ३ | २ |
| यथास्थितिमा आवश्यक छैन । | १ | १ |
| यसको प्रभावले उच्च शिक्षामा प्राथमिकता पाउँछ । | ८ | ५ |
| शिक्षामा समान अवसरको सुनिश्चितता | १७ | ११ |
| समावेशी शिक्षाको आधार | १२ | ८ |
| यसको महत्व बढ्दै छ । | १६ | १० |
| जम्मा | १५६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षणः २०७४ ।

उल्लिखित तालिका ६.४ अनुसार सबैभन्दाबढी उत्तरदाता ३२.४ (५१ जना) ले सर्वसुलभ र नजिक भएकोले सामुदयिक विद्यालय को महत्व र आवश्यकता बढी छ भनी प्रतिक्रिया दिएका छन् । शिक्षामा समान अवसरको सुनिश्चितता छ, सबैले पढ्न पाउँछन् भन्नेमा क्रमशः ११ प्रतिशत (१७ जना) र १०.७ प्रतिशत (१७ जना) रहेका छन् । सामुदयिक विद्यालयको महत्व बढ्दै गएको छ भन्नेमा १० प्रतिशत (१६ जना) को मत रहेको छ । त्यसैगरी सामुदायिक विद्यालयलाई सुधार गर्दै लैजानु पर्छ भन्ने उत्तरदाताहरू १०.४ (१७ जना) प्रतिशत देखिन्छन् । सामुदायिक विद्यालय शमावेशी शिक्षाको आधार हो भन्नेमा ८ प्रतिशत (१२ जना) र यसप्रकारको विद्यालय पढेपछि उच्च शिक्षामा यसको राम्रो अवसर हुन्छ भन्नेमा ५ प्रतिशत (८ जना) भएकोले सामुदायिक विद्यालयको महत्व बढेको

**देखिन्छ । ३.५ प्रतिशत (६ जना) ले समान शिक्षा पाउँछन्, ३ प्रतिशत (५  जना) ले सबैको पहुँच नीजि विद्यालयमा पुग्दैन, सरकारले दायित्व लिन्छ भन्नेमा २ प्रतिशत (३ जना) आदिले आफ्नो मत व्यक्त गरेको पाईयो ।**

**विद्यालय नीजि र सामुदायिक भएको भएतापनि हाल आएर सामुदायिक विद्यालयको महत्व दिनानुदिन बढ्दै गएको कुरा उल्लेख गरेका छन् । किनकि यस्ता विद्यालयहरूमा बालबालिकालाई भर्ना गराई अध्ययन गराउँदा भविष्यमा पाउने सरकारी सेवा र सुविधाको सुनिश्चितता हुन्छ भनी आम अभिभावकलाई सचेत गराउनु पर्ने दखिन्छ । यसका साथै समुदायिक विद्यालयले दिने सुविधाहरू जस्तैः समान पहुँच, समान अवसर, समावेशी आदिलाई प्रभावकारी ढङ्गले कायान्वयन गरी आम अभिभावक समक्ष पुऱ्याउनु पर्ने कुरा यसको निचोड हो । अतः सामुदायिक विद्यालय सर्वसाधारण लगायत सवैको हकमा महत्वपूर्ण छ ।**

**वैयक्तिक अध्ययन ७**

***म लक्ष्मी ढकाल ५५ वर्षीय आँधिखोला गा.पा. वार्ड नं ६ निवुवावोट निवासी आमा समुहको अध्यक्ष । अभिभावकले सामुदायिक विद्यालयलाई नीजि भन्दा बढी रोजाइमा राखेको पाएकी छु । किनकी अभिभावक बढी गरीब छन्, उनीहरूले महङ्गो शिक्षा लिन सक्दैनन्, सामुदायिक विद्यालय घरपायक छन्, बढी जसो स्थानीय शिक्षक छन्, उनीहरूवाट छोराछोरीको राम्रो रेखदेख हुन्छ । त्यसैले सामुदायिक विद्यालयनै उनीहरूको रोजाइमा छ । तर सोचे जस्तो शिक्षा नपाउँदा उनीहरूले शिक्षाको गुणस्तर सुधार गर्नुपर्ने र परिवर्तनशील समय अनुसारको शिक्षा दिदै अभिभावकको चाहना पूरा गर्नुपर्ने देखिन्छ ।***

## ६.४.२ सामुदायिक विद्यालय र अपेक्षित सुधार

**सामुदायिक विद्यालयमा छोराछोरी भर्ना नगराएका अभिभावकहरूलाइ सामुदायिक विद्यालयप्रति आकर्षित गर्न र विद्यार्थी सङ्ख्या वद्धि गर्न, अपरिहार्य सुधारका कार्यहरूलाई उत्तरदाताका अनुसार, निम्न तालिकामा प्रस्तुत गरिएको छ :**

तालिका ६.५

उत्तरदाता अनुसार सामुदायिक विद्यालयमा गर्नुपर्ने सुधारहरू

| गर्नुपर्ने सुधारहरू | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अङ्ग्रेजी माध्यममा शिक्षण गर्नुपर्छ। | २२ | १३.८ |
| शिक्षामा भएको व्यापारीकरण र नीजिकरण बन्द गरिनुपर्ने। | ५ | ३.४ |
| सक्षम शिक्षकको नियुक्ति  हुनुपर्ने। | ५ | ३ |
| शिक्षक तथा छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गरिनुपर्छ | १४ | ९ |
| शैक्षिक अनुशासन कायम गरिनुपर्छ। | ८ | ५.३ |
| असल एवम् गुणस्तरीय शिक्षा | ८ | ४.६ |
| आधुनिक विधुतीय सामग्रीको माध्यमबाट शिक्षण गरिनुपर्छ। | २३ | १५ |
| समयसापेक्ष शिक्षा ऐन र नियमावलीमा सुधार गरी प्रभावकारी कार्यान्वयन गरिनुपर्छ। | ७ | ४.३ |
| समुदाय र विद्यालयवीच निकट सम्बन्ध कायम गरिनुपर्छ। | ६ | ४.१ |
| महत्वपूर्ण निर्णयप्रकृयामा अभिभावकको सक्रिय सहभागिता आवश्यक छ। | १२ | ७.५ |
| नियमित अनुगमन र सुपरिवेक्षण | १३ | ८.४ |
| विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनवीच समन्वयको जरुरी छ। | ४ | २.५ |
| विद्यालयको आय-व्यय पारदर्शि बनाउनु पर्छ। | ४ | ११.१ |
| विद्यालयमा हुने राजनीतिकरण बन्द गरिनुपर्छ। | १२ | ७.६ |
| जम्मा | १५६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४।

प्रस्तुत तालिका ६.५ अनुसार सर्वाधिक उत्तरदाताहरू १५ प्रतिशत (२३ जना) ले आधुनिक विधुतीय सामग्रीको माध्यमवाट शिक्षण गर्नुपर्ने कुरा व्यक्त गरेका छन्। त्यसैगरी १३.८ प्रतिशत (२२जना) ले अंग्रेजी माध्यमबाट शिक्षण गर्नुपर्ने कुरा बताए। विद्यालयको आय-व्यय पारदर्शी हुनुपर्ने कुरामा ११.१ प्रतिशत (१७ जना), शिक्षक तथा कर्मचारीका छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने कुरामा १४ जना अर्थात ९ प्रतिशत ले

विचार व्यक्त गरे । त्यसैगरी, सामुदायिक विद्यालयको नियमित अनुगमन गर्नुपर्नेमा १३ जना अर्थात ८.४ प्रतिशत, ७.६ प्रतिशत (१२ जना) ले राजनीतिकरण बन्द गर्नुपर्ने, महत्वपूर्ण निर्णय प्रकृयामा अभिभावकलाई सहभागि गराउनु पर्नेमा ७.५ अर्थात (१२ जना), असल एवम् गुणस्तरीय शिक्षा दिनुपर्नेमा ८ प्रतिशत (६जना), राज्यले समय सापेक्ष शिक्षा नीति ऐनमा समसामयिक सुधार गर्नुपर्नेमा ७ जना (४.३ प्रतिशत) ले आफ्नो विचार व्यक्त गरेका छन् । त्यसैगरी सामुदायिक विद्यालयमा शैक्षिक अनुशासन कायम गरिनुपर्छ भन्नेमा ८ जना अर्थात् (५.३ प्रतिशत) रहेका छन् । ताालिका अनुसार, ३.४ प्रतिशत (५ जना) ले शिक्षामा भएको व्यापारीकरण बन्द गर्नुपर्ने र ४ जना (२.५ प्रतिशत) ले विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनको समन्वयको आवश्यकता औल्याएका छन् ।

नीजि विद्यालयसँग प्रतिस्पर्धा गरी उच्च शैक्षिक गुणस्तर कायम गर्न विद्यालयमा आधुनिक शैक्षिक सामग्री प्रयोग गरी आधुनिक अग्रेजी माध्यमबाट प्रभावकारी शिक्षण गरेमा सामुदायिक विद्यालयप्रति अपनत्व कायम हुन गई विद्यार्थी भर्ना वृद्धि गर्न सकिने कुरा प्रष्ट देखिन्छ । त्यसैगरी शिक्षक तथा कर्मचारीका छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गरिनुपर्ने, विद्यालयको आय-व्ययको पारदर्शिता हुनुपर्ने, माथिल्लो निकायबाट नियमित अनुगमन हुनुपर्ने, सामुदायिक विद्यालयमा बढी हावी हुनेगरेको राजनीतिकरण बन्द गरिनुपर्ने, महत्वपूर्ण निर्णय प्रकृयामा अभिभावकलाई संलग्न गराई कार्यान्वयनमा सहजता ल्याउनुपर्ने, विद्यालय व्यवस्थापन समितिले पूर्वाग्रह विना काम गर्नुपर्ने तथा शिक्षक, अभिभावक र विद्यार्थीको त्रिकोणात्मक सम्बन्ध मजबुत भएमा सामुदायिक विद्यालयमा गुणस्तर वृद्धि हुनगई विद्यार्थी आकर्षण बढाउन सकिने कुरा देखिन आयो ।

**वैयक्तिक अध्ययन ८**

*मेरो नाम देवराज लामिछाने, आँधिखोला गा.पा. वार्ड नं ३ निवाशी, यसैक्षेत्रको विद्यालय निरिक्षक हुँ । सामुदायिक विद्यालयको गुणस्तर विगतको तुलनामा हाल आएर खस्केको देखिन्छ । यस्तो विग्रदो अवस्था आउनु पटक्कै पनि समाज र राष्ट्रको लागी शुभ संकेत होइन । यसका पछाडि सम्पूर्ण सरोकारवालाहरूको हात रहेको छ । त्यसैले यसको सुधारको लागी  अभिभावकमा अपनत्वको भावना भई चासो दिनुपर्छ , व्यवस्थापकीय र प्रशासकिय पक्ष सवल र सक्षम हुनुपर्छ , शैक्षिक नीति नियम समय सापेक्ष सान्दर्भिक हुन जरुरी छ, शिक्षकमा बदलिदो पाठ्यक्रम अनुरुप आफुलाई समायोजित गर्न सक्षम हुनुपर्छ , निजि विद्यालय सग प्रतिसपर्धा गर्न सक्ने अंग्रेजी माध्यम लाई शिक्षणमा प्रयोग गरिनुपर्छ , विद्यालयको आम्दानी खर्च विवरणलाई चुस्त दुरुस्त राख्नुपर्छ, आधुनिक विधुतीय शैक्षिक सामग्रीलाई शिक्षणको साधन बनाइनुपर्छ र अभिभावकलाई विद्यालयका हरेक क्रियाकलापमा सहभागी गराउनु राम्रो हुन्छ । यिनै कुरालाई ख्याल गर्न सकेमा सामुदायिक विद्यालयको विकल्प देखिदैन ।*

## ६.४.३ गुणस्तर त्यसको मापदण्ड

दुईथरी विद्यालयको तात्विक अन्तरलाई गुणस्तरको मापदण्डको कसीका रुपमा अंग्रेजी माध्यमलाई स्वीकार गरिएको छ । यदि यस अन्तरलाई निराकरण गरिएमा दुइ थरी भन्ने कुरा साथसाथै समाप्त रहने कुरामा सन्देह रहन्न । तथापि सामुदायिक विद्यालयामा नीजि स्कुलको गुणस्तर बहाल गर्नुपर्ने कार्यलाई निम्न तालिका द्वारा प्रष्ट पारिन्छ ।

**तालिका ६.६**

**सामुदायिक विद्यालयमा गुणस्तर बढाउन चाल्नुपर्ने कदम**

| मापदण्डको नमुना | गणना | प्रतिशत |
|---|---|---|
| अंग्रेजी माध्यमा पढाई गर्नुपर्छ | १३४ | ८६.३ |
| कुशल प्रशासनिक व्यवस्थापन | २२ | १३.७ |
| जम्मा | १५६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

उल्लिखित तालिका ६.६ बमोजिम सामुदायिक विद्यालयमा, नीजि स्कुलको गुणस्तरको कसी भनिएको अंग्रजी भाषाको पढाई गर्न सकिएमा सामुदायिक विद्यालय पनि गुणस्तरयुक्त हुन्छ भन्ने ठहर ८६.३ प्रतिशत (१३४ जना) को छ भने सामुदायिक विद्यालयमा कुशल प्रशासनको व्यवस्था गर्न सकिएमा पनि त्यो गुणस्तरीयता कायम गर्न सकिन्छ भन्ने विचारमा २२ जना (१३.७) प्रतिशतको मत रहेको छ ।

नीजि विद्यालय शैक्षिक गुणस्तर राम्रो भएको र सामुदायिक विद्यालयको कमजोर भएकोले सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षण बढाई भर्नादर वृद्धिगर्न आधुनिक अग्रेजी माध्यम मा पढाइ गर्नुपर्ने र नीजि विद्यालयमा जस्तै सक्षम र कुशल प्रशासन को व्यवस्था गरी सोही अनुरुप व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

# अध्याय : सात

# सारांश, निष्कर्ष र सुझाउहरू

## ७.१ सारांश

विद्यालय एक सामाजिक संस्था हो । समुदाय र समाजले सामुहिक स्वार्थपूर्तिका लागि सामुदायिकविद्यालयको स्थापना गरेका हुन्छन् । विद्यालयले पनि सामुदायिकभावना र अपेक्षाहरूको पूर्तिका लागि हर सम्भव प्रयासरत हुन्छन् । सामुदायिक विद्यालयमा वर्तमान समयमा शिक्षाको गुणस्तर खस्कदै जानु र विद्यार्थी भर्नादर पनि घट्न गई विद्यार्थी संख्या कम हुँदै जानुले आम अभिभावकको विद्यालयप्रतिको धारणामा केही नकारात्मकता सृजना भएको छ ।राज्यले शिक्षामा धेरै लगानी गर्ने तरप्रतिफल भने अपेक्षाकृत नहुने कारणले नै अभिभावकको सामुदायिक विद्यालयप्रति वितृष्णा बढ्न थालेको भन्ने आम जन गुनासो बढेकोले यस्तो सामाजिक संस्था समाजशास्त्रीय दृष्टिकोणले अति घातक हुने ठानी यस समस्याको समाधान हेतु केही सान्दर्भिक उपाय सुझाउन सकिन्छ कि भन्ने अभिप्रायले सामुदायिक विद्यालयप्रति अभिभावकको धारणाप्रहिचान गर्नु र वर्तमान विद्यार्थी संख्या पत्ता लगाई थप विद्यार्थी आकर्षणका उपायहरू सुझाउनु मुख्य उद्देश्य रहेका छन् ।

अध्ययन किन गर्नुपर्‍यो ? यसबाट के उपलब्धी हुन्छ ? यसले समाजमा के योगदान दिन सक्छ ? भन्ने बारेमा अध्ययन केन्द्रित गरिएको छ । अध्ययन जस्तो वृहत र गहन कार्य असिमित ठाउँमा गर्नु स्वयम्मा झन्झटिलो मात्र नभएर साधन, स्रोत र समयका दृष्टिकोणले अव्यवहारिक हुने भएकोले यसको सीमा जम्मा १५६ जना अभिभावकहरूमा सिमीत गरिएको छ । विभिन्न सान्दर्भिक साहित्य समिक्षा, सैद्धान्तिक समीक्षा र पूर्व साहित्यहरूको समिक्षा समेत गरिएको छ । त्यसैगरी अनुसन्धानलाइ कसरी अगाडि बढाउने? कहाँ गर्ने, कहिले गर्ने, समग्रता र नमूना छनौट कति गर्ने ताकि त्यसले जनसंख्याको प्रतिनिधित्व गर्न सकोस् भनेर निक्यौल गरिएको छ । साथै तथ्याङ्क सन्नलनका क्रममा उपयुक्त धिहरू मध्ये प्रश्नावली र मुख्य सूचनादातारुको अन्तरवार्ताका माध्यमबाट तथ्यान्न सन्नलन तथा एस.पी.एस. विधिबाट विश्लेषण गरी तालिका तथा चित्रबाट प्रस्तुतीकरण

गरिएको छ । साथै यथोचित बजेटको बाँडफाँड प्राप्त समयको साथै अन्वेष्णात्मक र व्याख्यात्मक अनुसन्धान ढाँचा प्रयोगमा ल्याइएको छ ।

## मुख्य प्राप्ति

द्वसामुदायिक विद्यालयप्रति अभिभावकको धारणा" शीर्षक अन्तरगत रहेर शोधार्थीले राखेका उद्धेश्य प्राप्तिका लागी उद्धेश्यसँग सम्बन्धित रही विभिन्न तथ्य तथ्याङ्कको सङ्कलन, प्रसोधन, प्रस्तुतीकरण र विश्लेषण पश्चात निम्नानुसारका सारभुत प्रतिकृया प्राप्त भयो :

- सबैभन्दा बढी अभिभावक १२४ जना (८०प्रतिशत) ले सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी पढ्न पठाएका छन् भने १५ प्रतिशत (२४ जना) अभिभावकले नीजि र सामुदायिक दुवैमा पठाएको पाइयो ।
- अधिकांश अभिभावक ७३ जना (४६.६ प्रतिशत) ले आर्थिक अभावका कारण आफ्ना छोराछोरी लाई सामुदायिक विद्यालयमा पठाउनु परेको कारण उल्लेख गरेका छन् ।
- विद्यालय र घर निकटताको कारण पनि अभिभावकले सामुदायिक विद्यालयमा पठाएको देखियो ।
- आफ्ना छरछिमेकका व्यक्तिहरूले सामुदायिक विद्यालयमा पढ्न पठाएको कारण व्यक्त गर्ने अभिभावक ५प्रतिशत (७ जना) थिए ।
- सामुदायिक विद्यालयमा अभिभावकको उपस्थिति ज्यादै न्यून देखियो । जसमा बर्षभरिमा विद्यालय एक पटक मात्र उपस्थिति हुने अभिभावक ४५ प्रतिशत (७० जना) अभिभावक देखिए । त्यसैगरी २ पटक विद्यालय जानेहरूमा ३० प्रतिशत (४६ जना) देखिए भने सबैभन्दा विद्यालय उपस्थित हुने जम्मा १३ जना (८ प्रतिशत) अभिभावक छन् ।
- सामुदायिक विद्यालयको आवश्यकता नीजि विद्यालयबाट परा नुहुने, अभिभावक र विद्यालयवीच अन्तरकृया निकै कम हुने गरेको, विद्यालयको महत्वपूर्ण निर्णयप्रकृयामा अभिभावकलाई सहभागिता नगराइएको भन्नेमा १११ जना अभिभावक (७१ प्रतिशत) देखिए ।
- सामुदायिक विद्यालयको पढाइप्रति अधिकांश अभिभावक ६६ प्रतिशत (१०२ जना) असन्तुष्टि देखिए ।

- विद्यालय आर्थिक रुपमा असक्षम भएकोकुरा व्यक्त गर्ने अभिभावक ५९ प्रतिशत (९२ जना) देखिए ।
- विद्यालयको बार्षिक बजेट को विवरण सार्वजनिक गर्ने प्रचलन निकै कम देखियो । जसमा १०२ जना (६५.५ प्रतिशत) ले सो कुरा व्यक्त गरे ।
- माथिल्लो निकायबाट गरिने अनुगमन पनि निकै कम रहेको कुरा व्यक्त गर्ने अभिभावकहरूमा ७५.९ प्रतिशत (११८ जना) रहेका छन् ।
- सामुदायिक विद्यालयमा राजनीतिकरण बाधक तत्व हो भन्ने अभिभावक अधिकांश देखिए भने शिक्षामा व्यापारीकरण बन्द गरिनु पर्छ भन्नेमा १४९ जना देखिए ।
- सामुदायिक विद्यालयको विकल्प नरहेको भन्नेमा अधिकांश अभिभावक सहमत रहेको पाइयो जसमा ९१ प्रतिशत (१४२ जना अभिभावक देखिए ।
- सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको कुरामा सतप्रतिशत अभिभावक सहमत देखिए ।
- सामुदायिक विद्यालयको औचित्य र आवश्यकता छ भन्नेमा अधिकांश अभिभावक ९२ जना (५९.१ प्रतिशत) सहमत देखिए भने समय सापेक्ष अंग्रेजी माध्यममा पढाइ हुनु पर्छ भन्नेकुरामा पनि ३५.५ प्रतिशत) अभिभावकको मत रहेको पाइयो ।
- अंग्रेजी माध्यमबाट पढाई गर्नुपर्ने कुरा व्यक्त गर्ने अभिभावकमा १४४ जना (९२ प्रतिशत) रहेको पाइयो ।
- सामदायिक विद्यालयको गुज्रदो अवस्था आउनमा राज्य र सरोकारवालाहरू जिम्मेवारी छन् भन्नेमा अधिकांश अभिभावक (१३८ जना) देखिए ।
- सामुदायिक विद्यालयको महत्व र आबवश्यकता छ भन्नेमा ३२.४ प्रतिशत अभिभावक देखिए । उनीहरूले सामुदायिक विद्यालय सर्वसुलभ र नजिक भएको कुरा उल्लेख गरे ।
- अधिकांश अभिभावकले सामुदायिक विद्यालय समावेशी शिक्षाको आधार, शिक्षामा समान अवसर, सवैको पहुँच आदि भएकोले यसको महत्व बढ्दै गएकोकुरा व्यक्त गरे ।
- सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षण बढाउन र शिक्षाको गुणस्तर बृद्धिगर्न आधुनिक विधुतीय सामग्रीबाट शिक्षण गर्नुपर्ने, अंग्रेजी माध्यमबाट शिक्षष गर्नुपर्ने, शिक्षक तथा कर्मचारीका छोराछोरी पनि सामुदायिक विद्यालयमा पढाउनु पर्ने, विद्यालयमा आर्थिक

पारदर्शिता हनुपर्ने, राजनीति बन्द गरिनु पर्ने, नियमित अनुगमन तथा शुपरिवेक्षण गर्नुपर्ने जस्ता कुराहरू उल्लेख गरेको पाईयो ।

## ७.२ निष्कर्ष

अधिकांश अभिभावकको रोजाइ सामुदायिक विद्यालय रहेको र आफ्ना छोराछोरीलाइ सामुदायिक विद्यालयमा पढाउनु पर्ने प्रमुख कारण भनेको सामुदायिक शिक्षा सर्वसुलभ,निशुल्क र घरबाट नजिकको पायक रहेको पाइयो । सामुदायिक विद्यालयमा अभिभावकको न्यून उपस्थिति भएको र त्यो हुनुमा विद्यालयले अभिभावकलाइ विद्यालय आउने वातावरण सृजना गर्न नसकेको देखिन्छ । सामुदायिक विद्यालयमा धेरै समस्याहरू देखिएका छन् जस्तैः अभिभावक र विद्यालय वीच अन्तरकृया नहुनु, पढाइप्रति अभिभावकको असन्तुष्टि, विद्यालयको महत्वपर्ण निर्णयप्रकृयामा उनीहरूलाइ संलग्न नगराइनु, विद्यालय व्यवस्थापन समिति सक्षम नहुनु, आर्थिक पारदर्शिता नहुनु, अनुगमन र निरिक्षण कम हुनु, विद्यालयको वातावरण राजनीतिले विगार्नु, शिक्षामा व्यापारीकरण भएको निष्कर्ष पाइन्छ ।

सामुदायिक विद्यालयमा दिनानुदिन विद्यार्थी संख्या घट्दै गइरहेको, गुणस्तर वृद्धि गर्न अंग्रेजी माध्यमलाई प्रभावकारी रुपबाट लागु गर्ने कुरामा अभिभावकको मत रहेको उक्त विद्यालयका गुज्रदो अवस्था आउनमा राज्य र सरोकारवालाहरू नै जिम्मेवारी रहेको पाइयो । सामुदायिक विद्यालय सर्वसाधारणका लागी निकै महत्वपूर्ण रहेको, विद्यालयमा थप विद्यार्थी आकर्षण गर्न अपनाउने उपायहरूमाः आधुनिक विदुतीय सामग्री बाट शिक्षण गर्नुपर्ने, शिक्षक तथा कर्मचारीका छोराछोरीहरूलाई पनि सामुदायिक विद्यालयमा भर्ना गरिनु पर्ने, माथिल्लो निकायबाट नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनुपर्ने, राजनीतिकरण र व्यापारीकरण बन्द गरिनु पर्ने, अभिभावकलाइ विद्यालयको महत्वपर्ण निर्णय प्रकृयामा सहभागी गराउनु पर्ने, दक्ष तालिम प्राप्त शिक्षकको नियुक्ति, स्रोतसाधन सम्पन्न हुनुपर्ने, विद्यार्थी आकर्षणका कार्यक्रमहरू कार्यान्वयनमा ल्याउनुपर्ने, विद्यालय व्यवस्थापन समिति र प्रशासनवीच समन्वय कायम हुनुपर्ने जस्ता कुराहरू अध्ययनको निचोड रहेका छन् ।

## ७.३ सुझाउहरू

अध्ययन अँखोज स्वयम्मा जटिल विषय हो । यसको गहिराइको सीमा अनन्त छ । त्यसमा पनि विषय अनुसार कमबेशी हुनु स्वभाविर्क हो । जहाँसम्म सामुदायिक विद्यालय प्रति अभिभावकको धारणा बुझ्न झनै गहन मानिन्छ। अध्ययनका क्रममा पाइएका केही विद्यालय सम्बन्धी कमीकमजोरीहरूको निराकरण आवश्यक देखिन्छ । तसर्थ उनीहरूका सुझाउहरूलाई बुँदागत रुपमा निम्नानुसार समेट्ने जमर्को गरिएको छ :

- देशमा व्याप्त दुइथरी शिक्षा हटाएर एकैकिसिमको राष्ट्रिय शिक्षा नीति बनाएमा हाल विद्मान समस्या निराकरण हुने ।
- सामुदायिक विद्यालयमा अभिभावकको उपस्थिति न्यून रहेकोले विद्यालयको तर्फबाट अभिभावक विद्यायलय भित्राउने प्रयास गर्नुपर्ने ।
- विद्यालयको महत्वपूर्ण निर्णय प्रकृयामा अभिभावक संलग्नता अनिवार्य गराउनु पर्ने ताकि निर्णय कार्यान्वियनमा सजिलो होस ।
- समय समयमा अभिभावक,शिक्षक र विद्यार्थी वीच अन्तरकृया गरिनुपर्छ।
- विद्यालय व्यवस्थापन समिति सक्षम,निष्पक्ष र व्यावहारिक हुनपर्ने।
- सामुदायिक विद्यालयमा आर्थिक पारदर्शिता कम हुनेगरेको उत्तरदाताहरूको प्रतिकृया आएकोले यसलाइ आम अभिभावकसामु पारदर्शि रुपमा सार्वजनिक गर्नुपर्ने।
- उपल्लो तहबाट गरिने अनुगमन,निरिक्षण र निर्देशन नियमित र नीति सङ्गत हनुपर्ने।
- सामुदायिक विद्यालयमा देखिएको व्याप्त राजनीतिकरण बन्द गरिनुपर्ने।
- सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै जानुको प्रमूख कारण राज्य र सरोकारवालाहरूलाइ देखाइएकोले राज्यले अपनाएको ढुलमुले अस्थिर शैक्षिक नीति र नीति कार्यान्वियनमा सरोकारवाला दुवै पक्ष जिम्मेवार रहेकोले देशको शैक्षिक नीति समय सापेक्ष परिवर्तन र संसोधन गरिनु पर्छ।
- विद्यालयमा आधुनिक विधुतीय शैक्षिक उपकरण र प्रविधि प्रयोग गरी शिक्षण गरिनुपर्छ।
- आधुनिक अंग्रेजी माध्यमबाट प्रभावकारी शिक्षण गर्नुपर्ने।
- सक्षम,कुशल,दक्ष,योग्य र अनुभवी शिक्षक नियुक्त गर्नुपर्ने देखिन्छ।
- विद्यालयमा भौतिक सुविधाहरू उपलब्ध हुनुपर्ने देखिन्छ।

- स्थानीय स्रोत साधनको परिचालन गरी केन्द्रिकृत शैक्षिक नीतिलाइ विकेन्द्रीत गर्दै स्थानीय निकायलाइ जिम्मेवारी सुम्पिदै अगाडि बढ्नुपर्ने देखिन्छ ।
- विद्यालयमा विद्यार्थी आकर्षण बढाउन दिवा खाजा, छात्रवृति वितरण, विद्यार्थी प्रोत्साहन कार्यक्रमहरू प्रभावकारी रुपमा लागु गर्नपर्दछ ।
- विद्यालय र समुदायवीच आपशी समन्वय कायम गराउन विद्यालय समुदायवीच नयाँ नयाँ सामुदायिक कार्यक्रमको आयोजना गरिनुपर्ने ।
- विद्यालयको नयाँ शैक्षिक सत्रमा प्रभावकारी विद्यालय भर्ना स्वागत कार्यक्रम सञ्चालन गनुपर्ने ।
- सरकारी शिक्षासेवामा कामगर्ने प्रत्येक व्यक्तिले ॐशिक्षकले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा नै अध्ययन गराउदा राम्रो हुने ।
- सरकारी सेवा र अवसरमा सामुदायिक विद्यालयको उत्पादन लाई समानुपातिक रुपमा कोटा छुट्याउने व्यवस्था भएमा राम्रो हुने देखिन्छ ।
- विद्यालयमा गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमहरू  योजनावद्धतवरले गर्दा राम्रो हुने देखिन्छ ।
- विद्यलाय प्रशासन कुशल,सक्षम,दक्ष एवम् व्यावहारिक हुनुपर्ने देखिन्छ ।
- चन्दादाता,सहयोगी संघसंस्था र विद्यालयलाई विशेष चासो राख्ने व्यक्तित्वहरूलाई सम्मान गरिनुपर्ने देखिन्छ ।

# सन्दर्भग्रन्थसूची

अधिकारी, विष्णुप्रसाद (२०५८), *शिक्षाशस्त्र र नेपालमा शिक्षा,* काठमाण्डौ : आशिष पुस्तक भण्डार ।

अन्तराष्ट्रिय मञ्च (२०७३), *नेपाल सम्बन्धी वार्षिक अंक वैशाख ।*

एजुकेशनल इपेज संवाददाता (२०६५), वर्ष ६, भोलुम -४, डिल्लीबजार काठमाडौ : एजुकेशनल पेजेज (पाक्षिक) परिवार ।

कास्की शैक्षिक दर्पण (२०६१ र २०६३), *जिल्ला शिक्षा कार्यालय,* पोखराः सिग्देल प्रेस ।

कोइराला, विद्यानाथ (२०६६), *शैक्षिक व्यवस्थापनको संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६६), *शैक्षिक व्यवस्थापनको संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कंडेल, मनिराम (२०६८), *विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघको भूमिका,* (अप्रकाशित शोधपत्र) त्रि.वि.। शिक्षाशास्त्र संकाय, पोखरा : पृ.ना .क्याम्पस ।

गा.वि.स. कार्यालय फापरथुम (२०६७), *वस्तुस्थिति विवरण,* स्याङ्जाः ग्लोवल अफसेट ।

गौतम, सूर्यप्रसाद र सीताराम कोइराला (२०७२), *शिक्षा सम्बन्धी आधारभुत ज्ञान,* डिल्लीबजार, काठमाण्डौ, सोपान ।

थापा, युवराज (२०६८), *ग्रामिण क्षेत्रका सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यार्थी सहभागिता,* (अप्रकाशित शोधपत्र), पोखरा त्रि.वि. शिक्षाशास्त्र संकाय, पृ.ना.क्या.पोखरा ।

जोशी, डा.कमलकृष्ण (आषाढ २४-२५,२०६२): *शैक्षिक विकासमा राज्य निजी क्षेत्र र समुदायको भूमिका ।*

ढकाल, माधवप्रसाद (२०६२), *शिक्षाको प्रारम्भीक परिचय,* काठमाण्डौः मकालु बुक्स स्टेसनर्स ।

नेपाल, अरुण (२०६२), हाम्रो सम्पदाः *नेपालमा शिक्षा विगत र वर्तमान,* अनामनगर, काठमाडौः इन्द्रेणी अफसेट प्रेस ।

पराजुली, विश्वकल्याण (२००४), *Qestionnaire: A tool of primary data collection*

पौडेल, लेखनाथ (२०६४), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

मञ्जन, विनोद (२०६३), *शिक्षामा निजीकरण यसको समाजमा असर,* हाम्रो सम्पदा पृ.१०४-१०५, वर्ष ५, अंक २०६२, राष्ट्रिय मासिक, अनामनगर, काठमाडौंः इन्द्रेणी अफसेट प्रेस ।

शर्मा, गोपीनाथ (२०४९), *शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाण्डौ : मकालु बुक्स स्टेसनर्स ।

शर्मा, गोपीनाथ (२०५७),*नेपालको शैक्षिक इतिहास,* काठमाण्डौः मकालु बुक्स स्टेसनर्स ।

शर्मा, गोपीनाथ (२०६०),*नेपालको शैक्षिक इतिहास,* काठमाण्डौः मकालु बुक्स स्टेसनर्स ।

शिक्षक (२०७३), *मासिक अंक,* आषाढ ९९, जावलाखेल,ललितपूर ।

सुवेदी, नारायणप्रसाद (२०६१), *सबैका लागि शिक्षा, शिक्षा विकासको नयाँ अभियानः कास्की शैक्षिक दर्पण ।*

सेरिड (२००८), *स्कुल गभर्नन्स अभफ नेपाल नामक प्रतिवेदन,* काठमाण्डौ : बल्खु ।

*स्याङ्जा शैक्षिक दर्पण* (२०७२), जिल्ला शिक्षा कार्यालय स्याङ्जा, पोखराः बन्धु अफसेट प्रेस ।

क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र (२०६१), *मानवशास्त्र र समाजशास्त्रको परिचय,* बागबजार, काठमाण्डौ : एसिया पब्लिकेशन कञ्चन प्रिन्टिङ प्रेस ।

क्षेत्री, डिलबहादुर र कार्की ज्ञानेन्द्रबहादुर (२०७१), *स्याङ्जामा विद्धमान सामुदायिक विद्यालयको एस.एल.सी.नतिजा समस्या र समाधान विषयक कार्यपत्र* ।

## अनुसूचि एक

## अन्तवार्ता प्रश्नावली

## सामुदायिक विद्यालय प्रति अभिभावको आरणाः समाजशास्त्रीय अध्ययन

मितिः-

नमुना नम्बरः

१. उत्तरदातासम्वन्धी सामान्य जानकारीः-

(क) उत्तरदाताको नामः

(ख) लि १. पुरष २. महिला

(ग) धर्म १. हिन्दु २. बौद्ध ३. क्रिश्चियन ४. अन्य

(घ) परिवार (किसिम): १. एकल २.संयुक्त ३.अन्य

(ङ) मातृभाषाः १. गुरुङ २.मगर ३. खस ४. अन्य

(च) वैवाहिक स्थितिः १.विवाहित २.अविवाहित ३. अन्य

(छ) उत्तरदाताको पेशा (ज) उत्तरदाताको जातीयता (ञ) उत्तरदाताको उमेर

२. परिवारका सदस्यहरूको केही विवरण दिनुहुन्छ कि ?

| सि.नं. | नाम | उत्तरदाता संगको सम्बन्ध (क) | लि (ख) | उमेर (ग) | स्कुलउँकलेजउँपढ्दै गरेकोउँनगरेको (घ) | शिक्षा (ङ) | वैवाहिक स्थिति (च) | मुख्य पेशा (छ) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

निर्देशनः माथिका क, ख, ग, घ, ङ, च, छ र ज लहरमा निम्नानुसार भर्ने

उत्तरदातासंगको सम्बन्ध

(क) घरमूली ............... १, श्रीमानउँश्रीमती.......... २, छोराउँछोरी .......३, बुहारी .............४, नातिउँनातिनी ...........५, बुवाउँआमा ..........६, सासुउँससुरा .......७, दाजुभाइउँदिदीबहिनी.......८, भतिजाउँभतिजी .........९, अन्य ..........१०

लि (ख) पुरुष .............१, महिला ................२

स्कुलउँकलेज पढ्द्र गरेकोउँनगरेको

(घ) पढ्दै गरेको ..............१, नगरेको .................२

शिक्षा (ङ) निरक्षर ................., अनौपचारिक शिक्षा ..............१, प्रा.वि ..............२, निम्न माध्यमिक .............३, माध्यमिक ...............४, S.L.C,............५, आई.ए.वा सोभन्दा माथि...............६ ।

वैवाहिक स्थितिः (च) अविवाहित..........१, विवाहित ............२, अन्य.............३

मुख्य पेशा (५): कृषि ...............१, सरकारीउँनिजी नोकरी ..............२, व्यपार .........३ उद्योग.............४, ज्याला मजदुरी............५, सेवानिवृत्ति...............६, विद्यार्थी..........६, लाहुरे ..............८, वैदेशिक रोजगार............९, गृहिणी १०, अन्य.....११

३. व्यक्तिगत पशनावली:

| सि. नं. | प्रश्न | उत्तरहरू | जाने |
|---|---|---|---|
| १. | के तपाई लेख्न सक्नुहुन्छ ? | १.सन्छु २. सक्दिन | ३ |
| २. | कति कक्षा पास गर्नुभएको छ ? | १.निरक्षर<br>२. साक्षर<br>३. माध्यमिक<br>४. आई. ए.उँ+२<br>५. स्नातक | ७ |
| ३. | तपाईको परिवारको आयस्रोत के हो?<br>बहुउत्तर आउन सक्ने) | १. कृषि<br>२. ज्यालामजदुरी<br>३. व्यापार<br>४. नोकरी<br>५. घरभाडा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ६. पेन्सन<br>७. वैदेशिक रोजगारी<br>८. अन्य | | | |
| ४. | सरदर मासिक आम्दानी कति हुन्छ? | १. ५००।-सम्म<br>२.५००१-१०,००० सम्म<br>३.१०,०००१-२०,००० सम्म<br>४.२०,०००१-५०,००० सम्म<br>५. ५०,०००।- भन्दा माथि | | | |
| ५. | तपाईले मासिक रुपमा निम्न वस्तुमा कति जति खर्च गर्नुहुन्छ ? | वस्तुहरू | खर्च (ने.रु.) | | |
| | | | रु १०,००० सम्म | रु१००००१ देखी माथि | |
| | | १.खाना | रु | रु | |
| | | २.कपडा | रु | रु | |
| | | ३.स्वास्थ्य | रु | रु | |
| | | ४.शिक्षा | रु | रु | |
| | | ५. मनोरञ्जन | रु | रु | |
| | | ६. चाडपर्व | रु | रु | |
| | | ७. अन्य | रु | रु | |
| ६. | यो घर तपाईको आफ्नै हो कि? | १. आफ्नै घर २. भाडाको घर ३.नातेदारको घर ४. अन्य | | | |
| ७. | घरको किसिम र सामान्य विवरण? ( उल्लेख गर्ने) | | | | |
| ८. | तपाईको घरभन्दा बाहेक अरु जमिन छ ? | १.छ २. छैन | | | १० |
| ९. | यदि छ भने कस्तो प्रकारको जमिन छ ? (एकभन्दा धेरै घर भएमा अन्यमा जानकारी गराउने) | १. घडेरी २. खेत ३. बारी ४. अन्य | | | |

| | | | |
|---|---|---|---|
| १० | तपाईको घरमा कुनै सवारी साधन छन् ? | १. छ २. छैन | १२ |
| ११ | यदि छन् भने कस्ता साधन छन् ? (बहुत्तर आउन सक्ने) | १. साइकल २. मोटरसाइकल ३. कार ४. ट्याक्सी ५. बस ६.ट्रक ७. अन्य | |
| १२ | के तपाईको घरमा छुट्टै किचन छ ? | १. छ २. छैन | |
| १३ | तपाईको घरमा यीमध्ये के-के सामग्रीहरू छन् ? (बहुउत्तर आउन सक्ने) | १.राइस कुकर २. हिटर ३.फ्रिज ४.ग्यास ५.सोलार ६.डाइनि टेवल | |
| १४ | तपाईको कति छोराछोरी स्कुल जान्छन् ? | १. छोरा २. छोरी ३.जम्मा | |
| १५ | स्कुल जाने उमेरका छोराछोरी को संख्या कति छ ? | १. छोरा २. छोरी ३. जम्मा | |
| १६ | पूर्व प्रा.कक्षा पढ्ने छोराछोरी पनि छन् कि ? (भएमा मात्र) | १. छोरा २.छोरी ३.जम्मा ४.छैनन् | |
| १७ | स्कुल जाने उमेर भएपनि स्कुल नगएका छोराछोरीको संख्या कति छ? | १.छोरा २.छोरी ३. जम्मा ४.छैनन् | |
| १८ | यदि भएमा स्कल नजानु वा नपढाउनुको कारण के होला? बहसउत्तर आउन सक्ने) | १.स्कुल टाढा भएर २.स्कुल पठाउने हैसियत नभएर ३.घरको कामकाज गर्नुपर्ने भएकोले ४.आय(भए उल्लेख गर्नुहोस्) | |
| १९ | पढ्दा पढ्दै वीचैमा छोड्ने छोराछोरी पनि छन् कि ? | १. छन २. छैनन् | |
| २० | यदि भएमा त्यसो हुनाको कारण के हो? | | |
| २१ | तपाईको घरको पहुँचमा पर्ने विद्यालयहरू कुन कुन छन् ? | १.सामुदायिक २.नीजि ३.दुवै | |
| २२ | कुनचाहि विद्यालय नजिक छ ? | १.सामुदायिक २.नीजि | |
| २३ | कुनचाहि विद्यालयमा बालबच्चा पढ्न पठाउनु हुन्छ ? | १.सामुदायिक २.नीजि ३. दुवै ४.विदेशमा | |

| | | |
|---|---|---|
| २४ | सामुदयिक विद्यालयमा पढाउनु हुन्छ भने त्यसको कारण के हो ?<br>(बहुउत्तर आउन सक्ने) | १. नजिक भएर २.आर्थिक कठिनाईले<br>३. आफुपनि त्यस्तै विद्यालयमा पढेकोले<br>४.अरुले पनि त्यहि पढाएको देखेर<br>५. राम्रो भविष्यको लागी<br>६.अन्य भए। |
| २५ | नीजि स्कुलमा पढाउनुहुन्छ भने, त्यसो हुनाको कारण के होला ? | १. नजिक भएर २. पढाइ राम्रो भएर<br>३. इज्जत बचाउन ४.राम्रो भविष्यको लागि<br>५. अन्य भए। |
| अभिभावको विद्यालयमा उपस्थिति | | |
| २६ | तपाईको बच्चा पढ्ने विद्यालयमा तपाईलाई बोलाईन्छ कि बोलाइदैन | १. बोलाईन्छ २. बोलाईदैन |
| २७ | बोलाईन्छ भने तपाई विद्यालयमा जानु हुन्छ ? | १. जान्छु २. जान्न |
| २८ | यदि जानु हुन्छ भने वर्षमा कतिपटक जति जानु हुन्छ ? | १ एक पटक २. दुई पटक ३. तीन पटक<br>४. चार पटक ५. पाँच पटक ६. छ पटक<br>७. कहिलेकाहि ८. जादिन |
| उत्तरदाताको अवधारणा | | |
| २९ | विद्यालयको महत्वपूर्ण निर्णय प्रकृयामा तपाईलाई विद्यालयले आमन्त्रण गर्छ ? | १. गर्छ २. गर्दैन ३. थाहा छैन |
| ३० | विद्यालयले उत्कृष्ट अभिभावक छनौंट गरेको छ ? | १. छ २. छैन् |
| ३१ | शिक्षक, विद्यार्थी र तपाई विचको अन्तरकृया हुने गरेको छ ? | १. छैन २. छ ३. थाहा नै भएन |
| ३२ | विद्यालय भौतिकउँआर्थिक रुपले सम्मन्न छ कि छैन ? | १. सम्पन्न छ २. सम्पन्न छैन ३. सामान्य छ |
| ३३ | सामुदायिक विद्यालयको पढाइप्रति सन्तोष हुनुहुन्छ ? | १. छ २. छैन ३. केहि भन्न सक्दिन |
| ३४ | तपाईले छनौंट गरेको विद्यालय | १. सन्तुष्ट छु २. सन्तुष्ट छैन |

| | | |
|---|---|---|
| | व्यवस्थापन समितिको कार्यप्रति तपाई सन्तुष्ट हुनुहुन्छ ? | |
| ३५ | विद्यालयको नियमित अनुगमन, निरिक्षण भएकोॐभएको केहि थाहा छ? | १. थाहा छ २.थाहा छैन ३. कहिले काहि हुन्छ भनेको सुनेको छु । |
| ३६ | तपाईको विचारमा अंग्रजी माध्यमबाट शिक्षण गर्नुपर्छ कि पर्दैन ? | १. पर्छ २. पर्दैन ३. समयको माग हो । |
| ३७ | सामुदायिक विद्यालयमा राजनीति चल्छ भन्छन नि, तपाईको के छ भनाई ? | |
| ३८ | सामुदायिक विद्यालयको विकल्प देख्नस हुन्छ ? | १. छैन २. छ ३.खोजिनु पर्छ । |
| खः वर्तमान विद्यार्थी संख्या र थप आकर्षणका उपायहरू:<br>सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको दृष्यप्रति अभिभावकको हेराई | | |
| ३९ | सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको छ भन्ने भनाईमा तपाई सहमत हुनुहुन्छ ? | १. सहमत छु २. सहमत छैन |
| ४० | यदि सहमती छ भने के कारण हो ? | १.नेपाली भाषाप्रतिको वितृष्णा<br>२. अंग्रजी भाषाको आकर्षण<br>३. गुणस्तरमा आएको ह्रास<br>४. तिव्र राजनीतिकरण र व्यापारीकरण<br>५. गलत शिक्षा नीतिको कारण |
| ४१ | यस प्रवृत्ति लाई रोक्न आवश्यक ठान्नु हुन्छ ? | १. ठान्दछु २. ठान्दिन |
| ४२ | यदि ठान्नु हुन्छ भने किन ? | १. सबैको पहुँच भएकोले<br>२. सर्वसुलभ र नजिक भएकोले<br>३. कम खर्चिलो भएकोले<br>४. समावेशी शिक्षा भएकोले<br>५. समान अवसरको सु-निश्चितता |

| | | |
|---|---|---|
| | | भएकोले<br>६. अन्य |
| | सामुदायिक विद्यालय र अपेक्षित सुधार | |
| ४३ | सामुदायिक विद्यालयको विकल्प छ कि छैन ? | १. छ  २. छैन |
| ४४ | यदि विकल्प छैन भने किन यस्तो समस्या आएको हो त ? (बहुउत्तर आउन सक्ने) | १. अस्थिर शिक्षानीति<br>२.राज्य अदासिन<br>३. अनुगमन, निरिक्षणको अभाव<br>४. विद्यालयमा राजनीतिकरण<br>५. शिक्षणलाई समयानुकुल बनाउन नसक्नु<br>६. अन्य |
| ४५ | त्यसो भए थप विद्यार्थी आकर्षण गरी भर्ना वृद्धि गर्न के गर्नुपर्ला ? | १. अंग्रेजी माध्यममा शिक्षण गर्ने<br>२.गुणस्तरीय कायम गर्ने<br>३. प्रोत्साहन कार्यक्रम सञ्चालन<br>४.पाठ्यक्रमलाई समय सान्दर्भिक व्यवहारिक एवम् व्यवस्थित बनाउने<br>५.शिक्षकँकर्मचारीका छोराँछोरीलाई सामुदायिक विद्यालयमा पढाउने<br>६. आधुनिक विद्युतीय सामग्रीको माध्यमबाछ शिक्षण गर्ने<br>७. अन्य |
| ४६ | मौजुदा प्रवृत्ति नरोकिएमा सामुदायिक विद्यालयको अस्तित्व रहन सक्ला ? | १. सक्छ  २. सक्दैन |
| ४७ | यदि सक्छ भने उपायहरू के के हुन? | |
| ४८ | सक्दैन भने सामुदायिक विद्यालयलाई पुनरुत्थान कसरी गर्ने त? (बहुउत्तर आउने) | १. आधारभुत (१-८) शिक्षाको जिम्मेवारी स्थानीय निकायलाई दिएर<br>२. नीजि विद्यालयलाई राष्ट्रियकरण<br>३. राजनीतिकरण बन्द गरेर<br>४. अन्य |

| | | |
|---|---|---|
| ४९ | सामुदायिक विद्यालयको वर्तमान अवस्था आउनमा कसको दोष देख्न हुन्छ ? (बहुउत्तर आउन सक्ने) | १. सरकारको २.सरोकारवालको<br>३. दातृराष्ट्रको ४. अन्य |
| ५० | सरकारको दोष मान्नु हुन्छ भने त्यसको हलको देख्नु भएको छ ? | १.निजिकरण बन्द गर्नुपर्ने<br>२.प्रयाप्त बजेट बिनियोजन गर्नुपर्ने<br>३.शिक्षाको मुलनीति बनाइनु पर्ने<br>४.शिक्षण पेशालाई मर्यादित र आकर्षण बनाउने<br>५.राजनीतिकरण मुक्त पारिनुपर्ने<br>६. अन्य |
| ५१. | सरोकारवालाको दोष छ भने उनीहरूले गर्नुपर्ने के हो ? | १.आफ्ना छोराछोरीलाई पनि सामु दायिक विद्यालयमा पढाउनुपर्ने<br>२.निरिक्षण, सुपरिवेक्षण, सम्पर्क, सल्लाह, निर्देशन गर्ने<br>३.सामुदायिक विद्यालय प्रतिके अपनत्व जीवन्त राख्ने<br>४. अन्य |
| ५२ | दातृराष्ट्र निकायको दोष भए कसरी मुक्त बनाउने त ? | १.सहयोग कसरी भित्राउने भन्ने भावना हटाएर<br>२.आफ्नो नीति र कार्यक्रम लागु गरेर<br>३.उनीहरूको निःस्वार्थ सहयोग लिएर<br>४.अन्य |